हाम्रो सस्कृति

हाम्रो संस्कृति

२०४०

लेखक

हरिराम जोशी

प्रथम संस्करण:– फागुन, २०३७
द्वितीय संस्करण:– चैत्र, २०४०

प्रकाशनसंख्या:– ५,००० प्रति

प्रकाशक :– श्री ५ को सरकार,
सञ्चार मन्त्रालय,
सूचना विभाग ।

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देव

दुई शब्द

श्री हरिराम जोशीद्वारा लिखित हिमवत्खण्डको संस्कृतिका विभिन्न पक्षहरूको खोजपूर्ण लेखको यो संकलन हामीले पाठक-वृन्द समक्ष प्रस्तुत गरेका छौं। प्रस्तुत पुस्तकमा उल्लेख गरिएका विषयगत धारणा र विचारधारा लेखकका निजी हुन् । निकै लामो समयदेखि ऐतिहासिक अन्वेषणमा संलग्न रहनु भएका लेखकको यस कृतिबाट नेपाली संस्कृतिका महत्त्वपूर्ण पक्षहरू-बारे पाठकहरूमा कौतुहल जगाउन सकोस् भन्ने हाम्रो कामना छ ।

चैत्र २०४०

श्री ५ को सरकार,
संचार मन्त्रालय,
सूचना बिभाग।

विषय-सूची

क्र.सं.	विषय	पेज
१	हाम्रो संस्कृति	१
२	पुराणकालको संस्कृति	३
३	श्री पशुपतिनाथ	८
४	श्री चांगुनारायण स्थान– एक अध्ययन	२३
५	बुढानीलकण्ठ (भुइजसी)– एक संक्षिप्त अध्ययन	२९
६	आकाशदीप– एक अध्ययन	३५
७	सीताका विविधरूप	३९
८	नागपूजा र नागपञ्चमी	४३
९	नेपालमा भागवत धर्मको परम्परा र ललितपुरस्थित श्रीकृष्ण मन्दिर	४७
१०	इन्द्रजात्रा औ त्यसको परम्परा	५४
११	नेपालका विभिन्न चाडपर्वमा एक दृष्टि	५८
१२	नेपालमा धार्मिक सहिष्णुता	६९
१३	ललितपुर स्थित मत्स्येन्द्रनाथ औ मत्स्येन्द्र यात्राको परम्परा	७४
१४	लुम्बिनी : भगवान् बुद्धको जन्मभूमि	८०
१५	नेपाली संस्कृतिको विशेषता	९१
१६	बोट वृक्षको महिमा	१०१
१७	नेपाली संस्कृतिमा पंचायत	१०५
१८	नेपालको संस्कृतिमा राजसत्ता	१०९
१९	उपसंहार	११७

हाम्रो संस्कृति

हाम्रो संस्कृति वैदिक-पौराणिक संस्कृतिद्वारा अनुप्राणित हुँदा यसलाई विश्वका सर्वप्राचीन संस्कृतिहरूमध्ये एकको रूपमा स्वीकार्न सकिन्छ । अथर्ववेद, अथर्व परिशिष्ट, कौटिल्य अर्थशास्त्र, अमरकोश, मूलसर्वास्तिवादविनय, वराहपुराण, स्कन्दपुराण, युआनच्वाङ्गको यात्रावृत्तान्त, कल्हणकृत राजतरङ्गिणी आदि-आदि ग्रन्थहरूमा नेपाल एवं नेपाली जातिको बारे उल्लेख पाइन्छ। अथर्ववेद काण्ड १ सूक्त ११ म. ४ मा 'नेव मांसे नपीवसी' वाक्यको प्रयोग गरिएको औ अथर्व परिशिष्ट, कूर्म विभागमा 'नेपालं कामरूपंच विदेहोदुम्बरं तथा तथावन्त्यः कैकयश्च उत्तरपूर्वे हते हन्यात् ।' भनी उल्लेख गरिएबाट स्पष्टरूपले उक्त तथ्यको पुष्टिमा सघाउ पुऱ्याएको छ। छैठौं शताब्दी ई. पू. मै नेपाल एक राष्ट्रको रूपमा रहेको कुरा नेपाली उद्योगका उत्पादित वस्तुहरू भारतका विभिन्न प्रदेशहरूमा खिष्टाब्दभन्दा पूर्व अर्थात् भगवान् बुद्धको समयदेखि नै निकासी हुने कुरा कौटिल्य अर्थशास्त्र तथा मूलसर्वास्तिवादविनय ग्रन्थमा वर्णित भएको पाइएबाट अनुमान गर्ने यथेष्ट आधार भेट्टिएको छ ।

पुरातात्विक आधारमा चौथो शताब्दी ई. देखि नेपाल एक राष्ट्रको रूपमा रहेको कुरा सुनिश्चित छ । समुद्रगुप्तको प्रयागस्तम्भलेखमा समतट, डवाक, कामरूप तथा कर्त्तृपुर आदि प्रत्यन्त राज्यहरूको क्रममा नेपालको पनि उल्लेख भएको पाइएबाट उक्त कुरोको पुष्टि हुन्छ । भट्टारक महाराज श्रीमानदेवको चाङ्गु विजयस्तम्भलेखबाट तत्समय नेपालको राज्यसीमा पूर्व सप्तकोशीदेखि पश्चिम सप्तगण्डकीसम्म फैलिएको कुरा जानिन्छ । नेपालमा प्राप्त अभिलेखहरूमा नेपाल नामको प्रयोग सर्वप्रथम सम्वत् ४३४ को टिस्टुङ्गको अभिलेखमा पाइएको छ । त्यस लेखमा उत्कीर्ण 'स्वस्ति नैपालेभ्यः' वाक्यले नेपाली जातीयतातिर इङ्गित गरेको स्पष्ट छ ।

मध्यकालीन नेपालको प्रारम्भिक समयका ग्रन्थ पुष्पिकाहरूमा नेपाल राष्ट्र भनी स्पष्टरूपले उल्लेख गरी तत्समय नेपाल एक राष्ट्रको रूपमा रहेको कुरालाई दर्शाइएको छ । ने. सं. १२८ मा लिखित अष्टसाहस्रिका प्रज्ञा-पारमिता तथा ने. सं. ५०६ को अमरकोश ग्रन्थका पुष्पिकाहरूलाई यहाँ उदाहरणको रूपमा लिइन्छ ।

उपर्युक्त विभिन्न आधारहरूबाट नेपालको उषाकालदेखि नै नेपाली संस्कृतिका रंगीविरंगी आभा फिंजिन लागेको जानिन्छ । देवी देवताहरूको पूजा आजा गरी भोज खाने चलन उत्तरप्राचीनकालमा रहेको कुरा तत्समयका अभिलेखहरूबाट जानिनुको साथै नेपालीहरू कुनै पनि कुरो खाँदा हातले खान्थे भन्ने कुरा चीनी सामग्रीहरूबाट विदित हुन आएको छ । देवताहरूको यात्रा गर्ने चलन पनि त्यस समय चलेको थियो । छत्र शैलीका प्रासादहरूको निर्माण नेपालमा सर्वप्रथम उत्तरप्राचीनकालमै भएको थियो । यी तथ्यहरूको प्राप्तिले नेपाली संस्कृतिका विविध पक्षको प्रारूप प्राचीनकालमै भएको कुरा सुनिश्चित छ । यसै तथ्यलाई दृष्टिगत गरी प्रस्तुत पुस्तकमा हाम्रो संस्कृतिका विभिन्न पक्षमाथि संक्षिप्त रूपले प्रकाश पार्ने प्रयास गरिनेछ । आशा छ, यसले नेपालीहरूमा आफ्नो संस्कृति-बारे केही मात्रामा भए पनि अनुराग जगाई स्वयं आफूलाई चिन्ने दिशामा तिनीहरूलाई अग्रसर गराउने छ । यसैलाई नै यो सानो पुस्तकले आफ्नो लक्ष्यको रूपमा लिएको छ ।

पुराणकालको संस्कृति

बौद्ध धर्मको उदय हुनुभन्दा पहिले नेपाल एवं भारतमा जुन धर्म एवं संस्कृतिको व्यापक प्रचार थियो त्यसलाई वैदिक धर्म तथा संस्कृति नामले पुकारिन्छ । बौद्ध धर्मको पराभवपछि वैदिक संस्कृतिको नवीनतम रूपलाई पौराणिक संस्कृति भनिन्छ । वैदिक एवं पौराणिक संस्कृतिको बीच जुन अन्तर पाइएको छ त्यो मुख्यतः दुई प्रकारको छ—सैद्धान्तिक श्रौ प्रयोगात्मक ।

वैदिककालमा मानिसहरू प्रकृतिको साहचर्यमा जीवन व्यतित गर्ने हुँदा तिनीहरूले मुख्यतः प्रकृतिका तात्विक देवताहरूकै प्रार्थनामा वैदिक ऋचाहरूको सिर्जना गरेका थिए । तत्समयका प्रमुख तात्विक देवताहरू हुन्—इन्द्र, वरूण, अग्नि, मरुत् आदि । यद्यपि पौराणिककालमा पनि ती देवताहरूको साथै उपनिषदिक परब्रह्म परमात्माको कल्पनालाई मान्यता प्रदान गरिए तापनि त्यस समय मानिसहरूले ती देवताहरूका प्रतिमाहरू निर्माण गर्नुको अतिरिक्त तिनै आदि शक्ति स्वरूप परब्रह्म परमात्मालाई तीन अपर व्यक्तिहरू यथा ब्रह्मा, विष्णु तथा महेश्वरको रूपमा कल्पना गरे । सर्वशक्तिमान परमेश्वरका जुन शक्तिद्वारा समस्त संसारको सिर्जनाको कल्पना गरियो त्यस शक्तिलाई ब्रह्माको रूपमा मान्यता प्रदान गरियो । परमेश्वरको जुन शक्तिद्वारा सृष्टिको पालन पोषण हुन्छ त्यसलाई विष्णु श्रौ सम्पूर्ण सृष्टिका संहारकारिणी शक्तिलाई शिव नामले संबोधन गरियो । यसरी पौराणिक संस्कृतिको एक प्रमुख विशेषता उक्त त्रिदेवको मान्यतालाई लिइन्छ ।

उपर्युक्त सैद्धान्तिक अन्तरको अतिरिक्त यहाँ प्रयोगात्मक अन्तरबारे पनि ध्यान दिनु आवश्यक छ । वैदिक संस्कृतिमा तात्विक देवताहरूको मान्यता प्रचलित रहेर पनि तिनीहरूको साकार कल्पना गरिएको थिएन ।

तर, पौराणिक संस्कृतिमा हामी ती देवताहरूको साकार कल्पना गरिन लागेको पाउँछौं । वैदिक युगमा अप्रचलित मूर्तिपूजाको प्रचलन यस समय व्यापक रूपले हुन लागेको थियो । ईशापूर्व द्वितीय शताब्दीमा रचित पतन्जलीकृत महाभाष्यमा देवताका प्रतिमाहरूको निर्माण वेचबिखनको लागि पनि गरिने कुराको उल्लेखले तत्समय मूर्तिपूजाले व्यापक प्रसार पाउन लागेको कुराको पत्तो हुन्छ । उपर्युक्त त्रिदेव तथा अन्य देवी देवताहरूका मूर्तिहरूको निर्माण गरिनुको साथै ती मूर्तिहरूको षोडशोपचार पूजनको पनि विधिवत् व्यवस्था गरिन लागेको थियो ।

पौराणिककालका मनीषिहरूले नवीन कुराको प्रतिपादन गर्दा वैदिक संस्कृतिको अन्तरात्मालाई कहिल्यै त्यागेनन् । वरन् वैदिक संस्कृतिकै छाहारीमा बसी तिनीहरूले त्यसमा परिवर्तन तथा परिवर्द्धन गरेका थिए । प्राचीन धर्म एवं संस्कृतिको परम्परालाई अंगिकृत नगरिएमा समाज तथा धार्मिक क्षेत्रमा भ्रष्टता उत्पन्न भई अन्ततः लोककै विनाश हुने कुरामा तिनीहरू विश्वस्त थिए । यसैले तिनीहरूले आफ्ना त्रिदेवहरूका नाम वैदिक तात्विक देवताहरूबाटै लिएका थिए । ऋग्वेदमा ब्रह्मणस्पतिका प्रार्थनाहरू छन् ।

उपनिषद्का प्रणेता ऋषिहरूले सर्वव्यापिका शक्तिको कल्पना गर्दा तिनीहरूले त्यस शक्तिको नाम ब्रह्मण राखे । जसलाई पौराणिक मनीषिहरूले सृष्टिकर्ताको रूपमा माने । ऋग्वेदमा सम्पूर्ण जड चेतन जगतको जीवनस्रोत तथा दातास्वरूप रहेको सूर्यलाई विष्णु भनिएको छ । यसर्थ जुन शक्तिको कल्पना पोषक रूपमा गरिएको छ त्यसको लागि विष्णु नाम नै सर्वाधिक उचित प्रतीत भयो । ऋग्वेदमा बादलहरूका गर्जनका देवता रुद्र थिए अौ संहारिका शक्तिको लागि आवश्यक भयानक नाम यसरी रुद्र नै राखिएको छ । एकपटक उपर्युक्त तात्विक देवताहरूको मूर्त रूपको कल्पना साकार भएपछि तिनका व्यक्तित्व र चरित्रको प्रस्फुटन हुनामा कुनै गाह्रो हुँदैन । यसरी पौराणिककालका यी त्रिदेव अर्थात् ब्रह्मा, विष्णु तथा महेश्वर पछि गएर हाम्रा राष्ट्रिय निधि हुन गए ।

उपर्युक्त त्रिदेवहरूको कल्पनाले मूर्तरूप लिएपछि ती देवताहरूलाई प्रेरणा दिने शक्तिहरू अर्थात् तीन देवीहरूको पनि कल्पना गरिन लागेको थियो। ब्रह्माकी पत्नीको रूपमा सरस्वतीको कल्पना गरियो। ऋग्वेदमा ब्रह्मा प्रार्थनाहरूका देवता थिए औ प्रार्थनाको लागि वाणीको आवश्यकता हुन्छ। यसरी सरस्वतीलाई काव्य अथवा वाणीकी देवी गराइयो। विष्णु पोषणका देवता हुँदा अन्नकी देवी लक्ष्मी तिनकी शक्तिको रूपमा कल्पना गरियो। रुद्रकी शक्तिको रूपमा केनोपनिषद्की रहस्यमय देवी हैमवती उमा, जसले इन्द्रलाई ब्रह्मज्ञानको उपदेश गरेकी थिइन्, को कल्पना गरियो। शतपथ ब्राह्मणमा अम्बिका रुद्रकी बहिनी छिन्। मुण्डकोपनिषद्मा काली, कराली आदि अग्निस्वरूप रुद्रका सप्त जिह्वाका नाम वर्णित छन्। यी सम्पूर्ण सामग्रीहरूको आधारमा पौराणिक कालमा उमा, अम्बिका, दुर्गा, काली तथा कराली आदिलाई महादेवका शक्तिस्वरूप कल्पना गरियो। त्रिदेवहरूका प्रेरक शक्तिहरूको रूपमा तिनकी पत्नीहरूको कल्पनामा साँचो मानेमा पुरुष, प्रकृतिको एकात्म्यको प्रतीक अर्द्धनारीश्वरको भावना सन्निहित भएको देखिन्छ। पुरुष-प्रकृतिको सम्मिलन विना पूर्णता नहुने कुरा शिवको प्रतीक पूजामा स्पष्टरूपले देखिन्छ। लिंग शिव-पुरुष एवं जलहरी योनी प्रकृतिको रूपमा लिइन्छ। मत्स्य पुराणमा शिव-पार्वतीको अर्द्धनारीश्वर रूपको वर्णन पाइन्छ।

पौराणिककालमा आई हिन्दुहरूका त्रिदेवमध्येका भगवान् श्री विष्णुका विभिन्न अवतारहरूको व्यापक प्रचार हुन लागेको थियो। दशरथ पुत्र श्री राम, देवकी पुत्र श्री कृष्ण आदि भगवान विष्णुका अवतारको रूपमा लिइन लागे। श्री कृष्णबारे पुराणहरूमा अनेकौं उपाख्यानहरू वर्णित छन्। दाशरथी रामको उपाख्यानमा तत्कालीन जनमानसमा व्याप्त मर्यादापालन, शील, त्याग, तपस्या आदि प्रतिको अनुरागको झझल्को भेटिन्छ। प्राचीन आचार्यहरूले हाम्रो संस्कृतिलाई जुन त्याग, तप एवं साधनाको त्रिवेणीस्वरूप मानेका छन्, श्री रामको चरित्रमा त्यसको चरितार्थता स्पष्टिन्छ। श्री रामको जीवन स्वको लागि नभई सदा सर्वदा

परको लागि सर्मपित देखिन्छ । त्यस्तै श्री कृष्णको उपाख्यानमा श्री कृष्णः काम वासनाले रहित प्रेमको प्रतिमूर्ति रही कामविजयी योगीराज भएको पाइन्छ । भगवद्गीतामा श्री कृष्णद्वारा प्रदत्त निष्काम कर्मको उपदेशमा देश एवं दुनियाँको भलाई पावनतम उद्देश्यले प्रेरित निष्काम कर्ममै निहित रहेको प्रष्टिन्छ ।

पौराणिककालमा विष्णुको साथ साथै शिवको प्रतिष्ठामा पनि उत्तरोत्तर बृद्धि भएको थियो । यस कालका मनीषिहरूले अनेकौं शिव स्तोत्रहरूको रचनाद्वारा शिवको प्रतिष्ठाको अभिवृद्धिमा महत्वपूर्ण योगदान पुऱ्याए । पुराणहरूमा शिवकी पत्नीको सम्वन्धमा पनि अनेकौं गाथाहरू वर्णित छन् । पर्वतजा पार्वतीले पतिको रूपमा शिवलाई प्राप्त गर्नुको लागि गरेको असीधारा व्रतको उपाख्यान पौराणिककालका मनीषि-हरूको सुन्दरतम् कल्पना मानिन्छ । यस उपाख्यानमा महान् कुरोको प्राप्तिको लागि महानतम् कुरोको त्याग गर्नुपर्ने तत्कालीन मान्यताको सुन्दरतम् खाका प्रकटित हुन्छ । जुन तत्कालीन संस्कृतिको खास विशेषता-स्वरूप छ ।

वैदिक कालमा पुनर्जन्मको सिद्धान्त विकसित भएको थियो । मनुष्य आफ्नो कर्मफल अनुसार पुनः पुनः पृथ्वीमा जन्म लिन्छन् भन्ने कुरामा तिनीहरू विश्वस्त थिए । पवित्र विचार, ज्ञान, पुण्य तथा सत्कार्य एवं सबै सांसारिक भावनाहरू र वासनाहरूद्वारा मुक्ति भएको अनन्तर मात्र आत्मा यस सांसारिक बन्धनबाट मुक्त भई परमात्मामा लीन हुन सक्तछ । आत्माको परमात्मामा लीन हुनु नै परम मोक्ष मानिन्छ । उपर्युक्त वैदिक आदर्शको अनुशीलन पौराणिककालमा पनि भएको छ । सांसारिक वासना-हरू तथा कामनाहरूबाट मुक्त भई परमात्मामा लीन हुनु नै मोक्ष हुनु हो श्रौ यसरी पुनर्जन्मबाट छुटकारा प्राप्त हुन्छ ।

उपर्युक्त सबै आधारहरूबाट वैदिक एवं पौराणिक संस्कृति बीचको अन्तर स्पष्टिनुको साथै पौराणिक संस्कृतिमा प्रकृतिका निराकार देवता-हरूका मात्र पूजन नभई ती देवताहरूको साकार रूपको कल्पना प्रस्फुटित

भएको कुराको पत्तो हुन्छ । अर्को, यस समय निष्काम कर्ममा खास जोड दिइन लागेको थियो । सत्य एवं प्रेम यथार्थतः कामनारहित रहेको छ । काम वासनाले लिप्त प्रेम सच्चा प्रेम कदापि हुन सक्तैन । भगवान् श्री महादेव र श्री कृष्ण काम विजयी भई योगीराजको रूपमा चित्रित हुनुमा पौराणिक संस्कृतिको एक सुन्दर खाका प्रस्तुत भएको छ भन्दा अतिशयोक्ति होवइन ।

श्री पशुपतिनाथ

भगवान् श्री पशुपतिनाथ नेपालका अधिष्ठातृ देवता मानिन्छन् । नेपालका अनेकौं देवताहरूमा यिनको विशिष्ट स्थान रहेको छ । यसैले यो देवताको यथार्थस्वरूप थाहा लिनु अत्यावश्यक भएको छ ।

शिवका सहस्रनाममध्ये पशुपति पनि एक रहेको छ । पशुपति शब्दले पशुहरूका रक्षक भन्ने कुरालाई अर्थ्याउँछ । यसै तथ्यको प्रतीकस्वरूप सैन्धव उत्खनन्मा प्राप्त एक मुहर (Seal) मा उत्कीर्ण देवताको चित्रको वरिपरि वाघ, हात्ती, गैंडा, भैंसी तथा हरिणका आकृतिहरू चित्रित छन् जसले शिवको सर्वप्राचीन पशुपति स्वरूपतिर इंगित गर्दछ । पुरातात्विक आधारमा शिवको पशुपति स्वरूपको प्राचीनतम उदाहरण प्रथम शताव्दी ई. का कुशान सम्राट् कनिष्क प्रथमका मुद्रामा भेट्टिन्छ । कनिष्कको मुद्रामा शिवसंगै एक हरिणको आकृति पनि उत्कीर्ण छ जुन शिवको पशुपति भएको कुराको संकेत स्वरूप छ ।

सैन्धव सभ्यताको बाद वैदिक समय शिवको प्रचलित नाम रुद्र रहेको छ जसलाई पशुपति पनि भनिन्छ ।

"नमः शंगवे च पशुपतये च नम उग्राय च भीमाय च ।"

—यजुर्वेद १३.४०

तर, साँच्चै भन्ने हो भने सम्पूर्ण देवताहरूको शृंखलामा शिव पशुपति नै एक यस्तो देवता हो जो विपरित गुणहरूले युक्त छन् । ऋग्वेदमा रुद्र पशुहरूका रक्षक एवं हन्ता दुवै रूपमा वर्णित छन् । ऋग्वेदमा रुद्रका आयुधहरूका वर्णन छन् जसले उनी पशुहरूलाई मार्दछन् । ऋग्वेद १।११४।१ मा रुद्रसित तिनका ती आयुधहरूबाट दोपाया तथा चौपाया प्राणीहरूको संहार नगरियून् भनी प्रार्थना गरिएको छ ।

"इमा रुद्राय तवसे कपर्दिने क्षयद्वीराय प्रभरामहे मतीः ।

यथा शम् असद् द्विपदे चतुष्पदे,विश्वं पुष्टं ग्रामे अस्मिन्ननातुरम्।"

–ऋ. १.११४.१

तर, यसको अनन्तर ऋग्वेदमा रुद्रलाई पशुहरूका रक्षक अर्थात् पशुपा भनी सम्वोधन गरिएको छ।

"उप ते स्तोमान् पशुपा इवाकरं, रास्वा पितर् मरुतां सुम्नम् अस्मे ।
भद्रा हिते सुमतिर्मृलयत्तमाथा वयं अव इत्ते वृणीमहे ॥"

–ऋ. १.११४.९

रुद्रलाई खुला क्षेत्रहरूका मालिक भनिएको छ जसको कारण तिनलाई ती क्षेत्रहरूमा विचरण गर्ने पशुहरूका रक्षक भनिन्छ। यसरी शिवको पशुपति नामले खास विशेषता राखेको कुरा स्पष्टरूपले प्रदर्शित हुन्छ। अथर्ववेद ११।२।१ मा पशुपतिसित पशुवृद्धिको प्रार्थना गरिएको छ।

"भवाशर्वौ मृडतं माभि यातं भूतपती पशुपती नमोवाम् ॥
प्रतिहितामायतां मावि स्राष्टं मा नो हिंसिष्टं द्विपदो मा चतुष्पदः॥"

–अ. ११.२.१

गो, अश्व, मनुष्य, वोका एवं भेंडा यी पाँच पशुहरूलाई शिव पशुपतिका सम्पत्तिको रूपमा लिइन्छ।

"चतुर्नमो अष्टकृत्वो भवाय दशकृत्वः पशुपते नमस्ते ।
तवेमे पञ्च पशवो विभक्ता गावो अश्वा पुरुषा अजावयः॥"

–अ. ११.२.९

फेरि, अथर्ववेदमा भिन्न-भिन्न दिशाहरूका अधिपतिस्वरूप सप्तरुद्रका नाम पनि दिइएको छ, जसमध्ये पश्चिम लोकका अधिपतिको रूपमा पशुपतिको नाम वर्णित छ। पछि गएर पशुपति रुद्रका दश गणको चर्चा गरिन लागेको थियो जो पछि दश रुद्रको नामले प्रख्यात भए। काठमाडौं नक्साल ज्ञानेश्वर भेकमा प्रतिष्ठापित हाल नेपाल म्यूजियममा राखिएको पंचमुख नृत्यमा रत शिव मूर्तिको तलतिर तिनका दश गणहरूका आकृतिहरू पनि कुँदिएका छन् जसले शिवका उपर्युक्त दश गणको पुरातात्विक आधार प्रस्तुत गर्दछ।

यजुर्वेदमा रूद्र-पशुपतिको वारे राम्रो वर्णन पाइन्छ। यजुर्वेद तैत्तिरीय

संहिता १,८,६ मा मनुष्य औ पशुहरूको लागि उनीसित स्वास्थ्यप्रद भेषज प्रदान गरियून् भनी प्रार्थना गरिएको छ । रुद्र–शिवको पशुपति रूपमा स्पष्ट वर्णन यजुर्वेदमा पाइन्छ ।

"नमः शङ्गाय च पशुपतये च नम उग्राय च भीमाय च नमोऽग्रेवधाय च दूरेवधाय च नमो हन्त्रे च हनीयसे च नमो वृक्षेभ्यो हरिकेशेभ्यो नमस्तराय ।"

—यजुर्वेद शतरूद्रिय सूक्त

यजुर्वेदमा रुद्रका दुइओटा यस्ता सूक्तहरूको वर्णन पाइन्छ जसमा हामी रुद्रको एक नयाँ स्वरूप पाउँछौं। ती दुई सूक्त हुन्–त्र्यम्बक होम औ शतरूद्रिय। त्र्यम्बक होममा रुद्रका पशुपति औ भिषक रूपको साथै तिनका एक स्त्री देवताको पनि वर्णन गरिएको छ। जसको नाम हो अम्बिका औ जसलाई रुद्रकी बहिनीको रूपमा उल्लेख गरिएको छ । यहाँ रुद्रलाई कृत्तिवासा भनिनुको साथै मुसालाई तिनका विशेष वाहनको रूपमा चर्चा गरिएको छ ।

"पशूनां शर्मासि शर्म यजमानस्य शर्म मे यच्छक एव रुद्रो न द्वितीयाय तस्थ ।आरवुस्ते रुद्र पशुस्तं जुषस्वैष ते रुद्र भागः सह स्वस्रा अम्बिकया तं जुषस्व । भेषजं गवेऽश्वाय पुरुषाय भेषजम् अथो अस्मभ्यं भेषजं सुभेषजं यथाऽसति । सुगं मेषाय मेष्या । अवाम्ब रुद्रं अदि मह्यव देवं त्र्यम्बकम् इति । त्र्यम्बकं यजामहे सुगन्धिं पुष्टिवर्धनम् । उर्वारुक-मिव बन्धनान्मृत्योर्मुक्षीय माऽमृतात् इति । एष ते रुद्र भागस्तं जुषस्व तेनावसेन परो मूजवतीऽति। अवतद् धन्वा पिनाकहस्तः कृत्तिवासाः ......।"

—यजुर्वेद, तैत्तिरीय संहिता १,८,६

शतरूद्रियमा रुद्रको पशुपति स्वरूपको स्पष्ट वर्णन पाइन्छ । फेरि, यस स्तोत्रमा रुद्रलाई पहिलोपटक शिव, शिवतर, शंकर आदि भनिएको छ । रुद्र पशुपतिका नीलग्रीव, गिरिशंत, गिरिश, क्षेत्रपति, वणिक आदि नामको पनि यहाँ उल्लेख गरिएको छ । यस सूक्तमा ठूला-ठूला उपाधिहरू साथ

रुद्रका महात्म्य गाइनुको साथै तिनलाई स्तेनानां पति (चोरका अधिराज), वंचक (ठग), स्तायूनां पति (ठगका सरदार) तथा तस्कराणां पति आदि भनेर पनि वर्णन गरिएको छ । रुद्र पशुपतिका नाममा प्रयुक्त उपर्युक्त उपाधिहरूवाट रुद्र–पशुपति असल, खराव, देव, दानव आदि संपूर्ण प्राणीका पूज्य लोकप्रिय देवता भएको कुराको पत्तो हुन्छ ।

ब्राह्मण ग्रन्थहरूमा पनि शिवका पशुहरूका रक्षक एवं हन्ता दुवै स्वरूप वर्णित छन् । शतपथ ब्राह्मणमा रुद्रलाई पशुपति भनिनुको अतिरिक्त तिनको नियन्त्रण एवं संरक्षणमा पशुहरूलाई राखिएको छ ।

"अथ रूद्राय पशुपतये रौद्रं गवेधुकं चरुं निर्वपति । तदेनं रुद्र एव पशुपतिः पशुभ्यः सुवत्यथ यद् गेवधुको भवति वास्तव्यो वा एष देवो वास्तव्या गवेधुकास्तस्माद् गावेधुको भवति ।"

—शतपथ ब्राह्मण ५.३.३.७

ताण्डच अथवा पंचविंश ब्राह्मणमा रुद्र पशुहन्ताको रूपमा वर्णित छ ।

"देवा वै पशून् व्यभजन्त ते रुद्रमन्तरायन्स्तान् वामदेवस्य स्तोत्र उपेक्षते.....यन्निराह रुद्राय पशूनमि दधाति रुद्रस्तां समां पशून् धातुको भवन्ति ।"

—ताण्डच अथवा पञ्चविंश ब्राह्मण ७.९.१६–१८

कौशीतकि ब्राह्मणमा स्पष्ट रूपले पशुहरू रुद्रको सम्पर्कमा नजाऊन् भनी उल्लेख गरिएको छ ।

"नेद रुद्रेण यजमानस्य पशून् प्रवृहाजनीति स्वाहा....."

—कौशीतकी ब्राह्मण ३.४

मानव गृह्य सूत्रमा रुद्रको लागि गरिने शूलगव होमको वर्णन गरिएको छ जसमा तिनलाई प्रशन्न पार्नुको लागि पशुवलि दिइन्थ्यो । वसन्त या हेमन्त ऋतुको शुक्ल पक्षमा त्यो होम गरिन्छ । त्यस होममा रुद्रलाई पशुबलि दिइन्छ । बन्ध्य पशुका रगतले आठओटा साना-साना पात्रहरू भर्दथे । फेरि, रगतलाई आठदिशाहरूमा छर्किदिन्थे । यसको अनन्तर बन्ध्य पशुको छाला काढेर तिनका मुटु आदि भित्री अंगहरूलाई झिकी रुद्रलाई चढाउँदथे ।

"रौद्रः शरदि शूलगवः । प्रागुदीच्यां दिशि ग्रामस्यासकाशे निशि गवां मध्ये तष्टो यूपः । प्राक् स्विष्टिकृतोऽष्टौ शोणितपूतान् पूरयित्वा नमस्ते रुद्र मन्यव इति प्रभृतिभिरष्टाभिरनुवाकैर्दिक्ष्वन्तर्दिक्षु चोपहरेत् । नाशृतं ग्राममाहरेत् । शेषं भूमौ निखनेद् अपि चर्म ।"

–२.५

"फाल्गुन्यां पौर्णमास्यां पुरस्ताद् धानपूपाभ्यां भगं चार्यमनन्च यजेत् इन्द्राण्या हविष्यान् पिष्ट्वा पिष्टानि समुत्पूय यावन्ति पशुजातानि तावता मिथुनान् प्रतिरूपान् श्रपयित्वाकांस्येऽध्याज्यान् कृत्वा तेनैव रुद्राय स्वाहेति जुहोति । ईशानायेत्येके ।"

–२.१०

–मानव गृह्यसूत्र

उपर्युक्त शूलगव होमको वारे मानव गृह्यसूत्रको अतिरिक्त अन्य सूत्रग्रन्थ-हरूमा पनि वर्णन गरिएका छन् । शांखायन श्रौतसूत्र, आश्वलायन गृह्यसूत्र तथा वोधायन गृह्यसूत्रहरूमा उक्त होमवारे वर्णन पाइन्छ । यसरी सूत्रकालमा त्यस होमको व्यापक प्रचार भएको कुरा चाल पाइन्छ जुन परम्परा पछि गएर मेटिंदै गयो । तर, श्री पशुपतिनाथमा अप्रत्यक्ष रूपले पशुवलि दिइने परम्परा अद्यापि चल्दै आइरहेको छ जसको मुख्य कारण तान्त्रिक वाम सम्प्रदायको प्रभाव थियो । कारणपूजा तान्त्रिक धर्मका दुई मुख्य सम्प्रदाय-वाम एवं दक्षिणमध्ये मद्य, मांस, मत्स्य, मुद्रा र मैथुन नामक पञ्च मकारको सामग्रीले पूजा गरिने पूजाको नाम रहेको छ । यसै पद्धति अनुसार प्रत्येक महीनाको पूर्णिमामा पशुपति मन्दिरको दायाँस्थित कीर्तिमुख भैरव र उन्मत्त भैरवमा पूजा गरिन्छ । कीर्तिमुख भैरवमा भोग दिंदा सो भैरव देखिनै पंचसूत्र (पसूका) बाँधेर श्री पशुपतिनाथको दक्षिण मुखसम्मन् पुऱ्याइन्छ । यसरी कारणपूजा विधि श्री पशुपतिनाथमा अद्यापि गरिने चलनले त्यहाँ पशुवलि दिइने परम्परातिर अवश्य इंगित गरेको छ ।

श्वेताश्वतरोपनिषद्लाई पाशुपत मतको उपनिषद् मानिन्छ । यस उपनिषद्मा रुद्रको ज्ञानको लागि पाशुपत व्रत धारण गर्नुपर्ने कुरा वर्णित

छ। त्यस व्रतमा लोभ एवं क्रोधको त्यागको साथै क्षमाको अनुभव साथ ॐ को जप गरिनु पर्दछ। पाशुपत व्रतको अन्तर्गत पशुपति रुद्र-शिवका भक्तहरूका लागि मन्त्रजपको पश्चात् भस्म लगाउने विधान छ जसलाई पशुपाश विमोक्षण अर्थात् आत्मालाई बन्धनबाट छुट्कारा दिने भनिएको छ । यस उपनिषद्मा सर्वप्रथम पशु शब्दको प्रयोग आत्माको अर्थमा तथा पाश शब्दको प्रयोग बन्धनको अर्थमा भएको छ ।

जाबाल्युपनिषद्, नटराज सहस्रनामभाष्यको टीका तथा स्कन्दपुराणमा पशु शब्दले जीवलाई बुझाएको छ ।

"पशुपतिरहंकाराविष्टः संसारी जीवः स एव पशुः । सर्वज्ञः पंचकृत्य-सम्पन्नः सर्वेश्वर ईशः पशुपतिः । के पशव इति पुनः स तमुवाच । जीवाः पशव उक्ताः । तत्पतित्वात्पशुपतिः स पुनस्तं होवाच कथं जीवा पशव इति । कथं तत्पतिरिति । स तमुवाच यथा तृणाशिनो विवेकहीनाः परप्रेष्याः कृष्यादिकर्मसु नियुक्ताः सकलदुःखसहाः स्वस्वामिवध्यमाना गवादयः पशव यथा तत्स्वामिन इव सर्वज्ञ ईशः पशुपति : ।"

—जाबाल्युपनिषद्

"येषामीशे पशुपतिः पशूनां चतुष्पदामुत द्विपदामिति ।"

—नटराजसहस्रनाम भाष्यको टीका

"स्थितोऽहं पशुरूपेण श्लेष्मान्तकवने यतः । अतः पशुपतिर्लोके मम नाम भविष्यति ॥"

—स्कन्दपुराणान्तर्गत नेपाल महात्म्य १।२६

तर, वराहपुराणमा त्यसको अर्थ विद्याको रूपमा लिइएको छ ।

"अहं च सर्वविद्यानां पतिराद्यः सनातनः । अहं वै पतिभावेन पशुमध्ये व्यवस्थितः ॥ अतः पशुपतिर्नाम त्वं लोके ख्यातिमेष्यसि ।"

—वराहपुराण

यसरी पशुपतिले विद्यापति भन्ने कुरा पनि बुझिन्छ । भगवान् शिवलाई सम्पूर्ण संस्कृत व्याकरणका आधारस्वरूप रहेको माहेश्वर सूत्रका रचयिता

मानेबाट तिनीबाटै मनुष्यलाई वाक्शक्ति प्राप्त भएको कुरा प्रकटित हुन्छ। पाणिनिको अष्टाध्यायीमा वर्णित माहेश्वरसूत्र यस प्रकार छन्–

"अ इ उ (ण्), ऋ लृ (क्), ऐ ओ (ङ), ऐ औ (च्), ह य व र (ट्),
ल (ण्), य म ग ण न (म्), झ भ (ञ्), घ ढ ध (ष्), ज व ग ड द (श्),
ख फ छ ठ थ च ट त (व्), क प (य्), श ष स (र्), ह (ल्) ।"

फेरि, विद्याकी देवी सरस्वतीलाई शैव पंचायतन देवताहरूमध्ये एक मानेबाट पनि उक्त कुराको समर्थन हुन्छ।

"गोरक्षकं भैरवमान्जनेयं सरस्वतीं सिद्धि विनायकन्च ।
चकार पंचायतनान्तराले वालेन्द्र मौलिस्थिति मानसो यः ॥'

–सिन्त्रा प्रशस्ति, १२८७ ई.

यस कुरोको प्रमाणीकरणमा कीर्तिपुरस्थित उमा महेश्वर मन्दिरको सरस्वती मूर्ति पनि सहायकस्वरूप छ भन्ने लाग्दछ। त्यस मूर्तिको अध्ययनमा विद्याकी देवी सरस्वती नृत्येश्वर शिवका शक्तिको रूपमा रहेको कुरा स्पष्ट छ। यसको अतिरिक्त अनुमानित दशौं शताव्दी ई० का वीणाधारी शिवसहित सप्त मातृकाको मूर्ति इलाहावादमा पाइएकोछ जसले पनि शिवको विद्यापति नाम सार्थक नै लाग्दछ।

महाभारत कर्णपर्वमा पाशुपत व्रतको पालन गरिएमा मोक्ष प्राप्त हुने कुरा वर्णित छ।

"यो वः पशुपतेश्चर्यां चरिष्यति स मोक्ष्यते ।
पशुत्वाद् इति सत्यं वः प्रतिजाने समागमे ।"

महाभारत कर्णपर्व अध्याय २५ श्लोक २४

द्रोणपर्वमा शिवलाई पशुपति भनिएको छ।

नमो भवाय शर्वाय रुद्राय वरदाय च ।
पशूनां पतये नित्यमुग्राय च कपर्दिने ॥"

–महाभारत द्रोणपर्व अध्याय ७४ श्लोक ५२

महाभारतकै वनपर्वमा अर्जुनले भगवान् शिव पशुपतिबाट पाशुपत अस्त्र प्राप्त गरेको कुरा वर्णित छ।

"यदा द्रक्ष्यसि भूतेशं त्र्यक्षं शूलधरं शिवम् ।
तदा दातासि ते तात दिव्यान्यस्त्राणि सर्वतः ।"

—महाभारत वनपर्व अध्याय ३३ श्लोक ८७

शैव दर्शनमा पाशुपत सम्प्रदायको त्यही स्थान छ जुन स्थान पांचरात्रको वैष्णव धर्ममा छ । वैष्णव धर्मको जस्तै शैव पाशुपत धर्मको यहाँ ज्यादै ठूलो प्रभाव रहेको छ । नेपाल एवं भारतका प्राचीन मुद्रा एवं मूर्तिहरूको अध्ययनमा उक्त तथ्यको स्पष्ट अवलोकन हुन्छ । वैशेषिक सूत्रहरूका भाष्यकार प्रशस्तपादले भाष्यको अन्तमा सूत्रकार कणादको वन्दना गरेको छ जसमा यस कुरालाई स्पष्टरूपले दर्शाइएको छ कि कणादले शैव एवं पाशुपत दुवै सम्प्रदायबाट मान्यता मिलेको योग र आचारद्वारा महेश्वरलाई प्रशन्न पारी वैशेषिक शास्त्रको रचना गरेका थिए । षडदर्शन समुच्चयका टीकाकार गुणरत्नले वैशेषिक दर्शनलाई पाशुपत भनेको छ । चीनी यात्री युआन च्वांगले बाह्र हजार पाशुपतहरूको उल्लेख गरेको छ । तिनको यात्रा वर्णन अनुसार तिनको समय काशींमा महेश्वरको आराधना गर्दै आफ्ना शरीरमा भस्म लगाई नाङ्गा भई बस्ने पाशुपत मतावलम्वीहरूको ठूलो संख्या विद्यमान थियो। यहाँ यस कुरालाई उल्लेख गर्दा कुनै अत्युक्ति हुँदैन कि सातौं शताव्दी ई. को नेपालमा त्यस प्रकारका पाशुपतमतावलम्वीहरूको अस्तित्व रहेको थियो । तत्कालीन अभिलेखहरूमा मुण्डश्रृंखलिक, श्रृंखलिक, वश आदि पाशुपतहरूको उल्लेख पाइनुको अतिरिक्त तत्समयका केही इलाकाहरूको शासन नै वश पाशुपतहरूको हातमा भएको कुरा संवत् ११९ को लगन विष्णु मन्दिरको अभिलेखद्वारा विदित भएवाट उक्त तथ्यतिर स्पष्ट इंगित हुन्छ ।

नेपालमा पाशुपत शैव सम्प्रदायको प्राचीनकालदेखि नै ज्यादै ठूलो प्रभाव रहेको कुरा वंशावली तथा पुरातात्विक आधारवाट स्पष्टरूपले अवलोकन हुन्छ । नेपालको सर्वप्राचीन गोपालवंशावली अनुसार अनुमानतः दशौं शताव्दी ई. पू. को समय वाग्मतीको तीरमा भूमि खन्दा पशुपतिनाथ प्रकट भएको कुरा वर्णित छ । सोही वंशावलीले लिच्छवि राजा सुपुष्पदेव-

ले भगवान् पशुपतिनाथको मन्दिर निर्माण गरेको श्रौ राजा श्री भास्कर-देवले त्यस क्षेत्रको कांची नाम राखेको कुरा उल्लेखेको छ । केसर पुस्तकालयमा संगृहित अनुमानित १४ श्रौं, १५ श्रौं शताव्दी ई. मा लिखित वंशावली अनुसार राजा श्री राघवदेवले श्री पशुपतिनाथको नाममा पशुपति भट्टारक सम्वत्सर चलाएको थियो । सम्वत् ४५५ को पशुपति भस्मेश्वरको अभिलेखमा पशुपति क्षेत्र भनी उल्लेख गरिएको देखिएवाट कमसेकम पाँचौं शताव्दी ई. देखि नै नेपालमा पशुपति शिव एक सुप्रसिद्ध देवताको रूपमा आसीन भइसकेको कुरा स्पष्टिन्छ । संवत् ३२ को हाडिगाउँको अभिलेखमा देवताहरूको लागि रकम निश्चित गर्ने क्रममा श्री पशुपतिनाथ र दोलाशिखरस्वामी (विष्णु) लाई सबैभन्दा वढी रकमहरू निश्चित गरिएका छन् । यसले उत्तरप्राचीनकालदेखि नै पशुपति शिव नेपालका सर्वमान्य आराध्य देवताको रूपमा भएको कुरा सिद्ध हुन्छ । महाराजाधिराज श्री श्रंशुवर्माले पशुपतिभट्टारकपादानुध्यातो भनी आफ्नो प्रशस्तिस्वरूप-उत्कीर्ण गराएदेखि नेपालका राजाहरूको प्रशस्तिमा श्री पशुपतिनाथ विशेषत: देखिन लागेवाट उत्तरप्राचीनकालदेखि नै शैव पाशुपत धर्म नेपालको अघोषित राजधर्म मानिन लागेको देखिन्छ ।

उत्तरप्राचीनकालीन नेपालमा प्रचलित विभिन्न प्रकारका मुद्राहरूमा पशुपति अभिलेख श्रंकित एक प्रकारको मुद्रा पनि रहेको छ । तत्कालीन मुद्राहरूमा सर्वाधिक रूपले सोही मुद्रा प्रचलन रहेको देखिन्छ । यस मुद्राको अध्ययनमा तत्समय अद्वैतवादी दर्शनको व्याप्ति प्रचार भएको देखिन्छ पशुपति अभिलेख श्रंकित एउटै मुद्रामा सूर्य, चन्द्र, अग्नि आदि विभिन्न। देवता एवं तिनका आभरणका आकृतिहरू उत्कीर्ण गरी पशुपति शिवमैं अन्य सबै देवताहरूको एकत्व दर्शाउँदै देवताहरूको अनेकतामा एकता देखाउने प्रयास गरिएकोलाई यहाँ उदाहरणको रूपमा लिन सकिन्छ । यस दृष्टिले पशुपति मुद्रा खास विशेषतायुक्त मानिनुको साथै श्री पशुपतिनाथ उत्तरप्राचीनकालीन नेपालमा सर्वप्रसिद्ध आराध्य देवता भएको कुरा प्रमाणित हुन्छ । फेरि, अन्तिम उत्तरप्राचीनकालतिरको शिव-शक्ति

सम्मिलित अर्द्धनारीश्वरको मूर्तिवाट ब्रह्मा र विष्णुको उद्भव देखाइएको एक मूर्ति पाइएवाट तत्समय यहाँ पशुपति शिवको महानता स्थापित भएको कुराको समर्थन हुन्छ । सम्वत् ४२७ तथा ४९२ का पशुपति सूर्यघाट श्रौ ल. पु. मङ्गलवजारको अभिलेखमा पशुपति शिव त्रिविधकर्ताको रुपमा वर्णित छन् । सम्वत् १५९ को पशुपतिको अभिलेखमा पशुपति शिवलाई अष्टतनु भएको भनी स्वीकार्दै सृष्टि, स्थिति तथा क्षयका कारणस्वरुप मानिएर तिनी देवताहरुमा सवैभन्दा ठूला भनी चित्रित गरिएको छ । सम्वत् १२९ को वलम्वुको अभिलेखमा श्री पशुपतिनाथलाई छत्र चढा त्यसको उपलक्ष्यमा यात्रा गर्ने परम्परा चलाएको कुरा वर्णित छ । यी सवै आधारहरुवाट पुरातात्विक नेपालको प्रारम्भिककालदेखि नै श्री पशुपतिनाथ नेपालको सर्वपूज्य आराध्य देवता भएको कुरा सिद्ध हुन्छ ।

अव यहाँ पशुपति एवं तिनको क्रियाकलापवारे उल्लेख गर्ने प्रयास गरिने छ । प्रारम्भमा पशुहरुका स्वामी भएको हुँदा शिवलाई पशुपति भनिएको थियो । तर, पछि गएर पशुपति भिन्नै अर्थको द्योतकस्वरुप मानिन लागेको थियो । शैव दर्शन अनुसार पशुपतिको अर्थ आत्माहरुका अधिपति परब्रह्म परमात्मा स्वरुप रहेको छ । पाशुपत सम्प्रदायका प्रवर्तक लकुलिनलाई श्री पशुपतिनाथको अवतार मानिन्छ । नेपालका अभिलेखहरूमा सर्वप्रथम सम्वत् ५१२ को अभिलेखमा लकुलको उल्लेख आएको छ। शांकर भाष्य अनुसार श्री पशुपतिनाथ स्वयंले नै पाशुपत सम्प्रदायको कार्य, कारण,योग, विधि, दुःखान्त आदि पाँच सिद्धान्तको प्रतिपादन गरेका थिए ।

पाशुपत सम्प्रदायमा कार्यलाई स्वतन्त्र मानेको छैन । विद्या, अविद्या श्रौ पशु गरी कार्य जम्मा तीन प्रकारका छन् । विद्या पशुका गुण हुन् श्रौ त्यो दुई प्रकारको छ–१ वोध स्वभावा, २ अवोध स्वभावा । वोध स्वभावा विद्या दुई किसिमका छन्–१ व्यक्त २. अव्यक्त। धर्म, अधर्म गरी अवोध स्वभावा विद्याका पनि दुई रुप छन् । धर्म श्रौ अधर्मकै लागि पशु अर्थात् जीव सदा प्रयत्नशील रहन्छ । अवोध स्वभावा विद्या ती नियमहरूलाई निर्धारित गर्दछ जसको परिपालन कुनै पनि जीवद्वारा गरिनु अत्यावश्यक

छ। कला र चेतन पशुका अधीन छन् औ तिनीहरू अचेतन छन्। पशु पनि दुई किसिमका छन्–१ मलयुक्त, २ निर्मल। मलयुक्त पशु त्यो हो जो शरीर र कला (कार्य र इन्द्रियहरू) सित सम्वन्ध रहन्छ औ निर्मल पशु शरीर र कलाहरूसित असम्वद्ध भई वस्तछ।

कारण स्वयं पशुपति शिव मानिन्छ। तिनलाई पति भनिन्छ। शैव दर्शनमा पतिको अर्थ ज्ञान एवं क्रियाका निरतिशय शक्तिहरूबाट सम्पन्न हुनुलाई लिइएको छ। पति साँचो मानेमा सृष्टि, संहार तथा जीवहरूमाथि अनुग्रह राख्तछ। शैव सिद्धान्तलाई पतिको सिद्धान्त पनि भनिन्छ। शैव सिद्धान्तमा शिवलाई पति नै भनिएको छ। पति अर्थात् शिव पशुहरू अर्थात् जीवात्माहरूलाई तिनका कर्म अनुसार भोग र तिनका साधनहरूलाई सम्पन्न गर्दछ। उनी स्वतः सिद्ध, स्वतः पूत, अन्तर्ज्ञान, वुद्धि, अनन्तज्ञान, नित्यमुक्त अनन्तकरूणा, सर्वशक्तिमान् तथा अनन्त आनन्द आदि गुणहरूले युक्त छन्। तिनलाई सर्वव्यापक तथा त्रिकालदर्शी पनि भनिएको छ। शिव अर्थात् पतिको शरीर शक्ति निर्मित हुन्छ। आफ्ना शक्तिहरूद्वारा परमेश्वर शिव सर्जन, पालन, संहार, आवरण र प्रसाद (अनुग्रह) आदि पाँच कार्यहरू गर्दछन्।

पशु नै जीवात्मा हो। मुख्य रूपले पशु तीन प्रकारका छन्–१. विज्ञानकल, २. प्रलयाकल ३. सकल। विज्ञानकल त्यो हो जसले ज्ञानयोगद्वारा अथवा कृतकर्महरूका संस्कारहरूको क्षय गरी समस्त कलाहरूबाट आफ्नो सम्वन्ध विच्छिन्न गरिसकेको छ औ जसमा मलमात्र शेष रहेको छ। प्रलयाकल त्यो हो जसका कलाहरूको क्षय जगतको प्रलयद्वारा हुन्छ औ त्यो कर्म एवं मल दुवैबाट मुक्त रहन्छ। सकल मल, कर्म एवं माया आदि तीनै पाशहरूले युक्त छन्।

यस संसारमा यी पशुहरू अविद्यारूपी पाशद्वारा वद्ध रहन्छन्। पाश चार प्रकारका छन्–१. मल, २. कर्म, ३. माया औ ४. रोधशक्ति। पाश हटिसकेपछि पशु नित्य एवं निरतिशय ज्ञानक्रिया शक्तिहरूले सम्पन्न भएर चैतन्य रूप शिव वन्छ।

उपर्युक्त वर्णनहरूवाट पशुपति शिव एवं पाशुपत मतको सैद्धान्तिक ज्ञानबारे थोरवहुत झझल्को थाहा हुन आएको छ। नेपाल एवं भारताकाशमा साँचो मानेमा नेपाल नै एक यस्तो क्षेत्र छ जसलाई पाशुपत क्षेत्रको संज्ञा प्राप्त छ। तन्त्रचूडामणि ग्रन्थ अनुसार सुप्रसिद्ध ५१ पीठस्थानहरूमध्ये नेपाल पनि एक मानिएको श्रौ गरूडपुराण ८१ अध्यायमा नेपाल एवं भारतका सुप्रसिद्ध तीर्थस्थलहरूको वर्णन क्रममा पशुपति तीर्थको गणना गरिएको छ। फेरि, निगमज्ञानदेवले जिर्णोद्धार–दशकमको भाष्यमा अष्टषष्ठी स्वायम्भू लिङ्गहरूको नाम दिने क्रममा नेपालका श्री पशुपतिनाथलाई पनि त्यसमा समाविष्ट गरिएको छ। यी तथ्यहरूको आधारमा पाशुपत इलाकाको रूपमा नेपालको वैशिष्ट्य भएको कुरा सिद्ध हुन्छ। माथि वर्णन भइसकेको छ कि नेपालका सर्वप्रसिद्ध आराध्यदेवको रूपमा श्री पशुपतिनाथ प्राचीनकालदेखि नै मानिदै आएका छन्। यहाँका श्री श्री पशुपतिनाथको मन्दिर हिन्दूहरूका धार्मिक जगतको प्रतीकस्वरूप छ। श्री पशुपतिनाथको मूर्ति पञ्चमुखी ज्योतिर्लिङ्ग छ। तर यसका पाँचौं मुख योगीहरूकालागि पनि अदृश्य हुने हुँदा यहाँ सो मूर्ति देखाइएको छैन : श्री पशुपतिनाथका पञ्चमुखका नाम निम्न छन्– १. सद्योजात (पश्चिमपट्टि), २. वामदेव (उत्तरपट्टि), ३. अघोर (दक्षिणपट्टि), ४. तत्पुरुप (पूर्वपट्टि) र ५ ईशान (टुप्पामा)। श्री पशुपतिनाथका यी पाँच मुखले पञ्चप्राण (प्राण, अपान, समान, उदान, व्यान) वा पञ्च तत्वको प्रतिनिधित्व गर्दछन्। सद्योजात क्षिति तत्वको, वामदेव अपःको, अघोर तेजको, तत्पुरुष मरुतको तथा ईशान व्योमको प्रतीक छ। पशुपति शिवका उक्त पञ्च मुखका अलग-अलग रूप तथा ध्यान पनि दिइएका छन्।

"कुन्देन्दुशंखस्फटिकावभासो वेदाक्षमालावरदाभयांकः ।
यक्षश्चतुर्वक्त्र उरुप्रभावः सद्योऽधिजातोऽवतु मां प्रतीच्याम् ॥
वराक्षमालाभयटंकहस्तः सरोजकिंजल्कसमानवर्णः ।
त्रिलोचनश्चारुचतुर्मुखो मां पायादुदीच्यां दिशि वामदेवः ॥
कुठारवेदांकुशपाशशूलकपालढक्काक्षगुणान् दधानः ।

चतुर्मुखो नीलरुचिस्त्रिनेत्रः पायादघोरो दिशि दक्षिणस्याम् ॥
प्रदीप्तविद्युत्कनकावभासो विद्यावराभीतिकुठारपाणिः ।
चतुर्मुखस्तत्पुरुषस्त्रिनेत्रः प्राच्यां स्थितं रक्षतु मामजस्त्रम् ॥
वेदाभयेष्टांकुशपाशटंककपालढक्काक्षकशूलपाणिः ।
सितद्युतिः पंचमुखोऽवतान्मामीशानमूर्ध्वं परमप्रकाशः ॥"

—शिवकवच स्तोत्रम्

लिंगार्चन तन्त्रमा पनि यसबारे वर्णन गरिएको छ ।

"सद्योजातं वामदेवमघोरंच ततः परम् ।
तत्पुरुषं तथेशानं पंचवक्त्रं प्रकीर्त्तितम् ॥
सद्योजातं तु वै शुक्लं शुद्धस्फटिकसन्निभम् ।
पीतवर्णं तथा सौम्यं वामदेवं मनोहरम् ॥
कृष्णवर्णमघोरंच समं भीमविवर्द्धनम् ।
रक्तं तत्पुरुषं देवं दिव्यमूर्त्तिमनोहरम् ॥
श्यामलं च तथेशान सर्वदेवशिवात्मकम् ।
चिन्तयेत् पश्चिमे चाद्यं द्वितीयं तु तथोत्तरे ॥
अघोरं दक्षिणे देवं पूर्वे तत्पुरुषं तथा ।
ईशानं मध्यतो ध्येयं चिन्तयेद् भक्तितत्परः ॥"

—लिंगार्चनतन्त्रः पटल ६

उक्त ग्रन्थहरूमा पशुपति शिवका विभिन्न रूप एवं तिनीहरूका भिन्नाभिन्नै प्रहरणहरूको बारे उल्लेख गरिएको देखिएता पनि यहाँ श्री पशुपतिनाथको मूर्ति निर्माणमा ती नियमहरूको पूर्णतः परिपालन भए जस्तो लाग्दैन । श्री पशुपतिनाथको उत्तरपट्टिको वामदेव मुखमा त्रिनेत्रको साटो द्विनेत्रमात्र देखाइएकोलाई यहाँ उदाहरणको रूपमा लिन सकिन्छ । अर्को, यहाँ वामदेवको शक्तियुक्त अर्थात् अर्द्धनारीश्वर रूपमा पशुपति शिवको सौम्यरूपको प्रस्तुतीकरण भएको छ। यद्यपि प्रचलित परिपाटी अनुसार श्री पशुपतिनाथका प्रसाद भोज्य मानिदैन तापनि श्री पशुपतिनाथको उत्तरपट्टिको वामदेव शक्तियुक्त हुंदा त्यहाँको प्रसाद भोज्य मानिन्छ। विना शिव शव समान मानिने

औफेरि त्यसको अभावमा गरिने कुनै पनि कार्य पूर्ण भएको नमानिने हाम्रो धार्मिक परम्परामा उक्त तथ्यको झझल्को अवश्य भेटिन्छ ।

कुलार्णव तन्त्रको अनुसार पाँच आम्नाय पशुपति शिवका पाँच मुखवाट निस्केका हुन् जसमा ऊर्ध्वाम्नाय ऊर्ध्वमुखवाट निस्केको थियो । यस आम्नायमा शिव-पार्वती संयुक्त मानिन्छ । नेपालका श्री पशुपतिनाथको लिङ्ग साँचो मानेमा उमापतिको लिङ्ग हो ।

"वामोरुस्तम्भगायाः करतलविलसच्चारुनेत्रोत्पलायाः
हस्तेनाश्लिष्टदेहं मणिमयविलसद्भूषणायाः प्रियायाः"

यस पशुपति मूर्तिमा देखिएको योनि र लिङ्गको संयोगले पुरुष एवं प्रकृतिको अनिवार्य संयुक्त उपस्थितिलाई बुझाउनुको साथै शक्तिको व्यापकताको बोध हुन्छ । श्री पशुपतिनाथलाई वेह्रिरहेका वासुकी पशुपतिको क्रोधको प्रतीक हो । श्री पशुपतिनाथको मन्दिरको पश्चिम दिशास्थित विशाल नन्दी मूर्ति धर्मको द्योतकस्वरूप छ । तिनका चार खुट्टाले धर्मका चार अङ्ग—पवित्रता, दान, तप, दया-तिर लक्ष्य गर्दछ भने तिनका त्रिशूलले आध्यात्मिक, आधिदैविक, आधिभौतिक आदि तापत्रयको उन्मूलन गर्दछ । तिनका दश हाथ दश दिशाहरूका संकेतस्वरूप छन् । अक्षमाला कालको परिचायिका छन् । कमण्डलु जलको प्रतीक छ । चन्द्रमा ऐश्वर्य तथा गंगा अमृतका द्योतक छन् । स्वर व्यंजनहरूको सृष्टि गर्ने तिनका डमरू नाद शक्तिको परिचायक छ । यसरी श्री पशुपतिनाथ हाम्रो संस्कृतिका एक सुन्दर प्रतीक हो भन्न कर लाग्छ ।

अन्तमा श्री पशुपतिनाथ नेपालका विभिन्न धार्मिक सम्प्रदायहरूका बीच अनिवार्य एकताको प्रतीकस्वरूप छन् । वौद्ध परम्परा अनुसार पनि श्री पशुपतिनाथको पूजा गर्ने परम्पराले उक्त तथ्यतिर स्पष्ट इंगित हुन्छ । मुखोऽष्टमी तथा माघशुक्ल चतुर्दशीको दिन श्री पशुपतिनाथलाई बुद्धको मुकुट पहिराउने चलन देखिनुको साथै महाशिवरात्रिको दिन नाथ सम्प्रदायका प्रवर्तक तथा परब्रह्मस्वरूप श्री मत्स्येन्द्रनाथले श्री पशुपतिनाथको रूप लिने औ श्री पशुपतिनाथले श्री मत्स्येन्द्रनाथको रूप लिने

परम्परा अद्यापि यहाँ प्रचलित नै रहेकोलाई यहाँ उदाहरणको रूपमा लिन सकिन्छ। बुद्धलाई भगवान् शिवकै अवतारको रूपमा लिइने परम्परा दशौं शताव्दी ई. मा प्रचलित भएको पाइएवाट पनि श्री पशुपतिनाथलाई उपर्युक्त दिनहरूमा बुद्धको मुकुट पहिर्‍याउने चलन चलेको देखिन्छ। ई. सन् १००० को खजुरावको शिलालेख नं. ५ मा भगवान् शिवलाई एकेश्वर मानेर वुद्ध, विष्णु तथा जिनलाई शिवकै अवतारको रूपमा वर्णित छ।

"अन्ये तत् शिवमेव वुद्धममलं त्वन्ये जिनं वामनम्।
तस्मै सर्वमयैक्यकारणपतेः शर्वाय नित्यं नमः ॥"

—खजुराव शिलालेख नं. ५

अर्को, यहाँ मध्यकालमा प्रतिष्ठापित श्री पशुपतिमहाविहार नामक बौद्ध विहारको प्राप्तिले श्री पशुपतिनाथको लोकप्रियता खालि शैव (हिन्दू) धर्ममै सीमित नरही अन्य धर्ममा पनि फैलिएको थियो भन्ने कुरा जानिन्छ। पशुपति नामलाई अन्य धर्मावलम्बीहरू पनि पावन मान्दथे भन्ने कुरा उपर्युक्त महाविहारको नामाकरण नै श्री पशुपतिको नामले राखिएवाट प्रामाण्य हुन्छ। फेरि, नेपालमा लिङ्गलाई वुद्धको रूपमा पूजा गरिने परम्परा पनि नभएको होइन। यी सवै आधारहरूवाट यहाँ प्राचीनकालदेखि नै धार्मिक एकता स्थापित भएर अद्वैत दर्शनको व्याप्ति प्रचार रहेको कुरा निर्णित भई श्री पशुपतिनाथ त्यसको प्रतीकस्वरूप रहेको यथार्थता प्रमाणित हुन्छ।

श्री चांगुनारायण स्थान-एक अध्ययन

नेपालका प्रख्यात देवस्थलहरूमध्ये यो स्थान पनि एक रहेको छ। यस तथ्यको पत्तो पौराणिक एवं पुरातात्विक दुवै आधारवाट हुन्छ। स्कन्द-पुराणान्तर्गत नेपाल महात्म्य अनुसार दैत्यगुरु शुक्राचार्यका ब्राह्मण शिष्य सुमतिको शिरच्छेदन विष्णुले आफ्नो पूर्वजन्ममा गरेको हुँदा शुक्राचार्यको श्रापको कारण उक्त ब्राह्मण सुमतिका वंशजःको हातवाट विष्णुले शीर विहीन भै यस स्थलमा वस्नुपरेको थियो। यस उपाख्यान अनुसार विष्णु यहाँ छिन्नमस्तको रूपमा प्रतिष्ठापित भएको कुरा सिद्ध हुन्छ। (हेर्नोस्– नेपाल महात्म्य, अध्याय २, श्लोक ६६) यो मन्दिरको संगै यहाँ छिन्नमस्ता प्रधान दश महाविद्या मन्दिर पनि प्रतिष्ठापित भएको देखिएवाट उक्त अनुमानको पुष्टि हुन्छ। जसले छिन्नमस्ता देवी विष्णुको छिन्नमस्त रूपको शक्तिस्वरूपा भएको कुरा निर्णित हुन्छ।

यद्यपि पौराणिक उपाख्यान अनुसार यहाँ विष्णुको शिरच्छेदन भएको थियो। तर, यस स्थलमा प्रतिष्ठापित गरुडासीन नारायणका शीर पनि देखिएका छन्। शिरच्छेदन भएको उपाख्यान औ शीरयुक्त नारायणको मूर्ति प्राप्तिले उपरोक्त उपाख्यानमाथि गहिरिएर सोच्नुपर्ने अवस्था सिर्जना गरेको छ। यहाँनिर स्वयम्भूपुराणमा वर्णित करुणामय मत्स्येन्द्र औ नारायणको बीच आ-आफ्ना भक्तहरू यथा नागराज तथा गरुडबारे खट्पट् हुँदा करूणामयले नारायणलाई शास्त्रार्थमा पराजित गरेको अनन्तर विष्णुलाई आसन गरी करुणामय दोलागिरी (चम्पकारण्य) मा अवस्थित भएको कुराको याद हुन्छ। करुणामय कुनै एक सम्प्रदायका मात्र आराध्य देवता

नभै सम्पूर्ण सम्प्रदायकै आराध्य देवता हुँदा तिनको वैदिक स्वरूप स्पष्ट हुन्छ । अनि स्वयम्भूपुराणको उक्त उपाख्यानमा वैदिक धर्म एवं दर्शनको खालि विष्णुप्रधान वैष्णव धर्मसित खट्पट् भै अन्ततोगत्वा वैदिक धर्मको विजय भएको कुरा इंगित हुन्छ । यसरी वैदिक धर्मको अगाडि वैष्णव धर्मको पराजयको कारण त्रिमूर्तिमध्ये विष्णुको श्रेष्ठतामा ठूलो धक्का पुग्न गएको हुँदा स्कन्दपुराणले यस कुरोलाई एक भिन्नै उपाख्यान जडेर विष्णुको शीरच्छेदन भएको कुरा वर्णन गरेको हुनु धेरै सम्भव छ । शीर-विहीन विष्णुको एक मूर्ति दोलाशिखरस्थित उक्त मन्दिरमै भिन्नतिर प्रतिष्ठापित गरिएको छ भन्ने जानिएकोले पनि पौराणिक उपाख्यानको यथार्थता प्रकटित हुन्छ । अनि मन्दिरमा सर्वसाधारणकोलागि प्रदर्शित मूर्ति विष्णुले आफ्नो पराजयको अनन्तर प्राप्त गरेको सत्वगुणस्वरूप छ– विजेताको धर्म एवं दर्शनलाई पनि आफ्नै नै ग्रहण गर्ने भएर । विष्णुका २४ अवतारमध्ये एक व्यास वेदका ज्ञाता तथा व्याख्याता भएको कुरा अनुमानित छैठौं शताब्दी ई. को हाडिगाउँको अभिलेखबाट जानिएर पनि उक्त तथ्यको पुष्टि हुन्छ । विष्णु सत्वगुणस्वरूप मानिएको भ्रौ स्कन्दपुराणले आफ्नो शीरच्छेदन गर्ने व्यक्ति भ्रौ तिनका सन्तानलाई आफ्नो पूजारी नियत गरी विष्णु चम्पकारण्यमै अवस्थित भएको कुरा वर्णन गरेबाट पनि विष्णुमा निहीत सत्वगुणको झझल्को भेटिन्छ । चम्पकारण्यको नेपाल भाषामा भाषान्तर गर्दा चंगुं हुन आउँछ–चम्पकको चं भ्रौ अरण्यको गुं अर्थ भएर । अनि चंगुंमा अवस्थित नारायण हुँदा यो विष्णु मूर्तिलाई चंगुं नारायणको संज्ञा दिइएको हो ।

पौराणिक आख्यान अनुसार यो स्थल वैष्णव क्षेत्रको रूपमा पौराणिक कालदेखि नै प्रख्यात भैसकेको कुरा विदित हुन्छ । अष्टादश पुराणमध्ये स्कन्दपुराणमैं पनि यो स्थलमा विष्णुमूर्तिको प्रतिष्ठापन भैसकेको कुरा वर्णित छ । नेपालको सर्वप्राचीन वंशावली–गोपाल वंशावली–अनुसार चंगुनारायण समेत चार नारायणको स्थापना लिच्छवि राजा हरिदत्त वर्माले गरेका थिए । तर पुरातात्विक आधारमा यो मूर्तिको वास्तविक

प्रतिष्ठाता को हो औ कसले गरेका थिए भन्ने कुरा अझै अनिर्णित छ। प्रख्यात लिच्छवि राजा श्री मानदेवद्वारा चंगुमा प्रतिष्ठापित सम्वत् ३८६ को अभिलेख भगवान् विष्णुको नाममा प्रतिष्ठापित थियो। जसले चंगुनारायण तथा त्यसको मन्दिर प्रतिष्ठापन पाँचौं शताब्दी ई. भन्दा पहिले नै भैसकेका थिए भन्ने कुरा निश्चित हुन्छ। चंगुनारायणको सुनको कवचमा उत्कीर्ण सम्वत् ३१ को सुवर्णपत्राभिलेखमा महाराजाधिराज श्रीं अंशुवर्माद्वारा विष्णुको पुरानो कवच र गरुड जीर्णशीर्ण भएकोले पहिलेकै बमोजिम सम्पूर्ण जिर्णोद्धार गरिएको कुरा वर्णित छ। यि आधार-बाट पनि उपरोक्त निर्णयको पुष्टि हुँदै चंगुनारायणको मूर्ति एवं मन्दिरको प्रतिष्ठापन पुरातात्विक आधारमा कमसेकम तेस्रो, चौथो शताब्दी ई. मै भैसकेको थियो भन्ने कुरा विदित हुन्छ। यसैले यो मन्दिरको मर्मत गर्ने कार्य समय-समयमा हुँदै आएको देखिए तापनि यसलाई नेपालको सर्वप्राचीन मन्दिरको रुपमा मानिएको छ। हालको चंगुनारायणको मन्दिर मध्यकालीन नेपालका कर्णाट राजा श्री भूपालेन्द्र मल्लद्वारा निर्मित थियो। यस कुरोको पत्तो सो मन्दिरको ठीक अगाडि प्रतिष्ठापित उक्त राजा एवं रानीको सुनको प्रतिमाको पादपीठमा उत्कीर्ण सुवर्णपत्राभिलेखबाट हुन्छ।

चंगुनारायणको प्रतिष्ठापनको ठीक साल थाहा पाउन नसकिए तापनि महीना तिथिको अनुमान गर्ने आधार भेटिन्छ। चंगुनारायण मन्दिरको ठीक अगाडि एक खण्डित शिलास्तम्भ गाडिएको छ जसमा बाँकी अक्षरहरू पनि ज्यादै नै बिग्रिसकेका छन्। सो शिलास्तम्भ अनुमानित पाँचौं-छैठौं शताब्दी ई. को छ। त्यस शिलास्तम्भलेखमा वर्षबन्धनको लागि कूत आउने भूमि आदि प्रदान गरिएको कुरा वर्णन गरिएको छ। सम्भवतः सो वर्ष-बन्धन चंगुनारायणको मूर्ति एवं मन्दिर प्रतिष्ठापन भएको दिनको सम्झनामा प्रत्येक वर्ष उक्त तिथिकै दिनमा सम्पन्न गरिने एक पर्व विशेष हो। नेपालका अन्य कतिपय मन्दिरहरूमा ती मन्दिर एवं त्यसमाका देवताको प्रतिष्ठापन गरिएको दिनको स्मृतिमा आजसम्म पनि बुसाधं नामले वर्षबन्धन गर्ने परम्परा चल्दै आए अनुरूप चंगुनारायणमा पनि वर्षको एकपटक पौष

शुक्ल द्वितीयाको दिन महास्नान गर्ने परम्परा चलिआएको छ । देवता-हरूको स्नान गराउने परम्परा उत्तरप्राचीनकालीन नेपालमा प्रचलित भएको कुरा अनुमानित छैठौं शताव्दी ई. को पशुपति छत्रचण्डेश्वरको अभिलेखमा ज्येष्ठ शुक्ल त्रयोदशीको दिन राज्यवर्द्धनदेवको स्नान र अङ्गपूजाको लागि भूमि आदि प्रदान गरिएको कुरा वर्णित भएबाट निर्णित हुन्छ । प्रत्येक पूर्णिमाको दिन पशुपतिमा महास्नान गर्ने श्रौ चैत्र-पूर्णिमाको दिन करुणामय मत्स्येन्द्र नुहाउने परम्परालाई यहाँ यसै सन्दर्भमा लिन सकिन्छ । उपरोक्त महास्नानको दिन चंगुनारायणको मन्दिरको माथि गजुरदेखि नै योमह्री नामक एक प्रकारको रोटीले त्यस देवतायुक्त मन्दिरको अभिषेक गर्ने परम्परा अद्यापि चल्दै आएको छ । यस्तै किसिमले जाहोलाखेल तान्ने दिन लगनखेल इति टोलमा करुणामय मत्स्येन्द्र रथको माथि गजुरदेखि योमह्री खसाली करूणामयको अभिषेक गर्ने चलन प्रचलित छ । नयाँ घरहरूको निर्माण गर्दा पनि त्यस घरको माथि छानादेखि योमह्री खसालिन्छ । यी आधारहरूवाट पौषशुक्ल द्वितीयाको दिन चंगुनारायणस्थानमा सम्पन्न गरिने महास्नानको परम्परा सोही दिन चंगुनारायणको मन्दिर एवं मूर्तिको प्रतिष्ठापन भएको दिन हुँदा सो दिनको स्मृतिमा वर्षको एकपटक वर्षबन्धनको रूपमा गरिंदै आएको हो भन्ने कुरा सजिलैसँग अनुमान गर्न सकिन्छ । अर्को, त्यस दिन मन्दिरको माथि गजुरदेखि योमह्री खसाल्ने चलनले योमह्रीको प्राचीनता उत्तरप्राचीनकालदेखि रहेको कुराको चाल पाउनुको साथै नेवार समाजमा जन्मोत्सवको साथै नयाँ घरहरूको निर्माण गर्दा योमह्रीले अभिषेक गर्ने परम्पराको ऐतिहासि-कताको पत्तो हुन्छ ।

उत्तरप्राचीनकालीन नेपालका प्रख्यात देवताहरूमा चंगुनारायण पनि एक रहेका छन् । सम्वत् ३२ को हाडिगाउँको अभिलेखमा विभिन्न देवता एवं विहारहरूको लागि अनुदान रकम नियत गरिएको कुरा वर्णित छ । ती अनुदान रकमहरूमा विभिन्नता देखिएकोले त्यस समय तिनीहरू एउटै समूहमा पनि विभिन्न स्तरका मानिएको कुराको पत्तो हुन्छ । तत्कालीन

देवसमूहमा पशुपति र चंगुनारायणलाई सवभन्दा वढी रकम नियत गरिएको उल्लेखले त्यसवेला नेपालका आराध्य देवताको रूपमा ती दुई नै खास तवरले मानिएको कुरा प्रमाणित हुन्छ। सम्वत् ३८६ को माथि वर्णित चंगु विजयस्तम्भलेखमा विष्णुको स्तुती गरिएको छ। फेरि अनुमानित सातौं शताव्दी ई. का विष्णु गुप्तको पालाको एक अभिलेख त्यहाँ पाइएको छ। त्यस अभिलेखमा वैष्णव धर्मको भक्तिमार्गको राम्रो चित्रण पाइन्छ। विष्णुपदको प्राप्ति वाह्य साधनाले हैन मनुष्य हृदयको गहिराइवाट उब्जेको भक्तिवाटै मात्र सम्भव हुने कुरा वर्णित भएकोलाई वैष्णव धर्मको भक्ति सिद्धान्तको पुरातात्विक आधारको रूपमा लिन सकिन्छ।

चंगुनारायण र छिन्नमस्ताको मन्दिरको अतिरिक्त अन्य अनेकौं देवमूर्तिहरू यहाँ छरिएर रहेका छन्। ती मूर्तिहरूमा अनुमानित छैठौं शताव्दी ई. को विष्णु विश्वरूप, अनुमानित सातौं शताव्दी ई. को त्रिविक्रम विष्णु मूर्ति, अनुमानित १२ औं शताव्दी ई. का नृसिंह तथा विष्णुमूर्ति, उत्तरप्राचीनकालीन शीरविहीन वुद्धमूर्ति औ १७ औं शताव्दी ई. मा प्रतिष्ठापित चारहात भएको भीमसेन मूर्ति आदि-आदि उल्लेख्य छन्। विष्णुविश्वरूप वाहेक अन्य उत्तरप्राचीनकालीन तथा प्रारम्भिक मध्य-कालका मूर्तिहरू नेपालका अन्य स्थलहरूमा पनि प्रचूर मात्रामा पाइएका छन्। तर विश्वरूपको यो मूर्ति उत्तरप्राचीनकालीन नेपाली कलाकारिताको दृष्टिले सुन्दरतम रही खालि नेपालकै हैन सम्पूर्ण भारतकै पनि उच्चतम कलाको नमूनाको रूपमा लिइन्छ। भारतमा आजसम्म यत्ति राम्रो सुन्दर कलालेयुक्त विश्वरूपको मूर्ति पाइएको छैन जसले पनि उपरोक्त अनुमानको पुष्टि हुन्छ। अर्को, यहाँ प्रतिष्ठापित चार हात भएको भीमसेनको मूर्ति नेपालका दुर्लभ भीमसेन मूर्तिहरूमा मानिन्छ। मध्यकालीन नेपालमा चार हात भएको भीमसेनको मूर्ति प्रतिष्ठापन गरिएको पाइएवाट तत्समय नेपालमा भीमसेनको अलौकिक स्वरूपको पनि व्यापक प्रचार रहेछ भन्ने कुराको पत्तो हुन्छ। यस क्षेत्रमा ने. सं. २९६ मा वासुदेव कृष्णको मूर्ति पनि प्रतिष्ठापित गरिएको थियो जुन हिजोआज हराइसकेको छ। तर त्यस

मूर्तिको अभिलेखयुत पादपीठ त्यहाँ पाइएबाट उक्त तथ्यको जानकारी हुन्छ।

उत्तरप्राचीनकालीन नेपालमा प्रतीकोपासना पनि प्रचलित थियो। यस तथ्यको पत्तो चंगुनारायणस्थानस्थित शंख, चक्र, गदा, पद्मका आकृतिहरू मात्र कुँदिएको शिलालाई मानिसहरू विष्णुको रूपमा पूजा गरिने प्रचलनले हुन्छ।

उपरोक्त सबै आधारहरूबाट यो क्षेत्रले प्राचीनकालदेखि नै ज्यादै प्रसिद्धि प्राप्त गर्दै आइरहेको छ भन्ने कुरा विदित हुन्छ। उत्तरप्राचीन-कालकै मात्र पनि ७ वटा अभिलेखहरू यहाँ पाइएबाट उक्त तथ्यको पुष्टि हुन्छ। यसको अतिरिक्त यहाँ उत्तरप्राचीनकालमा लिच्छविहरूको वस्ति अवस्थित थियो। भट्टारक महाराज श्री शिवदेवको चाँगु अभिलेखमा वर्णित वर्णन यहाँ उदाहरणस्वरूप छ। अनि लिच्छविहरूको थलो रहेको यस क्षेत्रको व्यापक अनुसन्धान हुनु जरूरी छ। जसको आधारमा नेपाल इतिहासमा देखिएका अनेकौं गुत्थीहरू सुल्झिएर उत्तरप्राचीनकालीन नेपालकोबारे महत्वपूर्ण जानकारी प्रकाशमा आउने छ।

बुढानीलकण्ठ (भुइजःसी)-एक संक्षिप्त अध्ययन

नेपालका सर्वप्राचीन देवताहरूमध्ये बुढानीलकण्ठ पनि एक रहेको छ। यो देवतालाई यहाँ मानिसहरू भुइजःसी नारायण नामले पुकार्छन्। नेपाल भाषामा जःसी पानी राख्ने एक ठूलो भाँडा विशेषको नाम हो। जस अनुसार भुइजःसी नाममा भूमिरूपी ठूलो भाँडोमा अवस्थित पानीमा रहने देवता भन्ने कुरा बुझिन्छ। नारायण शब्दलाई अर्थ्याउँदा पानीमा रहने भन्ने कुरा बुझिएर पनि उक्त तथ्यको पुष्टि हुन्छ। विष्णुको एक नाम नारायण ग्रौ महादेवको एक नाम जलेशाय भएकोलाई यहाँ उदाहरणार्थ प्रस्तुत गर्न सकिन्छ। यसरी यस भुइजःसी नारायण नामले देवताको जलमा शयन गर्ने स्वरूपतिर स्पष्ट निर्दशन गर्दछ।

विष्णु एवं शिवको जलशयन रूपको पहिलो-पहिलो उल्लेख विष्णु-पुराण, रूपमण्डन तथा स्कन्दपुराणहरूमा पाइन्छ। उक्त ग्रन्थहरूमा विष्णुको जलशयन रूपको वर्णन गरिएको छ। आषाढ शुक्ल ११ देखि कार्तिक शुक्ल ११ सम्म विष्णु क्षीर सागरमा शेषनागको शैय्यामा शयन गर्नुहुन्छ। स्कन्दपुराणका 'शेते विष्णु सदाषाढे कार्तिके प्रतिबोध्यते' पंक्ति यहाँ उदाहरणस्वरूप छ। विष्णुको उक्त शयनावधि चार महिनाको हुने हुँदा चातुर्मास्यको संज्ञा दिइएको हो। वराहपुराण अनुसार यस अवधिमा चातुर्मास्य व्रत लिइन्छ।

> "आषाढ-शुक्ल-द्वादश्यां पौर्णमास्यामथापि वा।
> चातुर्मास्याव्रतारम्भं कुर्यात् कर्कट-संक्रमे ॥
> अभावे तु तुलार्केपि मन्त्रेण नियमं व्रती।
> कार्तिके शुक्ल द्वादश्यां विधिवत् तत् समापयेत् ॥"

—वराहपुराण

यो अवधिलाई बौद्धमार्गीहरू वर्षावासको रूपमा मान्छन्। अनि यस चतुर्मासलाई विभिन्न ऋतुहरूमध्ये एक ऋतुको रूपमा मानेर वर्षभरिमा जम्मा ऋतुहरूको संख्या तीन मान्ने चलन पनि देखिएको छ। मौर्य सम्राट् अशोकको रामपुरवा पाँचौं स्तम्भलेखमा वर्षभरिमा जम्मा तीन चतुर्मास हुने कुरा वर्णित छ। यसले पनि एक वर्षमा जम्मा तीन ऋतु मात्र हुने परम्पराको ऐतिहासिकता निर्णित हुन्छ।

"तीसु चातुं मा (सी) सु तिस्यं पुंनमासियं तिंनि दिवसानि चावुदसं पंनडसं पटिपदं धुवाये च अनु-पोसथं मछे अवध्ये नो पि विकेतविये ।।)"

–रामपुरवा स्तम्भलेख (पाँचौं)

यसरी प्राचीनकालदेखि विष्णुको जलशयन रूपको कल्पना भएर त्यसको प्रभावस्वरूप पनि चार मासको एक ऋतुको हिसाबले जम्मा तीन ऋतुको एक वर्ष मानिने परम्परा चल्न लागेको कुरा यकिन हुन्छ।

विष्णुको जस्तै शिवको पनि जलशयन रूपको वर्णन प्राचीन ग्रन्थहरूमा पाइन्छ। महाभारत अनुशासन पर्वमा वर्णित शिव सहस्रनाम अनुसार शिवको एक नाम जलेशय रहेको छ, जसले शिवको जलमा अवस्थित हुने तर्कलाई पुष्टि मिल्दछ। स्कन्दपुराणमा एक उपाख्यान वर्णित छ। जस अनुसार समुद्र मंथनको समय निस्केको कालकूट विषद्वारा त्रस्त देव, दानव एवं मानव आदि समस्त प्राणीहरूको कल्याणार्थ भगवान् शिवले सो विषलाई पान गरिदिएका थिए। अनि त्यस विषको ज्वाला र तिर्खाको कारण शिव शीतल स्थल तथा पानीको खोजीमा यताउति दगुर्दै हिमालय पर्वतस्थित गोसाईंथानमा आएका थिए। त्यहाँ पनि पानी नपाइएकोले महादेवले पर्वतमाथि त्रिशूलले मार्दा तीन सोतो निस्केको थियो। त्यस त्रिधाराको पानी तीस फुट तल खसेर एक सरोवरको निर्माण हुन गएको छ जुन सरोवरमा पल्टेर महादेवले त्रिधाराको जलपान गर्नुको साथै शयन गरेका थिए। त्यस समयदेखि सो शयनस्थान गोसाईंकुण्ड वा नीलकण्ठ

सरोवरको नामले विख्यात भयो जहाँ श्रावणी पूर्णिमाको ताका असंख्य यात्रीगण आएर स्नान र जलशायी नीलकण्ठको पूजा गर्दछन्। यसरी स्कन्दपुराणमा वर्णित यस उपाख्यानबाट महाभारत अनुशासन पर्वमा उल्लिखित शिवको जलेशायी नामको चरितार्थता निर्णित हुन्छ।

पौराणिक ग्रन्थहरूको अतिरिक्त मूर्ति एवं अभिलेखहरूबाट पनि विष्णुको जलशायी रूपको बारे चाल पाइन्छ। विष्णुका जलशायी मूर्तिको निर्माण चारौं, पाँचौं शताब्दी ई. देखि नै हुन लागेको कुराको पत्तो भारतको देवगढमा शेषशायी विष्णुको जलशयन मूर्ति पाइएबाट हुन्छ। मालव वर्ष ४८० (४२३ ई.) को गङ्गधर शिलालेखका पंक्तिले विष्णुको जलशायी रूपतिर इंगित गरेको छ।

"निद्रा–व्यपाय-समये मधुसूदनस्य
का [ले प्रबु] द्धकुमुदागर-शुद्ध-तारे ॥१५"

–गङ्गधर शिलालेख, मालव वर्ष ४८०

अनुमानित पाँचौं शताब्दी ई. को काम्बोजको एक अभिलेखमा शेषशायी जलशयन विष्णुको वर्णन पाइन्छ।

"युञ्जन्योगमतर्कितङ्कमपि य(:) क्षीरोद- शै(श)य्या–गृहे
शेते शेष-भुजङ्ग-भोग-रचना-पर्य्यंक पृष्ठाश्रित: (।)"

–काम्बुजको शिलालेख, पाँचौं शताब्दी ई.

उत्तरप्राचीनकालीन नेपालका अभिलेख एवं मूर्ति अध्ययनको आधारमा छैठौं शताब्दी ई. देखि मात्र नेपालमा जलशयन मूर्तिको प्रचार भएको कुरा जानिन्छ। सम्वत् ३२ को हाडिगाउँको अभिलेखमा "भुम्भुक्किका जलशयन" नामले जलशयन मूर्तिको सर्वप्रथम उल्लेख आएको छ। सम्वत् ५७ को थानकोट अभिलेखमा मंगलाचरणको रूपमा विष्णुका जलशयन (?) रूपको स्तुति गरिएको छ। उत्तरप्राचीनकालीन नेपालका अभिलेख-हरूमा सर्वप्रथम प्रस्तुत अभिलेखमै विष्णुको जलशयन रूपलाई मंगलाचरणमा स्पष्टरूपले अभिव्यक्त गरिएको छ। त्यसमा जीवहरूको कल्याणार्थ

क्षीर सागरस्थित अनन्तनागमा सुत्ने शान्त र मनोहर मुरारिरूप विष्णुबाट सबैको कल्याण कामना गरिएको छ। सम्वत् ६४ तथा ६५ अर्थात् ७ औं शताब्दी ई. का काठमाडौं यंगालहिटी र ललितपुर भृंगारेश्वरका भट्टारक महाराज श्री भीमार्जुनदेव–विष्णुगुप्तकालीन अभिलेखहरूमा "भगवतो विष्णोर्जलशयन" औ "भुजगभोगवरप्रसप्तो:" का मूर्ति निर्माण गर्नको लागि लायकको ढुङ्गा ल्याइदिए वापत स्थानीय वासिन्दाहरूलाई राजाज्ञाबाट निगाह गरिएको कुरा वर्णित छ। यद्यपि ती दुवै अभिलेखहरूमा जलशयन विष्णुको मूर्ति निर्माण गर्नको लागि ढुङ्गा ल्याएका कुरा वर्णित छन् तापनि ती मूर्ति निर्माण गरिएको कुरा कतै उल्लेखमा देखिएको छैन। यसको अतिरिक्त तत्कालीन विष्णुका शुद्ध विशाल जलशयन मूर्तिहरू आजसम्म एउटा पनि यहाँ प्रकाशमा आएको छैन। यी आधारहरूले सम्भवत: उपरोक्त मूर्ति निर्माणको लागि ल्याइएका ढुङ्गाबाट विष्णुको जलशयन मूर्ति निर्माण हुन नसकेको कुरा प्रतीत हुन्छ। उक्त ढुङ्गा ल्याएको एकाध वर्षमै भट्टारक महाराज श्री भीमार्जुनदेव तथा तिनका मन्त्री (?) श्री विष्णुगुप्तको शासनकाल समाप्त भएबाट पनि उक्त अनुमानको पुष्टि हुन्छ।

उत्तरप्राचीनकालीन नेपालको एक भव्य विशालकाय जलशयन मूर्ति शिवपुरिस्थित एक पोखरीको बीचमा प्रतिष्ठापित गरिएको छ। अनुमानत: त्यो मूर्ति छैठौं शताब्दी ई. मा निर्माण गरिएको थियो। माथि वर्णित भैसकेको छ कि त्यस मूर्तिलाई यहाँ मानिसहरू बुढानीलकण्ठको साथै भुइजःसी नारायण नामले पनि पुकार्छन्। यद्यपि त्यो मूर्तिलाई यहाँ मानिसहरू जलशयन विष्णुको रूपमा मान्छन् तापनि त्यो मूर्ति यथार्थत: खालि विष्णुको रहेको छैन। वरू त्यसको विपरीत त्यसलाई हरि-शंकरको जलशयन मूर्तिको रूपमा स्वीकार्न सकिन्छ। त्यो मूर्ति चतुर्वाहुले युक्त भएर शेषशायी हुनुको अतिरिक्ति गर्दा, चक्रधारी छन् जसमा तिनको विष्णुरूप स्पष्ट अवलोकित हुन्छ। तर त्यो मूर्तिमा निहीत अन्य लक्षणहरू त्यसलाई

हररूपमा प्रदर्शित गर्दछन् । त्यस मूर्तिका बाँकि दुई हातमध्ये एक हातले विभूतिका डल्ला तथा अर्को हातले कलश (?) समातेको छ । यसका अतिरिक्त त्यस मूर्तिको निधारमा त्रिपुण्ड्र, गलामा रुद्राक्षको माला अौ नाडीमा सर्पका वलय पनि छन् । यी आभरणहरू स्पष्टत: भगवान् शिवका हुन् । जसको कारणस्वरूप त्यसलाई हरि-शंकरको जलशयन मूर्तिको रूपमा लिन सकिन्छ । यसमा कुनै शङ्का छैन । यस्तो अवस्थामा त्यस मूर्तिलाई भट्टारक महाराज श्री भीमार्जुनदेव-विष्णुगुप्तकालीन मान्न नसकिने कुरा सिद्ध छ । किनभने तिनीहरूले विष्णुको जलशयन मूर्तिको निर्माणको लागि उपयुक्त ढुंगा ल्याउन लगाएका थिए, नकि हरि-शंकरको जलशयन मूर्तिको लागि । माथि वर्णित यंगालहिटी तथा भृङ्गारेश्वरका अभिलेख-हरूमा स्पष्टरूपले "भगवतो विष्णोर्जलशयन" अौ "भुजगभोगवरप्रसुप्तो विष्णु:" भनी उत्कीर्ण छन् जसले तिनीहरूले निर्माण गराउन खोजेको मूर्ति हरि-शंकरको जलशयन रूप नभै विष्णुको जलशयन रूप हो भन्ने कुरा प्रमाणित हुन्छ । फेरि, बुढानीलकण्ठ मूर्तिको अनुमानित समय र उक्त अभिलेखहरूको समयमा पनि झण्डै एक शताब्दीको फरक देखिएको अौ त्यो मूर्तिलाई बुढानीलकण्ठ भनिएबाट पनि उक्त अनुमानको पुष्टि हुन्छ । प्रस्तुत मूर्तिको बुढानीलकण्ठ नाममा बुढा शब्द विष्णुको अौ नीलकण्ठ महादेवको पर्यायस्वरूप छ । ऋग्वेदमा बृद्धहरूमा पनि अतिवृद्धको रूपमा विष्णुको वर्णन गरिएको छ । "त्रिर्देव: पृथिवीमेष एतां विचक्रमे शतर्चसं महित्वा । प्र विष्णुरस्तु तवसस्तवीयान्त्वेषं ह्यस्य स्थविरस्य नाम ॥३॥"

ऋ. ७। १००

जसले प्रस्तुत मूर्तिको नाममा प्रयुक्त बुढा शब्दले विष्णुलाई बुझाएको कुरा स्वत: सिद्ध छ । अनि नीलकण्ठ महादेवको एक नाम हुँदा त्यस मूर्तिको बुढानीलकण्ठ नाममा पनि हरि-शंकरको जलशयन रूपको निदर्शन हुने कुरा निर्णित हुन्छ ।

प्रस्तुत भूशायी मूर्तिको निर्माण छैठौं शताव्दी ई. मा भएको कुरा महाराजाधिराज अंशुवर्माद्वारा विभिन्न देवता, विहार आदिलाई अनुदान रकम नियत गरिराखेको सम्वत् ३२ को हाडिगाउँको लेखमा तत्समय ज्यादै प्रचारित देवताहरूको नामक्रममा "भुम्भुक्किकाजलशयन" पनि देखिएको श्रौ उपरोक्त मूर्तिको अनुमानित समयले पनि पुष्टि गरेको हुँदा निर्णित हुन्छ। यसरी त्यो मूर्ति महाराजाधिराज श्री अंशुवर्माको समयभन्दा अघि नै प्रतिष्ठापित भैसकेको भन्ने कुरा थाहा हुनुको साथै हाडिगाउँको लेखका "भुम्भुक्किकालजलशयन" नामले शिवपुरिस्थित बुढानीलकण्ठ अर्थात् भुइजःसी देवतालाई नै इंगित गरेको हो भन्ने विदित हुन्छ। महादेवको एक नाम जलेशाय भएको श्रौ त्यसको जलशायी शव्दसित तादात्म्य भएको हुँदा नेपाल भाषामा प्रचलित जलसीजःसी शव्दको व्युत्पत्तिको पत्तो हुन्छ। यसरी वर्तमान कालमा प्रचलित भुइजःसी नामको सर्वप्राचीन रूप उपरोक्त भुम्भुक्किकाजलशयन शव्दसित छ भन्दा कुनै अत्युक्ति हुँदैन।

उपरोक्त सवै आधारहरूवाट त्यो मूर्ति अनेकौं विशेषताहरूले युक्त भएर ज्यादै प्राचीन पनि भएको कुरा थाहा हुन्छ। नेपालमा अहिलेसम्म प्राप्त विशाल शिला मूर्तिहरूमा यो पनि एक मानिन्छ। फेरि यद्यपि विष्णुका जलशयन मूर्तिहरू भारतमा अनेकौं पाइए तापनि हरि-शंकरको जलशयन मूर्ति त्यहाँ पनि दुर्लभ छ। यसले पनि त्यस मूर्तिको पुरातात्विक महत्वको पत्तो हुन्छ। अनि त्यो मूर्ति उत्तरप्राचीनकालीन नेपालको धार्मिक समन्वयको एक ज्वलन्त उदाहरण हो भन्ने कुरामा कुनै शङ्का छैन।

आकाशदीप-एक अध्ययन

वैदिककालदेखि नै ज्योतिको आराधनालाई मानिसहरूले खास महत्व दिँदै आइरहेका छन्। यस कुरोको सुईंको वैदिक ग्रन्थहरूको अध्ययनमा स्पष्टत: पाइन्छ। तमसो मा ज्योतिर्गमय–वैदिक मनीषिहरूको मस्तिष्क प्रसूत महान् दार्शनिक अभिव्यक्ति थियो। त्यसमा ज्योति प्राप्तिलाई मानिसहरूको अन्तिम लक्ष्यको रूपमा लिइएको छ। किनभने ब्रह्मलाई ज्योतिहरूका पनि ज्योतिको रूपमा वर्णन गर्दै मुण्डकोपनिषदले ब्रह्मज्ञानलाई मोक्षका महत्वपूर्ण सोपानको रूपमा लिएको छ।

"हिरण्मये परे कोशे विरजं ब्रह्म निष्कलम्।
तच्छुभ्रं ज्योतिषां ज्योतिस्तद्यदात्मविदो विदुः॥"

–मुण्डक. उप. २।२।९

फेरि, ऐतरेयोपनिषद् अनुसार प्रज्ञानै ब्रह्म हुँदा ज्ञानदीपको अनन्तता निर्णित हुन्छ।

"प्रज्ञा नेत्रोलोकः। प्रज्ञा प्रतिष्ठा। प्रज्ञानं ब्रह्म॥"

–ऐतरेय उप. ५।३

अनि अनन्तता आकाश हुँदा त्यो सापेक्ष भएर शून्य छ। जुन शून्याकाशको ज्ञान ज्ञानको चरमोत्कर्ष भएर आकाशदीप ब्रह्म साक्षात्कारको प्रतीकको रूपमा लिइन्छ। यसरी आकाशदीपको दार्शनिक अभिव्यक्ति उपरोक्त परिप्रेक्षमै लिन सकिन्छ।

पौराणिक ग्रन्थहरूमा आकाशदीपबारे विस्तृत वर्णन पाइन्छ। हेमाद्रि आदि पुराणहरू अनुसार सन्ध्या समय घरको समीपमा मानिसको उँचाइ बराबरको काठको लठ्ठी गाडेर त्यसमा आठवटा वत्ति जलाइन्छ। ती

आठ वत्ति निम्न देवता, पितृ तथा भूतप्रेतका लागि जलाइएका हुन्–१. धर्म २. महादेव, ३. पृथ्वी, ४. श्री राधा दामोदर, ५. धर्मराज, ६. प्रजापतिगण, ७. पितृगण ८. प्रेत। कार्तिक महात्म्यमा आकाशदीप बाल्नुको लागि २० अथवा ६ अथवा ५ हातका बाँसको आवश्यकता वर्णित छ। ब्रह्माण्डपुराण अनुसार भगवत् मन्दिरमा आकाशदीप बाल्ने व्यक्ति हजार अग्निष्टोम यज्ञ गरेको पुण्यको हकदार हुनेछ। त्यस ग्रन्थमा यस कुरोको पनि वर्णन पाइन्छ कि कार्तिकमा सन्ध्या समय कृष्णको लागि आकाशदीप बाल्ने व्यक्तिले लक्ष्मी तथा प्रचुर मात्रामा धनधान्य प्राप्त गर्दछ।

यद्यपि आकाशदीपको परम्परा प्राचीनकालदेखि नै चल्दै आइरहेको छ तापनि पुरातात्विक आधारमा यसको प्रचलन पाँचौं शताब्दी ई. देखि भएको कुरा निश्चित छ। नेपाल एवं भारतको सांस्कृतिक उपनिवेशस्वरूप रहेको मलेशियाको अनुमानित पाँचौं शताब्दी ई. को एक अभिलेखमा आकाशदीपको बारेमा वर्णन गरिएको छ। जसबाट उक्त कुराको पुष्टि हुन्छ। नेपालमा आकाशदीपलाई आलोकदीपको संज्ञा प्राप्त छ जसलाई नेपाल भाषाभाषीहरू आलुमता नामले पुकार्छन्। प्राचीनकालदेखि अविच्छिन्न रूपले आजसम्म पनि नेपालमा आकाशदीप बाल्ने परम्परा प्रचलित नै छ। यो दीप कोजाग्रत पूर्णिमादेखि एक महीनासम्म बालिन्छ। यहाँ प्रचलित जनश्रुति अनुसार कार्तिकको पवित्र महीनामा आकाशचारी देव, गन्धर्व, किन्नर, सिद्ध ऋषि आदिहरूले अंध्यारो रातमा कतै बाटो नभुलोस् भन्ना खातीर आकाशदीप जलाइन्छ। प्रख्यात विद्वान् डा. मोतीचन्द्रको अनुसार आकाशदीप यस पृथ्वीमा नक्षत्रमण्डलको प्रतीक छ या सम्भवतः यी आकाशदीप आकाशचारी यक्षहरूको मार्ग सूचनको प्रतीक हो। किनभने कार्तिकको महीना यक्षहरूको महीना हो जसमा यक्षपूजा र दीपज्योतिको विशेष महत्व हुन्छ।

आकाशदीपबारे अनेकौं जनविश्वास तथा लोककथाहरू छन्। निःसन्देह तिनीहरूमा मुख्य विश्वास भूत प्रेतहरूबाट रक्षा तथा पितृहरूको मार्ग दर्शन

न्हो। यस कुरोको पत्तो चीन, जापान, श्याम र दक्षिण अमेरिका आदि मुलुक-हरूमा प्रचलित आकाशदीपको अध्ययनमा पनि हुन्छ । चीनमा तेंग चीह पर्वमा हजारौं कंडीलहरू बनाइनुको साथै १०० फूट अग्लो एक चक्र निर्माण गरी त्यसमा हजारौं बत्तिहरू बाल्दछन् । जापानमा तोरी नागाशी पर्वको अवसरमा उपर्युक्त किसिमका कंडीलहरू बालेर पानीमा प्रवाहित गर्दछन् । जापानीहरूको विश्वास अनुसार अगणित आत्माहरू, जसका परिवारमा कोही जीवित छैन, व्याकुल भएर भट्किराखेका हुन्छन् ग्रौ यस त्यौहारमा जलमा प्रवाहित कंडीलहरूमा लेखिएका प्रार्थनाहरूबाट तिनीहरूका आत्मालाई शान्ति मिल्दछ ।

यी विश्वासहरूको अतिरिक्त आकाशदीपबारे एक अर्को पनि विश्वास पाइन्छ । प्राचीनकालमा व्यापारी अथवा अन्य मानिसहरू गहिरो समुद्रहरू पार गरेर देश विदेशमा व्यापार या अन्य प्रयोजनहरूको लागि जान्थे । तिनीहरू प्रायः कार्तिकमा फर्कन्थे । यसरी तिनीहरूको मंगल कामनाको लागि प्रतीक रूपमा नारीहरू आकाशदीप बाल्दथे । महाकवि श्री जयशंकर प्रसादको एक अमर कहानी आकाशदीपमा पनि यसको चित्रण गरिएको छ ।

उपर्युक्त जत्ति पनि जनविश्वासहरू पाइएका छन् तिनीहरूमा सत्यको यथार्थ प्रदर्शन भए जस्तो लाग्दैन । साँच्चै भन्ने हो भने आकाशदीप बाल्ने परम्पराको आश्विन मासमा सम्पन्न हुने दशहराको उत्सवसित घनिष्टतम सम्बन्ध रहेको छ । दशहराको उत्सव दानवी प्रवृत्तिमाथि मानवी या दैवी शक्तिको विजय अर्थात् अन्धकारमाथि प्रकाशको प्रभुत्व स्थापित भएको अवसरको स्मृतिको प्रतीकस्वरूप थियो । अनि सोही विजयको उल्लासमा कोजाग्रत पूर्णिमादेखि आरम्भ गरिएर एक महीनासम्म नक्षत्रहरूको प्रतीक स्वरूप आकाशदीप बाली पृथ्वी समेत सम्पूर्ण ब्रह्माण्डलाई नै ज्योतिर्मय पार्ने परम्परा चलेको अनुमान हुन्छ । तीन त्रिभूवनमै अन्धकारमाथि प्रकाशको विजय भएको हुँदा त्यसको उत्सवस्वरूप तीनै लोकमा दीप बालेर सोल्लास साथ यो उत्सव मनाइन्छ। दीपावलीको अवसरमा बालिने दीप-

मालिका, नरक चतुर्दशीको दिन पृथ्वीमा बाल्ने दीप तथा कोजाग्रत पूर्णिमा-देखि महीना भर नै आकाशदीप बाल्ने परम्परा स्वर्ग, पृथ्वी तथा पातालमा उपरोक्त उत्सव सजधजका साथ मनाइएको प्रतीकस्वरूप छन्। विजयको अवसरमा आकाशदीप बाल्ने परम्परा प्राचीनकालमा पनि चलेको हुँदा उक्त कुराको पुष्टि हुन्छ। उपर्युक्त अनुमानित पाँचौं शताव्दी ई. को मलेशियाको अभिलेखमा श्री मूलवर्मा राजाले विजयको उपलक्ष्यमा आकाशदीप वालेको कुरा वर्णित छ जुन उपरोक्त कुरोको उदाहरणस्वरूप छ।

अर्को, दानवहरूको संहारपछि कोजाग्रत पूर्णिमाको दिन धनकी देवी लक्ष्मीको आगमन हुने श्रौ सोही दिनदेखि आकाशदीप बाल्ने परम्पराले आकाशदीप आनन्दले विभोरित भई मनाइने उत्सव विशेष भएको कुरा निश्चयै जानिन्छ। यसै कार्तिक महीनामा दानवहरूका संहारक श्रौ सत्वजन-हरूका पालक भगवान् विष्णु पनि जागा हुने हुँदा यो महीनामा मानिसहरू अत्यन्त नै हर्षित भएका हुन्छन्। किनभने तिनीहरू अन्धकारको होइन, प्रकाशका पुजारी थिए। ज्योतिलाई नै तिनीहरू आफ्नो अन्तिम लक्ष ठान्दथे। तमसो मा ज्योतिर्गमय तिनीहरूका मूलमन्त्र थिए। ज्योति खालि यो पृथ्वीमा होइन, सम्पूर्ण ब्रह्माण्डमा नै व्याप्त भएको तिनीहरू देख्न चाहन्थे। यसै तथ्यको परिप्रेक्ष्यमा यो कार्तिकी आकाशदीपको परम्परालाई लिन सकिन्छ।

सीताका विविधरूप

नेपालका अनेकौं विभूतिहरूमध्ये सीता पनि एक रहेकी छिन्। सीताको जन्म जनकपुर इलाकामा भएको मानिन्छ । अन्य देवी देवताहरू जस्तै सीताको उत्पत्ति पनि विवादास्पद विषय रहेको छ । रामकथाको बारे अनेकौं ग्रन्थहरू प्राप्त भएका छन् जसमा सीताको उत्पत्तिबारे मतभेद पाइएको छ । । ऋग्वेद ४, ५७, ६–७ ऋचाहरूको अनुसार सीता कृषिकी अधिष्ठातृ देवी हुनुको साथै देवराज इन्द्रकी पत्नी भएको अनुमान हुन्छ । कुमारसम्भव ५.६१ मा जोतेको सुक्खा भूमिस्वरूप मानेकी सीतालाई इन्द्रले अनुग्रह गरे जस्तै भगवान् शिवको कृपादृष्टि पार्वतीमाथि कहिले पर्ने भनी वर्णित वर्णनबाट पनि उपर्युक्त कुरोको पुष्टिमा सघाउ पुऱ्याएको छ। अथर्ववेदमा विभिन्न जीवनोपयोगी वस्तुहरूको प्रदात्री सीताको वन्दना गरिएको छ, जबकि कृष्ण यजुर्वेदको तैत्तरीय ब्राह्मणमा तिनी प्रजापतिकी पुत्रीको रूपमा वर्णित छ । उत्तरप्राचीनकालमा कृष्ण यजुर्वेदको तैत्तरीय शाखाको व्यापक प्रचार रहेको कुरा तत्कालीन अभिलेखहरूको अध्ययनबाट जानिएर त्यस समय नेपालमा सीतालाई प्रजापतिकी पुत्रीको रूपमा पनि मानिने कुराको अनुमान हुन्छ । हरिवंश पुराणमा दुर्गा भगवतीको वन्दना गर्दै तिनलाई कृषकहरूका लागि सीता औ प्राणीहरूका लागि धरणी भनी वर्णन गरिएको छ । महाभारतको जयद्रथ पर्वमा बीजहरूलाई उत्पन्न गर्ने सीताको उल्लेख आएको छ, जसमा पनि सीताको कृषिकी अधिष्ठात्री देवीकै स्वरूप प्रकटित हुन्छ ।

हजारौं वर्षसम्म सीताको पूजा कृषिकी अधिष्ठात्री देवीको रूपमै भएको थियो । धेरैजसो विद्वान्हरू यस कुरामा सहमत छन् कि कृषिकी अधिष्ठातृदेवी सीतानै पछि गएर दाशरथी रामकी पत्नी भइन्। रामकथाका प्रसिद्ध विद्वान् डा. फादर कामील बुल्केले डा. बेबरको मतको उल्लेख

गर्दै यसरी लेखेको छ—डा. वेबरको अनुसार सम्पूर्ण रामायण काव्य एक रूपक मात्र हो, जसद्वारा दक्षिणतिर आर्य सभ्यता र कृषिको प्रचार प्रसार देखाइएको छ । वैदिक कृषिकी अधिष्ठात्री देवी सीता श्रौ रामायणको सीतामा कुनै भेद छैन । रामायणमा सीताको जन्म श्रौ तिरोधान सम्वन्धी बृत्तान्त पनि यसै तथ्यतिर निर्देश गर्दछ । तिनकी बहिनी उर्मिलाको अर्थ लहलहाएको खेत नै सम्झनुपर्छ । भवभूतिको उत्तररामचरितमा पनि तिनका पिता जनकको एक विशेषण सीरध्वज पाइन्छ जुन कृषिसित सम्बन्ध राख्दछ । आदिवासीहरूको आक्रमणबाट सीताको रक्षा आर्य कृषिका प्रतीक राजा राममा निर्भर थियो ।"

वैदिक साहित्यको अतिरिक्त अन्य कृतिहरूमा सीतालाई जनकात्मजा, भूनिजा, रावणात्मजा, पद्मजा, रक्तजा श्रौ अग्निजा भनिएको छ । आदिरामायण, महाभारत श्रौ हरिवंशमा वर्णित वर्णनले सीता अयोनिजा होइन भन्ने लाग्दछ । महाभारतमा तिनलाई स्पष्टरूपले जनकपुत्री भनिएको छ । रामायणमा यद्यपि यत्रतत्र तिनको भूमिजा भएको संकेत पाइन्छ तापनि बालकाण्डमा तिनलाई स्पष्टरूपले जनकको कूलमा उत्पन्न भनिएको छ । वालिमकी रामायणमा यज्ञभूमि वनाउनको लागि हलो चलाउँदा माटोबाट कन्या उत्पन्न भएको कथा पाइन्छ । संस्कृतमा यज्ञस्थलमा खींच्ने रेखाहरूलाई पनि सीता भनिन्छ । सम्भवत: यसैले त्यस कन्यालाई सीताको संज्ञा प्रदान गरिएको हुनु धेरै सम्भव छ । त्यस कन्यालाई नै राजा जनकले पुत्रीरूपमा ग्रहण गरेको हुँदा तिनलाई जानकी पनि भनियो । कतिपय विद्वानहरूको यो पनि मत छ कि कृषिकी अधिष्ठात्री देवीको प्रभावमा चमत्कारिता ल्याउने उद्देश्यले नै सीताको अलौकिक जन्मको परिकल्पना गरियो।

वालिमकी रामायणको उत्तर काण्डमा सीताका पूर्व जन्मकोबारे एउटा कथा उल्लेख गरिएको छ । नारायणलाई पतिरूपमा प्राप्तिको लागि हिमालयमा घोर तप गरिराखेकी पितृहीन कुशध्वज ऋषिकी पुत्री वेद-

वतीलाई रावणले तिनको कपाल समातेर तान्न लाग्दा तिनले आफ्नो कपाल काटेर रावणको पंजावाट मुक्त भई रावणको विनाशको लागि अयोनिजाको रूपमा जन्म लिने कुरा बोलेकी थिइन् । तिनले अनि अग्निमा प्रवेश गरी कालान्तरमा जनकको यज्ञ भूमिमा तिनी उत्पन्न भइन् । श्रीमद्भागवत अनुसार पुत्रीरूपमा प्राप्तिको लागि कृषि जनानुमोदित परम पावन पुत्रीष्टि नामक महायज्ञको समारम्भ गर्दा यज्ञार्थ भूमि शोधन स्वरूप स्वर्ण लांगल पद्धतिले रत्नसिहासनस्थित दिव्य कन्याको प्रादुर्भाव भयो जो सीता, भूमिजा, अवनि कुमारी आदि नामले प्रख्यात भइन् । यस कुराको उल्लेख वाल्मिकी रामायण, पद्मपुराण, महाभारत, बृहद्‌विष्णुपुराण, लोमश संहिता, कात्यायन संहिता तथा रावण संहिता आदिमा पनि पाइन्छ । जसबारे बृहद्‌विष्णुपुराणान्तर्गत मिथीला महात्म्य अध्याय २३ श्लोक १८ मा यसप्रकार वर्णन गरिएको छ । "यत्र सिहासना-सीना सखीभिः परिवारिता । आविर्वभूव वैदेही प्रोक्तोऽसावुर्विजा हृदः ।।" कृत्तिवास रामायण श्रौ विचित्र रामायणमा सीतालाई रावणात्मजा भनिएको छ । अग्निजा सीताको जन्म वृतान्त प्रकारान्तरले वेदवतीको कथामै आधारित छ । दशौं शताब्दी ई. मा कम्बन् रचित कम्ब रामायणमा सीतालाई पृथ्वीमा लक्ष्मीको अवतरणको रूपमा उल्लेख गरिएको छ । क्षेमेन्द्रकृत दशावतारको पद्मजा सीता तथा अद्‌भुत रामायणको रक्तजा सीता पनि रावणसित सम्बन्ध राख्तछ । काश्मीरी रामायण श्रौ महाभागवतमा सीतालाई मन्दोदरीको गर्भबाट उत्पन्न भएको कुरा वर्णित छ । तर, बौद्धग्रन्थ दशरथ जातकमा सीतालाई महाराज दशरथकी पुत्रीको रूपमा उल्लेख गरिएको छ ।

अत्यधिक विद्वान्‌हरूले सीताको अलौकिक जन्मलाई नै स्वीकार गरी तिनलाई भूमिजा मानेका छन् । वैदिक कृषिकी अधिष्ठात्री देवी सीता श्रौ वेदवतीको कथाको प्रभाव भूमिजा सीताको उपाख्यानमा परेको कुरालाई अस्वीकार गर्न सकिंदैन ।

सीताहरणको प्रसंगमा कतिपय मर्यादावादी कृतिकारहरूले रावणले सीताको स्पर्शसम्म पनि नगरेको कुरा लेखेका छन् । अध्यात्म रामायणमा रावणले सीतालाई मातृवत् पालन गरेको कुरा वर्णित छ । तर, वाल्मिकी रामायणका कविले रावणको हृदयलाई निष्कलुष स्वीकार्दैन । उपर्युक्त विपत्तिकालमा सीताको मर्यादा रक्षाको लागि नै माया सीताको परिकल्पना गरिएको थियो । अग्निपरीक्षाको प्रसंग पनि उक्त माया सीताको वास्तविकता-लाई प्रमाणित गर्ने उद्देश्यले नै ल्याइएको अनुमान हुन्छ । कूर्म्मपुराण अनुसार सीताहरण हुनुभन्दा पहिले नै अग्निदेव ब्राह्मणको रूप लिई रामकहाँ आई यसरी वोल्छन्–"सीताहरणको समय आइसकेको छ । सीताजी मलाई दिई तिनको छाया मात्र यहाँकहाँ राख्नुस् । अग्नि परीक्षाको समय तिनलाई फर्काउँला । मलाई देवताहरूले पठाएको हो । म अग्निदेव हूँ ।" लंकावाट फर्किसकेपछि अग्निदेवले नै मायामयी सीताको रहस्य खोले श्रौ रामसित निष्कलंक सीतालाई ग्रहण गर्ने अनुरोध गरे ।

रामगाथा बारेका सवै ग्रन्थहरूमा पाठकको सहानुभूति सवभन्दा वढी सीतामै पाइएको छ । सीताको चरित्र आदर्श कन्या, आदर्श पत्नी तथा आदर्श माताको रूपमा अत्यन्त मर्यादित, हृदयस्पर्शी, पवित्र एवं वन्दनीय रहेको छ । यसैकारण सीता नेपाली एवं भारतीय नारीहरूको लागि आदर्श हुनुको साथै मर्यादा पुरूषोत्तम श्रीरामको कीर्तिका मूलाधार पनि छ ।

नागपूजा र नागपञ्चमी

नागपूजाको परम्परा वैदिककालदेखि चल्दै आइरहेको छ । वैदिककालमा श्रावण पूर्णिमाको दिन पाकयज्ञ गरिन्थ्यो जसमा सर्पहरूको पनि स्तुती गरिन्छ। यस पाकयज्ञको विवरण गृह्य सूत्रकार गौतमले पनि आफ्ना सूत्रहरूमा गरेका छन् । यसरी नागपूजाको वैदिकस्वरूप स्पष्टिन्छ । यसको अतिरिक्त सूर्योपासनाको प्राचीन परम्पराबाट पनि सर्पपूजाको प्राचीनताको ऐतिह्यको पत्तो हुन्छ । सर्प सूर्यरश्मीमण्डलको प्रतीकस्वरुप छ । ऋग्वेदमा सूर्य अहिको रूपमा वर्णित छ । सम्भवतः कालान्तरमा गई त्यही सूर्योपासना सर्पोपासनाको रूपमा विश्वव्याप्त हुन गयो । सर्प वैभवमय मातृत्वको प्रतीकस्वरूप छ । यही न कारण छ मानसकारले सर्पहरुका माता सुरसाका लागि ब्रह्मचारी हनुमानको मुखबाट माई शव्दको प्रयोग गराएका छन् । जुन उचित पनि लाग्दछ । किनभने मनुष्य शरीरस्थित षट्चक्रहरूमध्येका मूलाधारमै सर्पिणीको जस्तै आकृति भएको कुण्डलिनी शक्ति अवस्थित छ जुन मानव शरीरको शक्ति मूल छ । फेरि, सूर्यमा सन्निहित अनन्त प्राणशक्ति शरीरस्थ प्राणको अमरताको लागि अत्यावश्यक छ। सर्प सूर्यको प्रतीक छ। यसर्थ हामीमा आफ्नो सर्पिणी शक्तिलाई निरन्तर उजागर गर्ने दिशामा अग्रसर हुनु नितान्त जरुरी छ। वेदको अनुसार सूर्य रश्मीहरू तिमिरको विनाश गर्दछन् । तिनीहरूलाई सर्पको केंचुल सदृश मानेका छन् । सर्प केंचुलको परित्याग गरी नित्य नवीन बन्दछ । यसरी पौराणिकहरूको अनुसार सर्प अमरत्वको प्रतीक छ, विलासको प्रतीक छ।

नागपूजाको पावनता यसबाट सिद्ध हुन्छ कि स्वयम् महादेवको मुखबाट नागपूजा देवताहरूको लागि पनि दुर्लभ भएको कुरा वर्णित छ । सर्पदेव परमपावन् भगवान् शिवको मस्तकमा अलङ्कारुपले विराजित छन् औ भगवद्गीतामा स्वयं भगवान् कृष्णले वासुकीलाई आफू नै (सर्पाणा-

मस्मिवासुकी) वताएका छन् । यजुर्वेद औ अथर्ववेदमा नाग सर्परूपी प्राणीहरूको स्तुती गरी तिनीहरूको वास जलाशयहरूमा बताइएका छन् । गणेशको एक हाथमा नागवाण छ र तिनको कटिमा नागको आवरण दिइएको छ। श्री कृष्णका अग्रज वलराम औ श्री रामका अनुज लक्ष्मणलाई शेषनागको अवतार मानेका छन् । शेषनागले सम्पूर्ण पृथ्वीलाई धारण गरिराखेको छ औ भगवान् श्री विष्णु क्षीर सागरमा शेष सैय्यामै अवस्थित रहनुहुन्छ । सम्भवतः यी नै कारणहरूले गर्दा पाकयज्ञद्वारा भगवानले सर्प पूजाको विधान गरे औ जसको फलस्वरूप पनि पुराण तथा इतिहास-हरूले नागपूजा देवताहरूलाई पनि दुर्लभ भएको कुरा उल्लेखेका थिए ।

जैन तीर्थंकरहरू तथा बुद्धमूर्तिहरूको शीरमा मुकुटाकार सर्पका आकृतिहरू निर्मित छन् । यो परम्परा कहिलेदेखि प्रारम्भ भयो भन्ने बारे एक कथानक छ । जैन धर्मका तेइसौं तीर्थंकर पार्श्वनाथले एकपटक यज्ञमा जल्न लागेका एक सर्पयुग्मको रक्षा गरेका थिए। कालान्तरमा त्यही सर्पयुग्म धीरेन्द्र र पद्मावतीको नामले प्रख्यात भई तिनका प्रथम शिष्यहरू भए । त्यसै बेलादेखि जैन तीर्थंकरहरूका आकृतिहरूको शीरमा सर्पाकार मुकुट वनाउने चलन चलेको हो । भनिन्छ कि स्वामी पार्श्वनाथले आर्य एवं नागजातिहरू वीच मधुर सम्वन्धको सूत्रपात गरे । पाण्डुपुत्र अर्जुनले नागकन्या उलूपीसित विवाह गरेका थिए भने जरत्कारूमुनिले वासुकी नागकन्यासित । रघुवंश महाकाव्यमा नागकन्याहरूको विवाह रघुवंशीहरू सित भएको कुरा वर्णित छ । नव्य व्याकरणका आदि प्रणेता पाणिनिको सम्वन्ध नागजातिसित भएको कुरा उल्लेख गरिएको छ । राजतरंगिनीमा किरा नागको प्रतीक मानिएको छ । नल दमयन्तीको कथामा नागहरूको उल्लेख यसरी गरिएको छ ।

"कर्कोटकस्य नागस्य दमयन्त्याः जलस्य च ।
ऋतुपर्णस्य राजर्षेः कीर्तने कलिनाशनम् ॥"

अर्को, सर्पको प्रतीकात्मक परम्पराप्रति आकर्षित भई प्राचीनकालमा मानिसहरू आफूलाई नागजातीय भन्न लागेका थिए । वायु र विष्णुपुराणहरूबाट दश नागराजाहरूको बारे जानकारी प्राप्त हुन्छ । पुराणहरूको अतिरिक्त वाकाटक, गुप्तवंशीय औ मथुराका अभिलेखहरूमा नागवंशीय शासकहरूको उल्लेख पाइन्छ । मथुरामा पाइएका मुद्राहरूको आधारमा केही नागहरू कुशानहरूका सामन्त भएको कुराको चाल पाइन्छ । गुप्तवंशीय राजाहरूले नागराज गणपति नागसेनलाई परास्त गरेका थिए औ चन्द्रगुप्त द्वितीयले नागकन्या कुबेर नागासित विवाह गरेका थिए। वाकाटक अभिलेखबाट ज्ञात हुन्छ कि नागराजाहरूले कुशान क्षेत्रपहरूलाई परास्त गरी वाराणसीस्थित गङ्गा तटमा अश्वमेध यज्ञ गरेका थिए ।

सूर्य प्रतीक सर्पहरूको उपासनाको प्रसार विदेशहरूसम्म पनि पुगेको थियो । अश्विनी कुमारहरू जस्तै रोमवासीहरूमा एसकुलपिपस देववैद्य मानिन्छ । यिनका हातका दण्ड दुइओटा सर्पहरूबाट आवेष्ठित छन् । मिश्र निवासीहरूको हार्मिस, बेबिलोनियाको बेल आदि सबै सर्पका प्रतीक मानिएर तिनीहरूको पूजा त्यहाँ गरिन्छ । भनिन्छ कि अलेक्जेण्डर नागवंशीय थियो । इजरायलका राजा योथभले नागपूजाको लागि एक मन्दिरको निर्माण गरेका थिए । एशिया माइनरका प्राचीन मुद्राहरूमा सर्पका आकृतिहरू बनाइएका छन् । बाइबलको आरम्भमै आदम र ईवको कथामा सृष्टि रचनाको समय एउटा सर्प रूखमा टाँसिराखेको देखाइएको छ । यसरी सर्पोपासना एशिया, यूरोप र दक्षिण अमेरिकी देशहरूसम्म फैलियो।

नागपूजाको परम्परा वैदिककालदेखि नै प्रचलित भएको कुरा माथि वर्णित वर्णनबाट थाहा भइसकेको छ । नागपूजा विशेषतः श्रावण शुक्ल पञ्चमीको दिन प्रत्येक वर्ष गरिन्छ। उपर्युक्त दिन आस्तिकको सदुपदेशबाट परिक्षित पुत्र जनमेजयलाई आफ्नो अपूर्ण नागयज्ञ समाप्त गर्नुपऱ्यो । त्यसै दिनदेखि यो तिथि नागपञ्चमी भनिन लाग्यो जुन आजसम्म नागहरूको परमप्रिय आह्लादकारी तिथि रहेको छ।

नागपञ्चमीको पूजाबाट दुई मौलिक शिक्षाहरू हामीलाई प्राप्त हुन्छ–विभूति पूजा र साम्यदृष्टि । कुनै पनि योनीमा उत्पन्न प्रतापी जीव विभूतिवानको रूपमा लिइन्छ । भगवद्‌गीताको अध्ययनमा यस तथ्यको पुष्टि हुन्छ । जसको कारण हाम्रा प्राचीन मनीषिहरूले विभूति पूजाको आज्ञा दिएका छन् । विभूति पूजाको अभिप्राय त्यस शरीरको पूजा नभई त्यस शरीरद्वारा परमात्माको अंशको जत्ति विकास भएको छ त्यसको पूजा हो । यही सिद्धान्त वासुकी आदि द्वादशनागहरूको पूजामा लागू हुन्छ । नागपञ्चमीको पूजाको चरित्र नायक विभूतिवान सर्प थियो । यसर्थ नागपूजा अन्य परम्परा नभई विभूति पूजा हो भन्ने कुरा सजिलैसंग स्वीकार्न सकिन्छ ।

फेरि, आर्य धर्मको मूल सिद्धान्त शत्रु र मित्रमा साम्यदृष्टि राख्ने रहेको छ । यस उच्च आदर्शलाई सामुन्नेमा राखी नागपञ्चमीको अध्ययन गरिएमा आर्यहरूको सभ्यता तथा धर्मपरायणताको पत्तो हुन्छ । दूध दिने गाईको पूजा गर्ने जाति कदाचित् प्राप्त हुन सकिएला तर विष ओकल्ने सर्पको पूजा गर्ने जाति त आर्यहरू नै हुन् । यसरी नागपञ्चमीको उच्च आदर्शको पत्तो हुन्छ ।

नेपालमा भागवत धर्मको परम्परा र ललितपुरस्थित श्री कृष्ण मन्दिर

वैष्णव धर्म नेपालका सर्वप्राचीन धर्महरूमध्ये एक मानिन्छ। उत्तर-प्राचीनकालीन नेपालका सुविख्यात लिच्छवी राजा श्री मानदेव प्रथमको समयमा यस धर्मको अत्यधिक उन्नति भएको कुरा तत्समयका अभिलेख एवं मूर्तिहरूको अध्ययनबाट स्पष्टत: जानिन्छ। यो धर्म पछि गएर वासुदेव अर्थात् भागवतधर्मको रूपमा विकसित भयो। संवत् ४९५ को ल. पु. सिकुबहिलको अभिलेखमा देशवर्म्मालाई परमभागवत भनी वर्णित हुनु औ संवत् ५२६ को लेलेको अभिलेखमा भगवद्वासुदेव ब्राह्मणगौष्ठिक भनी उल्लेख गरिएको पाइएबाट यस तथ्यको पत्तो हुन्छ। यस कालमा भागवतधर्मको पञ्चरात्र सिद्धान्तको पनि विकास भएको कुरा साँखुस्थित एक खेतमा उत्तरप्राचीनकालीन पञ्चवीरहरूको आकृति उत्कीर्ण स्तम्भको प्राप्तिबाट थाहा हुन्छ। पञ्चरात्र सिद्धान्तको विकासले भगवान् वासुदेव सम्पूर्ण देवताहरूमा सबैभन्दा ठूलो मानिएको कुराको जानकारी हुन्छ। मालव संवत् ४६१ को मन्दसोर अभिलेखमा सम्पूर्ण देवताहरूको प्रादुर्भाव वासुदेवबाटै भएको कुराको चित्रण गरिएको छ। सर्वशक्तिमान देवता मानिएको भगवान् श्री कृष्णको लीलालाई प्रकटित गर्ने कालीयदमनको एक सुन्दर मूर्ति हनुमानढोकाभित्र प्रतिष्ठापन गरिएको पाइएकोलाई यहाँ यसै सन्दर्भमा लिन सकिन्छ। स्कन्दपुराणमा वासुदेवलाई सर्वश्रेष्ठ देवताको रूपमा वर्णन गरिएको छ।

"गंगाद्वारसमं तीर्थं न कैलाससमो गिरिः ।
वासुदेवसमो देवो न गंगासदृशं परम् ॥
अस्मिन् क्षेत्रेऽर्धमासे तु शिवसन्यस्तमानसः ।
प्राप्नोति शिवसायुज्यं किमन्यैर्वहुभाषितैः"

—स्कन्द

याज्ञवल्क्यले आफ्नो संहितामा विष्णुलाई मोक्ष प्रदान गर्ने सर्वोच्च देवता स्वीकार्दै भगवान् विष्णु नै ब्रह्मा, विष्णु तथा सूर्यको रूपमा उल्लेखेको छ । गौतमले पनि विष्णुलाई ब्रह्मा, रुद्र आदि सबै देवताहरूको आश्रयको रूपमा लिएको छ । यसरी उत्तरप्राचीनकालीन नेपालमा विष्णु अर्थात् वासुदेवको महत्ता यथेष्ट मात्रामा स्थापित भएको कुराको पत्तो हुन्छ ।

उत्तरप्राचीनकालपछि मध्यकाल औ वर्तमानकालमा पनि भागवत धर्मको ज्यादै प्रचार भएको थियो । मध्यकालमा भागवत धर्मको पञ्चरात्र सिद्धान्तको प्रचार रहेको कुरा ने. सं. १४७ को पञ्चरात्र ग्रन्थको प्राप्तिले विदित हुन आएको छ ।

"इति पञ्चरात्रे स्वयंभुवे अष्टमोध्यायः समाप्तः.....
......नवमोऽध्यायः समाप्त : ॥ ॥ सम्वत् १४७
आषाढ शुक्ल एकादश्यां शुक्रवासरे × नक्षत्रे लिखितमिति"

बाह्रौं शताब्दी ई. मा बासुदेव कृष्णको एक मूर्ति चांगुनारायण स्थानमा प्रतिष्ठापन गरिएको कुरा ने. सं. २९६ को अभिलेखबाट जानिन आएको छ । सोह्रौं शताब्दी ई. मा लिखित श्रीमद्भागवतमा वासुदेव कृष्ण सम्वन्धि सयौं चित्रहरू चित्रित छन् । यी आधारहरूबाट मध्यकालमा भागवतधर्मको व्यापक प्रचारतिर स्पष्ट रूपले इंगित हुन्छ । पन्ध्रौं शताब्दी ई. का सुप्रसिद्ध वैष्णव आचार्य वल्लभाचार्यको निम्न पंक्ति यहाँ स्मरणयोग्य छ ।

"एकंशास्त्रं देवकीपुत्र गीतं
एकोदेवो देवकीपुत्र एव ।

मन्त्रोऽप्येकस्तस्य नामानि यानि
कर्माप्येकं तस्य देवस्य सेवा ॥"

श्री कृष्ण योगीराज थिए । उनी उपनिषद्कालीन एक महान् ऋषि थिए जसले घोर अङ्गिरसको शिष्य भई ब्रह्मज्ञान आर्जन गरेका थिए । छान्दोग्योपनिषद्को अध्ययनमा यस कुरोको स्पष्ट खुलासा हुन्छ । वैदिक समय ब्रह्मज्ञान आर्जन गर्ने व्यक्ति ब्राह्मण भनिन्थ्यो । ऋग्वेदको पुरुष सूक्तमा ब्राह्मणोऽस्य मुखमासीत् भनी वर्णन गरिएबाट उक्त तथ्यको समर्थन हुन्छ । उत्तरप्राचीनकालीन ठिमीको अभिलेखमा गुरोर्वासुदेव भनी उल्लेख गरिएको पाइएबाट उपर्युक्त वैदिक आदर्शको परिपालन तत्समय पनि थोरवहुत रूपमा स्वीकार्य थियो भन्ने कुरा जानिन्छ । वैदिक शिक्षाको पठन पाठन तथा वैदिक याज्ञिक कर्मकाण्डको सञ्चालन गर्ने व्यक्ति गुरु भनिने कुरा याज्ञवल्क्यबाट जानिएर पनि उक्त कुरोको पुष्टि हुन्छ । अर्को, उनी भगवान् शिव जस्तै कामविजयी थिए । वाह्रौं शताव्दी ई. को एक चित्रमा भगवान् श्री कृष्णले नारी आकृतिहरूबाट मात्र निर्मित घोडाको पिठ्यूंमा वसी घोड्चढीको आसन ग्रहण गरेको देखाइएबाट तिनको कामविजयी स्वरूप स्पष्ट निदर्शन हुन्छ ।

कामविजयी योगीराज श्री कृष्णको परम्परा मध्यकालीन नेपालमा पनि विद्यमान थियो । तत्समयका नेपालका सुविख्यात राजा श्री सिद्धि नृसिह मल्ल स्वयं एक योगीस्वरूप हुनुको अतिरिक्त योगीराज श्री कृष्णका परम भक्त थिए । तिनले ललितपुर मङ्गलबजारस्थित आफ्नो प्रासादको ठीक अगाडि वालगोपाल मन्दिर निर्माण गराउन लगाएका थिए जुन अद्यापि नेपाली कला एवं संस्कृतिको जीवन्तस्वरूप भई विद्यमान छ ।

यद्यपि शिखर शैलीको उत्पत्ति सर्वप्रथम गुप्तकालमा भएको थियो। देवगढस्थित दशावतार मन्दिर शिखरयुक्त रहेको छ जसलाई शिखर शैलीको सर्वप्राचीन नमूनाको रूपमा लिइन्छ । ल. पु. मङ्गलबजारस्थित २१ गजूर भएको कृष्ण मन्दिर सोही शैलीमा निर्मित नेपालका सर्वप्राचीन उल्लेखयोग्य शिलाप्रासाद रहेको छ । मध्यकालीन नेपालका सुप्रसिद्ध

राजा श्री सिद्धिनृसिंह मल्लले योगीराज श्री कृष्णको लागि शिखर शैलीमा प्रस्तुत शिला मन्दिर निर्माण गर्न लगाई आफूलाई तपोभूमि पार्वत्य प्रदेशका अधिपति दर्शाउने चेष्टा गरेको प्रतीत हुन्छ। यो मन्दिरले विभिन्न हिमाली पर्वतहरूको भ्रम गराउने कुराको उल्लेख ने. सं. ७५७ को अभिलेखमा गरिएबाट पनि उक्त अनुमानको पुष्टि हुन्छ।

शिखर शैलीमा निर्मित प्रस्तुत मन्दिर गजूरस्वरूप २१ कलशयुक्त छ। उपर्युक्त अभिलेखमा राजा श्री सिद्धिनृसिंह मल्लले बालगोपालको मन्दिर निर्माण गर्न लगाई त्यसमा सुवर्णका २१ कलशले सिंगारिएको कुरा वर्णन गरिएबाट गजूर के हो ? श्रौ मन्दिरमा गजूर राखिनाको तात्पर्य के हो भन्ने कुराको खुलासा हुन आएको छ। प्रस्तुत बालगोपाल मन्दिरस्थित अभिलेखले मन्दिरहरू निर्माग गर्दा त्यसमा देवता प्रतिष्ठापन गरी ती देवतालाई कलशले अभिषिक्त गरिएको प्रतीकस्वरूप मन्दिरमाथि गजूर राख्ने परम्परा चलेको हो भन्ने कुरा थाहा हुन आएको छ। अर्को, यो मन्दिरले विभिन्न हिमाली पर्वतहरूको भ्रम गराउने कुराको उल्लेख आएबाट यस मन्दिरमा प्रयुक्त २१ गजूरस्वरूप कलशले सप्तकुलपर्वत, तिनका सप्तशक्ति श्रौ तिनीहरूका प्रसूत सप्त सन्ततितिर इंगित गरेको पनि लाग्दछ। किनभने हाम्रो प्राचीन परम्परानुसार जो कोहीको पनि शक्ति एवं सन्ततिहरू हुने कुरा निश्चित छ। नगराज हिमालयको शक्ति मेनका श्रौ पुत्ररत्न मेनाक भएको कुरा हाम्रो पौराणिक उपाख्यानले स्पष्टतः दर्शाइरहेको छ जसले पनि उपर्युक्त अनुमानको पुष्टि हुन्छ।]

यद्यपि यो मन्दिर बालगोपालको मन्दिरको रूपमा विख्यात छ तापनि यसले कोरा भावगत धर्मको बदला वैदिक अद्वैतवादको भावना मध्यकालीन नेपालमा पनि विद्यमान नै भएकोतिर स्पष्ट इंगित गरेको छ। यो मन्दिरको दोस्रो, तेस्रो तथा चौथो तल्लामा क्रमैसंग वासुदेव कृष्ण, शिवलिङ्ग तथा करूणामयका मूर्ति प्रतिष्ठापित छन्। एउटै मन्दिरमा एकको ठीक माथि अर्को गरी यी तीन मूर्ति एवं लिङ्गको प्रतिष्ठापनले उक्त देवताहरूको वीच कुनै भेदभाव नभई एउटै भएकोतिर लक्ष्य गरेको छ। मन्दिरको

सबभन्दा माथिल्लो तल्लामा करूणामयको मूर्ति प्रतिष्ठापित गरिएबाट एउटै परब्रह्मको सत्तालाई स्वीकारेको स्पष्ट छ । करूणामय मध्यकालीन नेपालमा ब्रह्मस्वरूप मानिने परम्परा रहेको कुरा तत्कालीन नेपालका कर्णाट राजा श्री श्रीनिवास मल्लको बुंगमति स्वर्णपत्राभिलेखबाट स्पष्टरूपले जानिन्छ ।

अर्को, प्रस्तुत वासुदेव-विष्णु मन्दिरमा उपर्युक्त तीन देवताका मूर्ति एवं लिङ्ग प्रतिष्ठापित गरिएकोलाई एउटै परब्रह्मका तीन भिन्न-भिन्न स्वरूप भएकोतिर निर्दिष्ट गरेको कुरा माथि वर्णित अभिलेखको प्रारम्भमा त्रिमूर्तिको स्तोत्र उत्कीर्ण गरिएको पाइएबाट पनि जानिन्छ । त्रिमूर्ति एउटै परब्रह्मका तीन भिन्न भिन्न स्वरूप मात्र रहेको छ। एक एव त्रिधास्मृत:। तैत्तिरीय उपनिषद्ले पनि यसतिर स्पष्ट इंगित गरेको छ। यी आधारबाट पनि यस मन्दिरले वैदिक अद्वैतवादतिर लक्ष्य गरेको कुरा स्पष्ट हुन्छ।

प्रस्तुत बालगोपाल मन्दिर वास्तुकलाको दृष्टिले पनि खास महत्त्व राख्तछ । यो मन्दिर मध्यकालीन नेपालमा प्रचलित मन्दिर निर्माण शैली हेरी यसको शैली बेग्लै खालको छ । यसलाई शिखर शैलीको संज्ञा दिइन्छ। जुन शैलीको पहिलो नमुना गुप्तकालीन देवगढको दशावतार मन्दिर रहेको छ । यसमा अन्य छत्र शैलीको मन्दिरमा जस्तो छानाको प्रयोग गरिएको छैन । यस मन्दिरमा ईंट र काठको साटो खालि ढुंगाको प्रयोग गरिएको छ । यी विशेषताहरूको अतिरिक्त यस मन्दिरको सौन्दर्य अभिवृद्धि हेतु स्थान स्थानमा रामायग, महाभारतका दृश्यचित्र एवं अभिलेखहरू शिलामा कुँदिएका छन् जुन यस मन्दिरको अर्को महत्वपूर्ण विशेषता रहेको छ ।

सुन्दरकलाले युक्त यो मन्दिर ललितपुर मङ्गलबजारस्थित प्राचीन राजप्रासादको ठीक अगाडि प्रतिष्ठापित छ । यस मन्दिरमा मध्यकालीन नेपाली मूर्तिकलाका अनूपम नमूनाहरू उत्कीर्ण छन् । ती मूर्तिहरूमा तत्कालीन नेपाली कलाका आदर्शको राम्रो प्रतिविम्बन पाइन्छ । यहीन कारण छ यो मन्दिर नेपाली कलाका सुन्दर नमूनास्वरूप मानिएर नेपाली

संस्कृतिलाई जीवन्तरूप प्रदान गर्न सक्षम भएको छ भन्न सकिन्छ। उत्तर-प्राचीनकालदेखि मन्दिर, भवनहरूमा प्राचीन अनुश्रुतिहरूमा आधारित चित्रहरू कुँद्ने परम्परा चलेकोको अनुरूप यस मन्दिरमा कुँदिएका रामायण, महाभारत तथा विष्णुका दशावतारका कथामा आधारित दृश्यचित्र तथा अभिलेखहरूले तत्कालीन नेपाली जनमानसको आचार विचार, मनोगत भावना तथा कर्तव्याकर्तव्यलाई परिलक्षित गरेका छन्। यस मन्दिरको भूईंतल्लास्थित भित्तामा वाल्मिकी रामायणमा आधारित श्री रामको जीवनका मुख्य मुख्य घटनाहरू चित्रमा कुंद्नुको अतिरिक्त ती चित्रहरूको वर्णन अभिलेखमा पनि गरिएको छ। ती चित्र एवं अभिलेखहरूले मनुष्यमा हुनुपर्ने आचार विचार, शील स्वभाव, भ्रातृस्नेह तथा पातिव्रत्यधर्म आदिको सुन्दर अभिव्यक्ति गर्नुको साथै दुष्टहरूप्रति कुन किसिमको व्यवहार गर्नु पर्दछ अौ सुख–दुःखमा कसरी धैर्य लिनुपर्छ भन्ने जस्ता भावनाहरूलाई दर्शाएका छन्।

यस मन्दिरको दोस्रो तल्ला माथि राधा, रूक्मिणीको बीचमा बाँसुरीको धूनमा रत श्री कृष्णको मूर्ति प्रतिष्ठापित छ। यी मूर्तिका अतिरिक्त यसको चारैतिर विष्णुका दशावतार मूर्तिहरू कुंदिएका छन्। ती दशावतार मूर्तिहरू हुन्–मत्स्य, कच्छप, वराह, नृसिंह, वामन, परशुराम, राम, वलराम, वुद्ध, कल्कि। श्री कृष्ण मूर्तिको वाहिरतिर चारै दिशाहरूमा यी अवतार मूर्तिहरूको प्रतिष्ठापनले यहाँ श्री कृष्ण भगवान् विष्णुको अवतारको रूपमा नभई स्वयं श्री विष्णु नै मानिएको स्पष्ट छ। यो तल्लाका भित्ताहरूमा महर्षि व्यास रचित महाभारतमा आधारित दृश्यचित्रको साथै अभिलेखहरू कुँदिएका छन्। ती चित्र एवं अभिलेखहरूको अध्ययनमा महाराज युधिष्ठिरको धर्मपरायणता, भ्रातृत्व प्रेम, श्री कृष्णको राजनैतिक चातुर्यता, अर्जुनको शस्त्र निपूणता, भीमसेनको वल, दुर्योधनको चालवाजी तथा स्त्री धर्म आदिको सुन्दर अभिव्यक्तिको साथै जुवा, भ्रातृ कलह आदि जस्ता सामाजिक खरावीहरूको राम्रो चित्रणको जानकारी हुन्छ।

यस मन्दिरको तेस्रो तल्लामा शिवलिङ्ग प्रतिष्ठापित छ। यो लिङ्ग

दोस्रो तल्लास्थित वासुदेव श्री कृष्णको मूर्तिको ठीक माथि रहेको छ । त्यस्तै उपर्युक्त शिवलिङ्गको ठीक माथि पर्ने गरी चौथो तल्लामा ब्रह्मस्वरूप करूणामयको मूर्ति प्रतिष्ठापित थियो जुन हिजो आज हराइसकेको छ । यस मन्दिरको सबभन्दामाथि करूणामयको मूर्ति प्रतिष्ठापनले करूणामय सृष्टि, स्थिति औ क्षयको कारणस्वरूप दिनकरको रूपमा मानिई ब्रह्मस्वरूप मानिएको परिलक्षित हुन्छ । मत्स्येन्द्र पद्यशतक ग्रन्थको अध्ययनमा यस कुरोको स्पष्ट जानकारी हुन्छ । करूणामयलाई दिनकरको रूपमा स्वीकार्दै यसरी वर्णन गरिएको छ ।

"उदये ब्रह्मणो रूपं मध्याह्ने च महेश्वरः ।
अस्तमाने स्वयं विष्णु त्रिमूर्तिश्च दिवाकरः ॥"

यो मन्दिरको ठीक अगाडि एक अग्लो शिलास्तम्भमाथि सुनको मलमा लाएको मनुष्याकार गरुडको धातु निर्मित आकृति प्रतिष्ठापित छ । यो आकृतिले वासुदेव श्री कृष्णलाई नमस्कार गरिरहेको छ ।

उपर्युक्त सबै आधारहरूबाट यो मन्दिर मध्यकालीन नेपाली कला एवं संस्कृतिको जीवन्त रूप प्रस्तुत गर्दछ भन्दा कुनै अत्युक्ति हुँदैन । यस मन्दिरमा निहित कलाकृतिहरूमा मध्यकालीन नेपालो कलाको उच्चतम नमूना प्रकटित भएको छ । जसको कारण यो मन्दिर के नेपाली, के विदेशी सबैको आकर्षणका केन्द्रस्वरूप रहेको छ । यसैले यो मन्दिरले राष्ट्रियको अतिरिक्त अन्तर्राष्ट्रिय महत्व राखेको छ भन्दा कुनै अत्युक्ति हुदैन ।

इन्द्रजात्रा औ त्यसको परम्परा

हिन्दुधर्मका अनेकौं देवताहरूमध्ये इन्द्र पनि एक रहेको छ। ऋग्वेद-कालीन देवताहरूमा यिनी सर्वाधिक शक्तिशाली देवता मानिन्छन्। यिनी देवताहरूका राजा थिए। ऐरावतमाथि आरूढ हुने यी देवताका आयुध वज्र थियो। जुन दधीचि ऋषिको हाडबाट निर्मित थियो। जसको कारण पनि यिनको एक नाम वज्रिन् रहेको थियो। ऋग्वैदिक समयपछि इन्द्रको स्थान सर्वप्रमुख देवताको रूपमा नरही यिनी गौण देवताको रूपमा मानिन लागेका थिए। तर, यिनी पछिसम्म पनि एकजना प्रसिद्ध देवताको रूपमा पूजित रहे। यिनलाई सूर्यकै रूपमा लिइएको छ। यस कुरोको प्रमाणीकरणको लागि अनेकौं सामग्रीहरू प्रस्तुत गर्न सकिन्छ। कूर्मपुराणमा द्वादशादित्यको नामक्रममा इन्द्रको नाम पनि समावेश गरिएको छ। संवत् ४०२ को काठमाडौं टेवहालको एक अभिलेखमा सूर्यलाई इन्द्रको संज्ञा दिइएको छ। ऋग्वेदको अहल्या जार इति इन्द्रः पंक्तिमा पनि इन्द्रलाई सूर्यसितै समीकरण गरिएको प्रतीत हुन्छ। इन्द्र र सूर्य बीचको समीकरणले सौर देवताको रूपमा यहाँ इन्द्रको पूजा प्रचलित भएको कुरा चाल पाइन्छ। अनि सूर्य पांचायन देवताहरूमध्ये एक भएको हुंदा इन्द्रको पूजा प्राचीनकालदेखि अविच्छिन्नरूपले यहाँ प्रचलित भएको कुरा स्वीकार्न सकिन्छ।

सूर्यको रूपमा पूजिनुको साथै इन्द्रको आफ्नै स्वतन्त्ररूपले पूजिने परम्परा पनि प्राचीनकालदेखि यहाँ प्रचलित भएको देखिन्छ। उत्तर-प्राचीनकालीन नेपालको सर्वप्राचीन स्वयम्भू अभिलेखमा महेन्द्रको रूपमा इन्द्रको नामको प्रयोग पाइन्छ। संवत् ५२६ को लेलेको अभिलेखमा इन्द्रगौष्ठिकको उल्लेख गरिएको छ। उत्तरप्राचीनकालका आभीर राजा श्री जिष्णुगुप्तका मुद्रामा इन्द्रको प्रहरणस्वरूप रहेको वज्र श्रौ वाहन उच्चैश्रवस् घोडाका आकृतिहरू कुँदिएका छन्। यी आधारहरूले तत्समय

नेपालमा इन्द्रलाई मान्ने मानिसहरुको गोष्ठी कायम भएको कुरा थाहा हुनुको साथै इन्द्रको पूजा सत्कार त्यस समयको नेपालमा गरिने कुरोको यकीन जानकारी हुन्छ ।

इन्द्रको पूजा उपासना मध्यकालीन नेपालमा पनि प्रचलित रहेको कुरा ने. सं. ४६० को दोलखाको अभिलेखमा इन्द्र राजाको प्रतिमा स्थापना गरेको कुरा वर्णित भएबाट जानिन्छ । अर्को, वर्षको बाह्र महीनामध्ये एउटालाई इन्द्रको महीनाको नामले वर्णन गरिएको छ । भाद्र महीनालाई नेपाल भाषामा यंला भनिन्छ भ्रौ त्यस महीनाको देवतालाई यंलाद्योको संज्ञा दिइएको छ । त्यस महीनामा यहाँ विशेष गरी इन्द्रको पूजा भ्रौ यात्रा धुमधुमले गरिन्छ । जुन अद्यापि नेपालमा प्रचलित नै छ । त्यस जात्राको समय थानकोट भेकमा अवस्थित इन्द्रदहमा एक ठूलो मेला लाग्दछ । त्यस्तै पश्चिम ३ नं. पोखरास्थित हंसपुरमा एक प्रसिद्ध देवस्थल छ जहाँ मुख्यतः इन्द्रको पूजा गरिन्छ । त्यहाँ वर्षको दुइपटक अर्थात् वैशाख र कार्तिक महीनामा मेला लाग्दछ । यसको अतिरिक्त आषाढ-श्रावण महीनातिर पानी नपरी सुक्खा परेमा त्यस स्थलमा गई उपर्युक्त देवतासित पानी माग्न जान्छन् । त्यस देवस्थलसंगै एक गुफा पनि छ जसलाई इन्द्रगुफा भनिन्छ । जनश्रुति अनुसार सो गुफा स्वर्गद्वार हो । पोखरा शहरस्थित हिजो आज महेन्द्रगुफा भनिने गुफा हेरी यो गुफा ज्यादै विशाल छ । तर, यो गुफा वाटिकाको नभई जङ्गलको फूलजस्तो हुँदा यसको कदर गर्ने कोही नभई त्यसै उपेक्षित भइरहेको छ ।

विद्युत् एवं वर्षाको देवता—इन्द्र नृत्येश्वरको रूपमा वर्णन गरिएको पनि पाइन्छ । ऋग्वैदिक ऋचाहरूमा इन्द्रलाई नर्तकको रूपमा वर्णन गरिएका छन् । ऋग्वेद १।१३०।७ तथा ६।२९।३ का ऋचाहरू यहाँ उदाहरणस्वरूप छन् । त्यसपछि इन्द्रको बदला महादेवलाई नृत्येश्वरको रूपमा मानिन लागेको थियो । महादेवको एक नाम नासःद्यो अर्थात् नृत्येश्वर रहेको छ । तर, यसरी भन्दैमा इन्द्रलाई पनि नासःद्यो अर्थात नृत्येश्वरको रूपमा स्वीकार्न पूर्णरूपले छोड्यो भन्ने त्यो होइन । इन्द्रलाई अद्यापि नासःद्योको रूपमा

मान्ने परम्परा विद्यमान नै छ । ललितपुर ईति टोलमा दायाँ वायाँ सिंहको मूर्ति राखी वीचमा हात्तीको शिलामूर्ति प्रतिष्ठापित छ । हात्ती देवराज इन्द्रको वाहन हो । अनि वाहन या देवताका प्रहरणहरूलाई पनि सम्वन्धित देवताको प्रतीकस्वरूप मानी पूजा गर्ने प्राचीनकालको परम्परानुसार उपर्युक्त हात्तीको आकृतिलाई पनि नासःद्यो भनी अद्यापि पूजा गरिन्छ । त्यस देवताको अगाडि ल्याई पदचालन गर्न नजानेका वच्चाहरूको पदचालन गराइन्छ । यसरी नेपालमा इन्द्रको वैदिकस्वरूपको स्पष्ट परिपालन अद्यापि हुँदै आइरहेको कुरोको जानकारी हुनुको साथै इन्द्रको पूजा परम्परा विद्यमान भएको कुरा निर्णित हुन्छ।

संवत् ५२६ को लेलेको अभिलेखमा उपर्युक्त इन्द्रगौष्ठिकको साथै ध्वज गौष्ठिकको पनि वर्णन गरिएको छ । ध्वजभन्दा विशेषतः इन्द्रको ध्वजालाई लिइन्छ । किनभने वैदिक तथा अन्य उपाख्यान अनुसार ध्वजाको प्रयोग सर्वप्रथम देवराज इन्द्रकै सेनामा भएको थियो । यसले त्यस समय इन्द्रध्वजको परम्परा विद्यमान भएकोतिर इंगित गरेको छ ।

इन्द्रध्वजवारे स्पष्ट उल्लेख ख्रिष्टाव्दको प्रारम्भिक समय लिखित मृच्छकटिक नाटकमा आएको छ । त्यसमा इन्द्रध्वजको विसर्जन हेर्न नहुने कुरा लेखिएको छ । महाकवि कालिदासले आफ्नो रघुवंश महाकाव्यमा राजाको उत्थानको तुलना इन्द्रध्वजसित गरिएको छ जसले इन्द्रध्वजको राष्ट्रिय महत्व भएको कुरालाई स्पष्टचाएको छ । आचार्य वराहमिहीरले त इन्द्रध्वजबारे विस्तृत विवरण आफ्नो प्रख्यात ग्रन्थ बृहत्संहितामा गरेको छ । यी आधारहरूले पनि उत्तरप्राचीनकालमा इन्द्रध्वज स्थापना गर्ने परम्परा विद्यमान भएको जानिएर त्यस समय इन्द्रपूजाको साथै इन्द्रजात्रा गर्ने चलन चलेकोतिर पनि संकेत गरेका छन् । इन्द्रजात्राको अवसरमा इन्द्रध्वज गाड्ने परम्परा विद्यमान भएकोले पनि त्यसतिर लक्ष गरेको स्पष्ट छ ।

उपर्युक्त विभिन्न वर्णनहरूवाट इन्द्रजात्राको परम्परा कमसेकम उत्तर-प्राचीनकालदेखि शुरू भएको कुरा निश्चित भएको लाग्दछ । तर, इन्द्रजात्रा

शब्द नै उत्कीर्ण पहिलो अभिलेख नेपाल संवत् ५६१ को भक्तपुर तौमढी टोलको रहेको छ । जसले उक्त समयदेखि निर्णित रूपले इन्द्रजात्रा गर्ने परम्परा नेपालमा चलेको विदित भई आजसम्म पनि यो चलिआएकै छ । यो निःसन्देह छ ।

नेपालका विभिन्न चाडपर्वमा एक दृष्टि

सानो भएर पनि यो देशमा मन्दिरहरूको आधिक्य भएको हुँदा यसलाई मन्दिरै मन्दिरको देश पनि भनिन्छ। जसको कारण यहाँ भक्तजन-हरूको बाहुल्य भएकोले विभिन्न चाडपर्वहरू पनि अत्यधिक मात्रामा पाइएका छन् जुन यसको खास विशेषता स्वरूप छ। नेपालमा प्रचलित यी विभिन्न चाडपर्वहरूको वर्गीकरण यस प्रकार गर्न सकिन्छ।

१. ऋतुसम्वन्धी यथा सम्वत्सर प्रतिपदा, शारदी पूर्णिमा, मकर संक्रान्ति, वसन्त पञ्चमी, होली औ वैशाखी अर्थात् मेष संक्रान्ति आदि ।

२. ऐतिहासिक यथा रामनवमी, कृष्ण जन्माष्टमी, जानकी विवाह पञ्चमी, अक्षय तृतीया आदि ।

३. धार्मिक यथा महाशिवरात्रि, महाएकादशी, दशैं, मत्स्येन्द्र यात्रा, इन्द्र यात्रा, कौमारी यात्रा, अनन्त चतुर्दशी आदि ।

४. कौटम्विक यथा पिशाच चतुर्दशी, हरतालिका, ऋषि पञ्चमी, भ्रातृ पूजा आदि ।

५. शाक्त यथा दशैं (नवरात्र), कुमार षष्ठी, कौमारी यात्रा, सरस्वती पूजा आदि ।

६. सौर यथा रथ सप्तमी, सूर्य षष्ठी आदि ।

७. चान्द्र यथा तीज (चथाः)

८. अन्य यथा गठेमुगल (घण्टाकर्ण) आदि ।

चाडपर्वहरूको उपर्युक्त वर्गीकरणको गहन अध्ययन गरिएमा यस कुरोको स्पष्ट जानकारी मिल्दछ कि नेपालको ऐतिहासिक, धार्मिक, सांस्कृतिक, सामाजिक इत्यादिको आवश्यक ज्ञान चाडपर्वहरूको अध्ययन विना अधूरो नै हुने हुन्छ। हाम्रो हिन्दुधर्ममा त्रिऋण यथा पितृ, ऋषि तथा देवऋणहरू

चुकाउनु नै मानव मात्रको सर्वप्रथम कर्तव्य मानिएको छ। सो ही आदर्शको परिपालन उपर्युक्त चाडपर्वहरूमा पनि स्पष्टरूपले देख्न सकिन्छ। वैवाहिक कार्यद्वारा सन्तान उत्पन्न गरी वंश परम्परालाई कायम राख्नुको अतिरिक्त मातृ औ पितृ औंसीका दिन मानिसहरू आपना माता, पिताप्रति अपार श्रद्धा, भक्ति अर्पित गरेर पनि पितृऋण चुकाउँदछन्। बुद्धपुत्र राहुलले कमला नामकी कन्यासित विवाह गरी सकलानन्द नामक पुत्र प्राप्तिको अनन्तर मात्र बौद्धधर्ममा दीक्षित भएको औ भगवान् बुद्धका पिता सुद्धोदनले पनि उक्त सकलानन्दलाई राज्यासनमा बसालेर मात्र तपोवनमा प्रस्थान गरेको कुरा ने. सं. ६५२ को "भद्रकल्पावदान" नामक बौद्ध ग्रन्थमा वर्णित भएबाट हाम्रो आदर्श अनुसार पितृऋण चुकाउनु अनिवार्य भएको कुरा निर्णित हुन्छ। सन्तानोत्पत्ति नभई उक्त पर्वहरूको परिपालन गर्नेहरू नहुने हुँदा ती पर्वहरूको खास महत्व नहुने हुन्छ। जसबाट पनि उपर्युक्त कुरो कै समर्थन हुन्छ।

पितृऋण जस्तै ऋषिऋण पनि चुकाउनु अनिवार्य छ। अध्ययन, अध्यापन गरी आपनो साँस्कृतिक गरिमालाई उत्तरोत्तर उन्नति गर्दै लानुको साथै गुरुको सम्मुख नतमस्तक भएरै ऋषिऋणबाट मोचन हुने हुन्छ। गुरु पूर्णिमाको पर्वमा आफूलाई विद्याध्ययन गराउने गुरुकहाँ गई विद्यार्थीहरूले आदर सत्कार अभिव्यक्त गर्दछन्। गुरु शिक्षार्थीका आध्यात्मिक माताको रूपमा लिइने परम्परा वैदिककालदेखिको छ। अथर्ववेद ११।५।३ को पंक्ति यहाँ स्मरणयोग्य छ।

"आचार्य उपनयमानो ब्रह्मचारिणं कृणुते गर्भम् अन्तः।
तं रात्रीस् तिस्र उदरे बिभर्ति तं जातं द्रष्टुम् अभि संयन्ति देवाः॥"

—अ. ११।५।३

जसबाट पनि उपर्युक्त गुरु पूर्णिमाको महत्व स्पष्टरूपले प्रकटित हुन्छ। अर्को, विद्याध्ययनको शुभारम्भ वसन्त पञ्चमीको दिनदेखि गरिन्छ। यसरी ऋषिऋण चुकाउने उद्देश्य उक्त पर्वहरूले लिएको कुरा स्पष्ट छ।

पितृऋण, ऋषिऋण जस्तै देवऋण पनि मनुष्यको लागि अनिवार्य

मानिन्छ । महानात्माहरूप्रति श्रद्धान्वित भई भक्तिभाव प्रदर्शित गरेरै मात्र देवऋण चुकाउन सकिन्छ । यस कुरोको परिप्रेक्षमा रामनवमी, कृष्ण जन्माष्टमी, जानकी विवाह, कुमारषष्ठी, अक्षय तृतीया आदि चाडपर्वहरूलाई लिन सकिन्छ । राम, कृष्ण, कुमार, सीता आदि जस्ता महानात्माहरूको जन्म, विवाह आदिको सम्झनालाई सदा ताजा राख्ने औ तिनीहरूका उच्चतम नैतिक आदर्शलाई अंगिकृत गर्नु नै उक्त उत्सव, पर्वहरू मनाइनाको खास अभिप्राय भएको बुझिन्छ ।

उपर्युक्त त्रिऋण विषयक आदर्शलाई लक्ष गरी मनाइएका चाडपर्वहरूको अतिरिक्त कतिपय चाडपर्वहरू विभिन्न उद्देश्यले प्रेरित छन् । नेपालमा प्रचलित चाडपर्वहरूमा अधिकतम चाड पर्व धार्मिक भावनाले युक्त छन् । महाशिवरात्रि, महाएकादशी, दशैं, मत्स्येन्द्र यात्रा, इन्द्र यात्रा, कौमारी पूजा एवं यात्रा, तीज, अनन्त चतुर्दशी आदि चाडपर्वहरूमा धार्मिक भावनाकै आधिक्य पाइन्छ । नेपालमा पांचायन देवताहरूको पूजा परम्परा प्रचलित भएको देखिनु औ यी चाडपर्वहरूमा पनि पांचायन देवताहरूकै पूजा परम्परा चलेको पाइएबाट पांचायन देवताहरू यहाँको समाजमा ज्यादै मान्य भएको कुराको चाल पाइन्छ । मत्स्येन्द्रको पूजा परम्परा तथा यात्राले नेपालमा नाथ सम्प्रदायले अधिकतम मान्यता प्राप्त गरेको कुरा जानिनुको साथै कुमारी पूजा र यात्राले शाक्तमतको सुदृढ अवस्थाको स्पष्ट संकेत मिल्छ । इन्द्रयात्रा चाडको परम्परामा वैदिक इन्द्रको पूजा उत्सवको परम्परा प्रचलित रही इन्द्रध्वजको स्थापनाले देवराज इन्द्रको आधिपत्य कायम भएको कुरालाई दर्शाएको छ ।

वैदिक इन्द्रको आधिपत्यलाई ब्रह्मस्वरूप श्री कृष्णले अस्वीकार गरेको कुरा गोवर्धनपूजाको परम्परामा स्पष्टतः दृष्टिगत हुन्छ । भगवान् श्री कृष्णद्वारा गोवर्धन धारण गरेको उपाख्यान पौराणिक आख्यानमा वर्णित छ जसले उपर्युक्त तर्कलाई पुष्टि गरेकै लाग्दछ । अर्को, गोवर्धन पूजालाई नेपालका नेवार समाजबाट ह्म पूजाको रूपमा पनि मानिन्छ । ह्म पूजालाई आत्मपूजाको रूपमा पनि लिइन्छ जसले ब्रह्मपूजातिर स्पष्ट

रूपले इंगित गरेको छ । किनभने वैदिक साहित्यमा आत्मा र ब्रह्म एउटै भएको कुरा दर्शाइएको छ । यसरी ह्म पूजाको प्रचलनले नेपालमा वैदिक परम्पराको अजस्र प्रवाह प्रवाहित भएको कुराको पत्तो हुन्छ । ह्म पूजा गर्ने परम्परा विशेषगरी नेपालका नेवार समाजमै सीमित देखिन्छ । जसको कारण तिनीहरूले ह्म पूजा गर्ने परम्पराको शुभारम्भको स्मृतिलाई सदा ताजा राख्ने उद्देश्यले ई. सन् ८८० तिर नेपाल सम्वत् नामक एक सम्वत् पनि प्रचलनमा ल्याएका थिए । यस सम्वत्लाई शैवमार्गी हिन्दुहरूले पशुपति भट्टारक सम्वत्सरको संज्ञा दिएका थिए भने वौद्धमार्गीहरूले स्वयम्भू सम्वत् नामले पुकारेका थिए । केसर पुस्तकालयस्थित अनुमानित चौधौं शताब्दी ई. मा लिखित एक प्राचीन वंशावलीमा यो सम्वत्को पशुपति भट्टारक सम्वत्सर नाम उल्लिखित छ । जबकि सम्वत् ८४१ को "अश्वघोषा नन्दिमुखावदान" ग्रन्थमा यसलाई स्वयम्भू सम्वत् भनी स्पष्ट रूपले उल्लेख गरिएको छ ।

"इति श्री पूर्व श्री. अस्वघोखानन्दिमुखा अवदान परिसमाप्त ।
स्वयम्भू सम्वत् ८४१ ।
अन्सनवाहारया साक्यभिक्षु श्रीमिन्दुंजय (?) ...."

कार्तिकी अमावस्या अर्थात् लक्ष्मीपूजाको दिन दीपावलीको पर्व धूमधामसँग मनाइन्छ । वातावरणमा व्याप्त अन्धकारलाई विनष्ट गर्नुको साथै जीवनमा व्याप्त निराशा, दुःख, अज्ञान तथा अकल्याणरूपी अन्धकारलाई दूर गर्ने मंगलप्रद ज्योतिको कामना यस पर्वमा विशेष रूपले गरिन्छ । ब्रह्मको प्रतीक रूपमा रहेको ज्योति अर्थात् दीप अन्धकारलाई नाश गर्ने हुँदा त्यस कुरालाई सरलतम आख्यानको रूपमा दर्शाउने हाम्रा प्राचीनतम मनीषिहरूको अभिष्ट थियो । वैदिक वाङमयमा प्राप्त सत्यवान सावित्रिको उपाख्यान यहाँ स्मरणयोग्य छ । सूर्यको दोस्रो नाम हो सविता श्रौ सावित्री हो सूर्यको ज्योति । सत्यवान् शाश्वत जगत हो र अन्धकार हो यम । सन्ध्याकाल सावित्री आफ्नो उद्गम केन्द्र सूर्यसित टाँस्सिन पुगिन् श्रौ अन्धकाररूपी यमले सत्यवान अर्थात् शाश्वत जगतलाई आफ्नो

मुठ्ठिमा लिए । उषाकालमा सावित्रीले यमराजलाई पछ्याउँदै अन्ततः यमको हातबाट सत्यवान अर्थात् संसारलाई मुक्त पारिन् । यमराज (अन्धकार) र सावित्री (सूर्यका ज्योति)को युद्धमा सावित्रीको विजय अन्धकारमाथि प्रकाशको विजय हो । यसरी साँचो मानेमा सत्यवान सावित्रीको उपाख्यान प्रकाश र अन्धकारको संघर्षको कथा रहेर यो नै यथार्थतः दीपावली पर्वको वैदिक मान्यता भएको कुरा चाल पाइन्छ ।

दीपावलीको पाँच दिनलाई सामूहिक रूपले यम पञ्चकको संज्ञा दिइन्छ । यम शब्दले संयमलाई पनि बुझाउँछ । संयम अनि मोक्ष प्राप्तिको लागि अत्यावश्यक तीन अमृत पदमध्ये एक भएको कुरा 'त्रिनि अमुत पदानि [इम्र] [सु] अनुठितानि, नेयंति [स्वगं] दम चाग अप्रमाद" पंक्तिबाट स्पष्टतः जानिन्छ । संयमले खराब हुनेबाट हटाई मनुष्यलाई असल कुरोमा डोऱ्याउने हुँदा यसलाई शीलको पनि संज्ञा दिएमा कुनै अत्युक्ति हुँदैन । अनि यम शब्दले पञ्चशीलतिर इंगित गरेको हुँदा तिहारको पाँच दिनलाई सामूहिक रूपले भगवान् सूर्यका पुत्र यमको नामबाट यम पञ्चकको संज्ञा दिएको देखिन्छ । भाइ बहिनीबीचको सम्बन्ध कुनै दुई स्त्री पुरुष बीचको सम्बन्ध समान नभई भाइ बहिनीकै रूपमा तिनीहरूको पावन सम्बन्ध हुनुपर्ने कुरामा यम विश्वस्त थिए । यसैले तिनले यमीको आफ्ना दाज्यू यमसित कामुक सम्बन्ध कायम गर्ने प्रस्तावलाई धर्म विरुद्ध सम्झे । यमको संयमपूर्ण विचारले अनर्थ हुनुबाट बचाई धर्मको रक्षा गरेको थियो । जसको कारण यिनको दोस्रो नाम धर्मराज हुन गयो । उपर्युक्त प्रकारले धर्मको रक्षा गरी भाइ र बहिनीकै रूपमा तिनीहरूको पावन प्रेमलाई चिरस्थाई गराएको दिन कार्तिक शुक्ल द्वितीया थियो । यसरी भाइ र बहिनी बीचको प्रेमलाई दिगो गराई राख्नुको लागि उक्त दिन बहिनीको घरमा भोजन तथा भाइद्वारा बहिनीको सत्कार गरिने परम्परा प्रचलित भयो ।

यद्यपि ब्रह्मको प्रतीकस्वरूप रहेको ज्योति अर्थात् दीपको आराधना मानिसहरू सदा गर्दछन् तापनि कोजाग्रत पूर्णिमादेखि अर्थात् कार्तिक महीनाभरि विशेषगरी दीपको आराधनासाथ आकाशदीप घर-घरमा

बाल्छन् । यस आकाशदीप बाल्ने परम्परामा विभिन्न जनविश्वासहरू पाइएका छन् । तिनीहरूमध्येको एउटा विश्वास यो रहेको छ कि प्राचीन-कालमा व्यापारिक उद्देश्यले देश विदेश गएका मानिसहरू विशेषत: कार्तिक महीनामा स्वदेश फर्कने हुँदा सो महीनाभरि नै तिनीहरूको मंगलकामनाको लागि प्रतीकरूपमा आकाशदीप बालिन्थ्यो ।

आकाशदीप बाल्ने परम्परा विषयक विभिन्न जनविश्वासहरू देखिएका छन् तापनि यथार्थत: आश्विन मासमा सम्पन्न हुने हिन्दूमात्रको सर्वप्रिय चाड रहेको दशहराको उत्सवसित यसको घनिष्टतम् सम्वन्ध रहेको छ । दशहराको उत्सव दानवी प्रवृत्तिमाथि मानवी या दैवी शक्तिको विजय अर्थात् अन्धकारमाथि प्रकाशको प्रभुत्व स्थापित भएको अवसरको स्मृतिको प्रतीकस्वरूप थियो । अनि सोही विजयको उल्लासमा कोजाग्रत पूर्णिमादेखि आरम्भ गरिएर एक महीनासम्म नक्षत्रहरूको प्रतीकको रूपमा आकाशदीप बाली पृथ्वीसमेत सम्पूर्ण ब्रह्माण्डलाई नै ज्योतिर्मय पार्ने परम्परा चलेको अनुमान हुन्छ । तीन त्रिभुवनमै अन्धकारमाथि प्रकाशको विजय भएको हुँदा त्यसको उत्सवस्वरूप तीनै लोकमा दीप बालेर सोल्लाससाथ यो उत्सव मनाइन्छ । दीपावलीको अवसरमा बालिने दीपमालिका, नरक चतुर्दशीको दिन पृथ्वीमा बाल्ने दीप तथा कोजाग्रत पूर्णिमादेखि महीनाभर नै आकाशदीप बाल्ने परम्परा स्वर्ग, पृथ्वी तथा पातालमा उपर्युक्त उत्सव सजधजका साथ मनाइएको प्रतीकस्वरूप छन् । विजयको अवसरमा आकाशदीप बाल्ने परम्परा प्राचीनकालदेखि नै चलेको हुँदा उक्त कुरोको पुष्टि हुन्छ । अर्को, यसै कार्तिक महीनामा आषाढ शुक्ल एकादशीदेखि शयनमा गएका अर्थात् दैत्यराज बलिको पातालमा पुगेका दानवहरूका संहारक औ सत्वजनहरूका पालक भगवान् श्री विष्णु जागा हुने अर्थात् वलिको लोकबाट सकुशल प्रत्यागमन भएकोमा हर्षित जनमानस आकाशदीप बाली विशेष उत्सव मनाउँछन् ।

श्रावणी पूर्णिमा नेपालमा प्राचीनकालदेखि नै प्रचलित हुँदै आइरहेको एक पावनतम पर्व मानिन्छ । धर्मसूत्रकालमा श्रावणी पूर्णिमाको उत्सव

विशेषगरी दुष्टताको प्रतीक सर्पको सन्तुष्टिको लागि गरिन्थ्यो । हिजो आज यहाँ प्रचलित श्रावणी पर्व धर्मसूत्रकालीन श्रावणीकै दोस्रो रूप हो । जुन रक्षा (राखी) यो पर्वमा मित्रहरू एक दोस्रोलाई बाँध्छन्, बहिनीहरू प्रेमले आफ्ना भाइहरूलाई बाँध्छिन् भ्रो ब्राह्मणहरू अन्य वर्णका मानिस हरूलाई बाँध्दछन्, त्यो यथार्थतः सर्प अर्थात् दुष्टजनहरूबाट त्राण पाउनको लागि तिनीहरूको प्रेम एवं स्नेहमा आवद्ध आपसी एकताको प्रतीकस्वरूप प्रण थियो । पुराण अनुसार रक्षावन्धन पर्वको पृष्ठभूमि पनि त्यही नै छ । रक्षादेवीको आराधना विष्णुले छलले दैत्यराज बलिको दमन गरी धर्मको रक्षा गरेको उपाख्यानमै सर्वप्रथम दृष्टिगत हुन्छ । पुराणमा वर्णित रक्षा देवीको स्तुती यसको लागि उदाहरण स्वरूप छ ।

"येन बद्धो बलिराजा दानवेन्द्रो महाबलः ।
तेन त्वां प्रतिबद्धामि रक्षे ! माचल माचल ॥"

पुराणको उक्त उपाख्यानसित मिल्दोजुल्दो एक कथाको उल्लेख जैन हरिवंशपुराण तथा उत्तराध्यायन सूत्रमा पनि आएको छ । जसमा ऋद्धिधारी मुनि विष्णुकुमारले वामनरूप लिई छलद्वारा बलिलाई वचनवद्ध पारेर मुनिसंघको दुःख मोचन गरी धर्मको रक्षा गरेको कुरा वर्णित छ । उपर्युक्त कारणहरूले यो श्रावणी पर्वमा दान दिनु अर्थात् एक दोश्रोको कल्याणको लागि त्यागको भावना राख्नु ठूलो पूण्य मानिन्छ ।

उपर्युक्त श्रावणी पूर्णिमाको दिन नेपालमा एक विशेष प्राणीको पूजा पनि गरिन्छ । त्यो हो भ्यागुतो पूजा । भ्यागुतो पूजाको प्राचीनता निश्चित-रूपले थाहा पाउन नसकिए तापनि सत्रौं शताब्दी ई. देखि भने निर्णित रूपले यो परम्परा चलिसकेको कुरा तत्कालीन ऐतिहासिक सामग्रीहरूबाट जानिन्छ । भ्यागुतो पूजा नेपालमा चलनाका मुख्य दुइश्रोटा कारणहरू छन्— कृतज्ञता ज्ञापन भ्रो भ्यागुतोबाट भूमिको उर्वरा शक्ति बढ्ने हुँदा । जनश्रुति अनुसार गठेमुगल चाडमा यहाँका मानिसहरूलाई घण्टाकर्णको आगमनको पूर्व सूचना भ्यागुतोले दिएको थियो जसको कारण कृतज्ञतास्वरूप तिनीहरूले

तिनको पूजा गर्ने परम्परा चलाएको अनुमान हुन्छ । अर्को, भ्यागुतोले खेतीपातीलाई बिगार्ने माटोमा लाग्ने किराहरूलाई खाई भूमिको उर्वरा शक्तिलाई बढाउँदछ । यसर्थ पनि भ्यागुतो पूजा श्रावण शुक्ल पूर्णिमाको दिन यहाँ गर्ने चलन चलेको देखिन्छ ।

यद्यपि वैदिककालमा श्रावणी पूर्णिमाको दिन गरिने पाकयज्ञमा सर्पको पनि स्तुती गरिन्छ । उक्त दिन गरिने पाकयज्ञको विवरण गृह्यसूत्रकार गौतमले पनि आफ्ना सूत्रहरुमा गरेका छन् । यसरी नागपूजाको वैदिकस्वरूप स्पष्टिन्छ । तर, पछि पुराणकालदेखि नागपूजा विशेषगरी श्रावण शुक्ल पञ्चमीको दिन प्रत्येक वर्ष गरिन लागेको थियो । उपर्युक्त दिन आस्तिकको सदुपदेशबाट परिक्षित पुत्र जनमेजयले आफ्नो अपूर्ण नागयज्ञ समाप्त गरेका थिए । त्यसै दिनदेखि यो तिथिलाई नागपञ्चमी भनिन लाग्यो जुन आजसम्म नागहरूका परमप्रिय आह्लादकारी तिथि रहेको छ । नाग पञ्चमीको दिन गरिने नागपूजाबाट दुई मौलिक शिक्षाहरू हामीलाई प्राप्त हुन्छ–विभूति पूजा र साम्य दृष्टि । कुनै पनि योनीमा उत्पन्न प्रतापी जीव विभूतिवानको रूपमा लिइन्छ । भगवद्गीताको अध्ययनबाट यस कुरोको पुष्टि हुन्छ । जसको कारण हाम्रा प्राचीन मनीषिहरूले विभूति पूजाको आज्ञा दिएका थिए । विभूति पूजाको अभिप्राय त्यस शरीरको पूजा नभई त्यस शरीरद्वारा परमात्माको अंशको जत्ति विकास भएको छ त्यसको पूजा हो । यही सिद्धान्त वासुकि आदि द्वादश नागहरूको पूजामा लागू हुन्छ । नागपञ्चमीको पूजाको चरित्र नायक विभूतिवान सर्प थियो । यसर्थ नागपूजा अन्धपरम्परा नभई विभूति पूजा भएको कुरा चाल पाइन्छ । फेरि,आर्यधर्मको मूल सिद्धान्त शत्रु र मित्रमा समान दृष्टि राख्ने रहेको छ । यस उच्च आदर्शलाई अगाडि राखी नागपञ्चमीको अध्ययन गरिएमा आर्यहरूको सभ्यता तथा धर्मपरायणताको पत्तो हुन्छ । दूध दिने गाईको पूजा गर्ने जाति कदाचित् पाउन सकिएला, तर विष ओकल्ने सर्पको पूजा गर्ने जाति त आर्यहरू नै हुन् । यस अर्थमा नागपञ्चमीको उच्च आदर्शको पत्तो हुन्छ ।

हाम्रो संस्कार पद्धतिसित सम्बन्धित चाडपर्वको पनि अस्तित्व यहाँ पाइएको छ। गाईजात्रा यसको उदाहरणस्वरूप छ। गाईजात्रा एक प्रकारले मृतक संस्कारसित सम्बन्धित छ। यस दिन धर्मशास्त्रमा वर्णित विधान बमोजिम गाईजात्राको ठीक ठीक संचालन गरिएमा मृतक व्यक्ति गाईको पुच्छर समाती वैतरणी नदीलाई पार गर्नसक्ने भई मोक्ष प्राप्त हुने हुन्छ। रगत, हाड, छाला, गू, मूत्र आदि बग्ने वैतरणी नदीको कल्पना यहाँको मात्र नभई यूनानी अनुश्रुतिहरूमा पनि देखिएका छन्। जसवाट यस कल्पनाको विश्वव्यापी महत्व भएको कुरा निर्णित हुन्छ। यस्तो अवस्थामा गाईजात्राको मृतक संस्कारसित घनिष्टतम सम्वन्ध भएकोलाई कसरी स्वीकार नगरौं ?

गाईजात्राले मृतक संस्कारको अतिरिक्त मनुष्य जीवनको सफलताको लागि एक महत्वपूर्ण शिक्षा पनि प्रस्तुत गरेको छ। यस जात्राको गूढतम अध्ययन गरिएमा यसले मनुष्य जीवनको सफलता इन्द्रिय संयम गर्न सकेको खण्डमा मात्र सम्भव हुने कुरातिर इंगित गरेको स्पष्ट छ। गो को एक अर्थ इन्द्रिय पनि हो। गो को पुच्छरलाई समाती यात्रा गर्नुको अर्थ इन्द्रियलाई वडो यत्नसाथ संयम गर्न सकेमा मनुष्यले कुनै प्रकारको पाप कर्म नगर्ने भई ऊ मोक्षको प्राप्त हुनेछ। हाम्रा प्राचीन मनीषिहरूको कथनको मनन गरिएमा यो स्पष्ट हुन्छ कि सम्पूर्ण दुःखको स्रोत नै इन्द्रिय असंयम हुनु हो श्रौ त्यसको संयम मै वास्तविक आनन्द हुने भई सच्चिदानन्दस्वरूप मोक्षको मार्ग प्रशस्त हुने हुन्छ।

नेपालमा चाडपर्वहरू धार्मिक भावनाले मात्र युक्त नभई विभिन्न उद्देश्यले प्रेरित भएको कुरा माथि वर्णित भइसकेका छन्। शिवपुत्र कार्तिकेयको जन्मोत्सवको उपलक्ष्यमा मनाइने सिठी चाडको दिन दुनियाँहरूले राष्ट्रको लागि वर्षभरिमा गर्नुपर्ने त्यागको अन्तिम दिनको रूपमा पनि लिइन्छ। पन्ध्रौं शताव्दी ई. का ऐतिहासिक सामग्रीले कुमार षष्ठीको दिन सम्ममा दुनियाँहरूले गढमा खाई पुरियो भने सफा गर्ने, पर्खाल आदि मर्मत गर्ने जस्ता कामहरू पूरा गर्नुपर्ने कुरा उल्लेखेको छ। नेपालमा हिजो

आजसम्म पनि उपर्युक्त दिन इनार, ढल आदि सफा गर्ने कार्य गरिंदै आइराखेको पाइएबाट उक्त कुरोको समर्थन हुन्छ ।

गृहस्थीहरूले दिनदिनै पञ्च महायज्ञ गर्नुपर्ने कुरामा हाम्रा प्राचीन मनीषिहरूले जोड दिएका थिए । यस कुरोको परिपालन हाम्रा चाडपर्वहरूमा पनि देखिएका छन् । पिशाच चतुर्दशीको दिन साँझको वेला भगवान शिवले दुनियाँको आंगनमा लिङ्गस्वरूप भई प्रकट भएको हुँदा मानिसहरूले तिनलाई साँझको वेला घरमा आएको अतिथि सम्झेर आफुहरूले जे जे खानेकुरो तयार गरेका थिए सो नै चढाई तिनको आतिथ्य सत्कार गरेका थिए । जुन परम्परा अद्यापि यहाँ चाडको रूपमा प्रचलित नै छ । यो चाडलाई यहाँका नेवारहरू पाहाँचह्लेको नामले पुकार्छन् । यस चाडले पञ्च महायज्ञ मध्येका अतिथि यज्ञतिर स्पष्टरूपले इंगित गरेको छ ।

"अध्यापनं ब्रह्मयज्ञः पितृयज्ञस्तु तर्पणम् ।
होमो दैवो बलिर्भौतो नृयज्ञोऽतिथिपूजनम् ।।"

—मनु ३.७०, ७१,७२

अतिथिलाई देवता सम्झने हाम्रो वैदिक परम्परा थियो । "अतिथि दैवो भवः" यही नै कारणले अतिथिलाई पहिले सत्कार नगरी खान नहुने हाम्रो मान्यता छ ।

यद्यपि नेपालमा प्राचीनकालदेखि नै अद्वैत दर्शनको व्यापक प्रचार रहे तापनि यहाँ आस्तिकको साथै नास्तिक दर्शनहरूको पनि प्रचार रहेको कुरा यहाँ प्रचलित चाडपर्वहरूको अध्ययनमा स्पष्ट रूपले थाहा हुन्छ । तर नास्तिक मतको अपेक्षा आस्तिक मतको प्रचार यहाँ अत्यधिक मात्रामा रहेको थियो । गठेमुगलको दिन यहाँ प्रचलित जनश्रुति अनुसार घण्टाकर्ण नामक कुनै एक नास्तिकले नास्तिक मतको प्रचार गरी निर्धनहरूको भलाइको लागि कार्य गर्न लागेको थिए । तर तिनलाई यहाँका धनीमानी व्यक्तिहरूले राक्षस भनी मारी त्यस अवसरको उपलक्ष्यमा ठूलो उत्सव गरी चाड मनाएका थिए । उक्त जनश्रुति अनुसार घण्टाकर्ण कुनै देवताको नाम सुन्न मन नपराउने हुँदा तिनले आफ्नो कानमा घण्टा झुण्ड्याइराखेका थिए ।

घण्टाकर्णको एक शिला मूर्ति ललितपुर कुम्भेश्वरमा प्रतिष्ठापित छ जुन अनुमानतः प्रारम्भिक मध्यकालको रहेको छ। यसरी गठेमुगल चाडको पृष्ठभूमि श्रौ ऐतिहासिकता यही नै छ।

नेपालमा प्रचलित जात्रापर्वहरूले प्राचीनकालको नेपालको न्याय व्यवस्थामाथि प्रकाश पारेको कुरा भोटो जात्राको परम्पराले स्पष्टरूपले दर्शाएको छ। दुइजना मानिस एउटा पुरानो रत्नजडित भोटोको विषयलाई लिई झगडा गरी आएकोमा तिनीहरूको झगडालाई राज्यको सर्वोच्च सत्ताबाट पनि ठीक-ठीक निर्णय गर्न गाह्रो परेको हुनाले त्यसको निर्णयको लागि धर्मराजस्वरूप भएको मत्स्येन्द्र करुणामयको रथयात्राको अन्तिम दिन जाहोलाखेलमा स्वयं राजा समेत सवारी भई ती दुवैजना झगडियाहरूलाई आ-आफ्नो सवूद प्रमाण पेश गरी शपथ लिने राजाज्ञा भएको थियो। तर, तिनीहरूले देवताको सम्मुख त्यस भोटोलाई आफ्नै हो भनी किरिया खाने साहस गर्न सकेनन्। फलस्वरूप सो भोटो मत्स्येन्द्र करुणामयकै जिम्मामा रह्यो श्रौ वर्षेनी त्यस भोटोको हकदार कोही भए अगाडि आश्रो भनी त्यसलाई प्रदर्शित गर्ने परम्परा प्रचलित रह्यो। यसरी यो भोटो जात्राको परम्पराले मध्यकालीन नेपालको न्याय व्यवस्थामाथि राम्रो प्रकाश पारेको छ भन्दा कुनै अत्युक्ति हुँदैन।

नेपालमा प्रचलित उपर्युक्त केही उल्लेख्य चाडपर्वहरूको अध्ययनबाट नेपालको ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा सामाजिक इत्यादिको आवश्यक जानकारीको लागि चाडपर्वहरूको गहन अध्ययन अत्यावश्यक भएको कुरा सुनिश्चित भएको छ। नेपालको सांगोपांग इतिहासको निर्माणमा चाडपर्वहरू पनि अन्य विभिन्न सामग्रीहरूको अनुरूप एक अत्यावश्यक सामग्रीको रूपमा लिइनु जरूरी छ। यो निश्चय छ।

नेपालमा धार्मिक सहिष्णुता

प्राचीनकालदेखि नै नेपाल एक धार्मिक सहिष्णुतायुक्त मुलुक रहेको छ । यस कुरोलाई नेपालको इतिहासको अनुशीलनमा खुलस्तसंग देख्न सकिन्छ । गोपालवंशले नेपालमा सर्वप्रथम शासन चलाएको कुरा वर्णित भए तापनि किरातहरूको समय अर्थात् पूर्वप्राचीनकाललाई नै नेपालको इतिहासको प्रारम्भिककालको रूपमा लिनेहरू अधिक छन् । यो निश्चय छ कि पूर्वप्राचीनकालीन इतिहासको बारे थाहा लिने पुरातात्विक सामग्रीहरू नगण्य मात्र छन् । तैपनि अहिलेसम्मन् प्राप्त तत्कालीन ऐतिहासिक सामग्रीहरूको अतिरिक्त त्यसको अनन्तरको समयका सामग्री-हरूले पूर्वप्राचीनकालमा किरातहरूको शासन स्थापित भएको यथार्थता-लाई पुष्टि गरेका छन् ।

किरातीहरू यद्यपि शैवधर्मानुयायी भए तापनि तिनीहरूको बौद्ध एवं वैष्णवधर्मप्रति पनि समान रूपले आस्था रहेको थियो । महादेवले किरातीको रूप लिई किरातेश्वरको नामले विख्यात भएको कुरा धार्मिक एवं ऐतिहासिक सामग्रीहरूमा वर्णित हुनु श्री पशुपति मृगस्थलीमा किरातेश्वर शिवलिंग प्रतिष्ठापन गरिएको पाइएबाट किरातीहरू शैवधर्ममा अवलम्बित भएको कुरा स्पष्टतः दृष्टिगत हुन्छ । तर, उपर्युक्त समय नेपालमा बौद्धधर्मको पनि प्रचार थियो । यस कुरोको पत्तो भगवान् बुद्धको जीवितावस्थामै भिक्षु आनन्द सहित अनेकौं बौद्ध भिक्षुहरू नेपालमा आएको कुरा छैठौं शताब्दी ई. मा आचार्य जिनमित्र रचित "मूलसर्वास्ति-वादविनय" ग्रन्थमा उल्लेख हुनुको अतिरिक्त नेपालका वंशावलीहरूमा तत्समय यहाँ बौद्धधर्मको प्रचार सफलतापूर्वक गरिएको कुरा वर्णित भएबाट हुन्छ । किरातीहरूको बौद्धधर्ममा झुकाव हुन लागेको कुरा पूर्व-प्राचीनकालीन पुरातात्विक सामग्रीहरूले पनि उल्लेख गरेका छन् ।

शैवधर्ममा निष्ठ किरातीहरूले बौद्धधर्मको अतिरिक्त वैष्णवधर्मलाई पनि अंगिकृत गरेका थिए। भागवत ग्रन्थका अध्ययनमा यस कुरोको स्पष्ट झझल्को भेटिन्छ। पूर्वप्राचीनकालीन नेपालमा किरातीहरूमा पाइएका विभिन्न धर्मप्रतिको अनुरागमा तत्समय सबै धर्ममा सबैको समान रूपले आस्था स्थापित भएको कुरा दृष्टिगत गरी वैदिक अद्वैत भावनाले तत्कालीन धर्ममा खास छाप पारेको कुरा स्पष्ट हुन्छ।

पूर्वप्राचीनकालको अनन्तर अर्थात् उत्तरप्राचीनकालमा एक देवको सिद्धान्त फैलिई अद्वैतवादी भावनाले व्यापक प्रश्रय पाएको देखिन्छ। पौराणिक ग्रन्थहरूको अध्ययनमा यस कुरोको स्पष्ट झझल्को भेटिन्छ कि विभिन्न देवताहरू एउटै देवताका विभिन्न रूप मात्र हुन्। वायु, सौर, ब्रह्म, विष्णु तथा वराह आदि पुराणहरूमा शिव र विष्णुलाई अभिन्न मानेका छन्। भगवान् शिवलाई नारायण, लक्ष्मीपति, विष्णुरूपिन् आदि नामले पुकारिएका छन् भने विष्णुलाई रूद्रमूर्ति, पिनाकधृक् आदि नाम दिइएका छन्। मत्स्यपुराणमा शिव र विष्णुलाई एउटै मानेर तिनीहरूको संयुक्त मूर्ति अर्थात् हरिशंकरको मूर्तिको कल्पना गरिएका छन्। यस मूर्तिको कल्पनामा मानिसहरूको भिन्ना भिन्नै देवताहरूमा भक्तिभाव हुन गई पक्षपातमा परेर मनमा भ्रम भएकाहरूको पक्षपात हटाउने नै मुख्य उद्देश्य भएको कुरा चाल पाइन्छ।

"भिन्ने पुंसां जगति च तथा देवता भक्तिभावे
पक्ष ग्राहं भ्रमितमनसाम्पक्षविच्छित्ति हेतोः
इत्यर्द्धाभ्यां समुपरचितं यन्मुरारीश्वराभ्या-
मेकं रूपं शरदिजघनश्यामगौरं तदव्यात् ॥"

महाकवि कालिदासले कुमारसम्भव महाकाव्यमा ब्रह्मा, विष्णु औ महेशलाई एउटै मूर्तिका तीन रूप भएको कुरा उल्लेख गरेका छन्। "एकैव मूर्ति विभेदे त्रिधा सा......।" भगवान् बुद्धलाई विष्णुका दशावतारमा एक मानिनु औ शिव र बुद्ध अभिन्न मानिएका उदाहरण-हरू पाइएबाट उपर्युक्त समय धर्ममा पूर्ण सहिष्णुता रही वैदिक अद्वैत

मतको व्यापक प्रचार भएको कुरा जानिन्छ । संग ह्िआंग कामहयनिकन नामक वौद्ध ग्रन्थमा वुद्ध र शिवलाई अभिन्न मानेको छ ।

उत्तरप्राचीनकालीन नेपालको इतिहासको अध्ययनमा पनि उपर्युक्त कुरोकै यथार्थताको पत्तो हुन्छ । तत्समयका राजाहरू हिन्दू धर्मको साथै अन्य धर्मलाई पनि समानरूपले प्रश्रय दिन्थे । राजा मानदेव, शिवदेव, अंशुवर्मा, जिष्णुगुप्त आदि राजाहरूको राजत्वकालमा तिनीहरुले अपनाएका धार्मिक नीतिहरूको अनुशीलनमा उक्त कुरोको स्पष्ट झझल्को भेटिन्छ । त्यस समयमा पशुपति अभिलेख अंकित एउटै मुद्रामा सूर्य, चन्द्र, अग्नि आदि विभिन्न देवता तथा तिनका आभरणका आकृतिहरू उत्कीर्ण गरी देवताहरूको अनेकतामा एकता देखाउने प्रयास गरिएका छन् । हो, प्रथम शताब्दी ई. का कुशान सम्राट् कनिष्कका मुद्राहरूमा विभिन्न देवताका नामहरू उत्कीर्ण छन् जसले त्यस सम्राट्मा निहित धार्मिक सहिष्णुतालाई प्रकटित गर्दछ । तर, तिनका मुद्राहरूमा एउटै मुद्रामा एक देवतालाई सर्वोच्च स्थान दिई त्यसमा अन्य देवताहरूका पनि नाम या मूर्तिहरू अंकित गराई तिनीहरूको बीच एकत्व दर्शाउने कार्य भएजस्तो लाग्दैन । यस दृष्टिले उपर्युक्त पशुपति मुद्रा खास विशेषतायुक्त भएर त्यस समय धर्ममा सहिष्णुता रही वैदिक अद्वैत भावनाले राम्रो प्रस्फुटन पाएको कुरा निर्णित हुन्छ ।

उत्तरप्राचीनकालपछि मध्यकाल अौ त्यसको अनन्तर वर्तमान-कालमा पनि यहाँ धार्मिक सहिष्णुतायुक्त वैदिक अद्वैतमतको व्यापक प्रचार रहेको थियो । नवौं शताब्दी ई. को अन्तिम समयदेखि प्रारम्भ भएर यहाँ अद्यापि प्रचलित रहेको आत्म (ह्म) पूजा गर्ने प्रथामा वैदिक अद्वैत मतको सार यथा अहं ब्रह्मास्मि, शिवोऽहं, एकं सत् आदि भावना सन्निहित भएको विदित हुन्छ । अद्वैत भावनाको प्रतीकस्वरूप प्रतिष्ठापन गरिएका हरिशंकरका प्रतिमाहरू यहाँ अत्यधिक संख्यामा प्राप्त हुनु अौ नेपालमा ज्यादै प्रचलित स्वस्थानी महात्म्यमा शिव र विष्णुका संयुक्त स्वरूप भएको हरिशंकरको प्रार्थनामा मनुष्यले महानतम कुराहरू प्राप्त गर्न सक्ने

यथार्थता वर्णन गरिएको पाइएकोलाई उक्त कुराको उदाहरणार्थ लिन सकिन्छ। यस समय भगवान् शिव र बुद्धलाई भिन्ना भिन्नै देवताको रूपमा नलिई एउटै देवताको रूपमा वर्णन गरिएका उदाहरण पनि पाइएका छन्।

"अन्ये तत् शिवमेव बुद्धममलं त्वन्ये जिनं वामनम्।
तस्मै सर्वमयैक्य कारणपतेः शर्वाय नित्यं नमः॥"

सुखो अष्टमी तथा माघशुक्ल चतुर्दशीको दिन श्री पशुपतिनाथलाई बुद्धको मुकुट पहिराउने चलन देखिनुको साथै महाशिवरात्रिको दिन मत्स्येन्द्रनाथले श्री पशुपतिनाथको रूप लिने औ श्री पशुपतिनाथले मत्स्येन्द्रनाथको रूप लिने परम्परामा माथि वर्णित भावनाको स्पष्ट चित्रण भएको देखिन्छ। मत्स्येन्द्रनाथ विभिन्न सम्प्रदायबाट समान रूपले पूजिने ब्रह्मस्वरूप एउटै देवता भएको मानिन्छ।

"मत्स्येन्द्रं योगिनां मुख्या शाक्ता शक्ति वदन्ति यम्।
बौद्धा लोकेश्वरं तस्मै नमो ब्रह्मस्वरूपिणे॥"

यसरी उक्त समय नेपालमा अद्वैतवादी भावनाको राम्रो उन्नति भएको पाइन्छ। जसको कारण साँच्चै भन्ने हो भने नेपालका मानिसहरूको कुनै एक निश्चित कट्टरवादी धर्म नभएको देखिन्छ। हिन्दू धर्मावलम्वीहरूको बौद्ध धर्मावलम्बीहरूसित वैवाहिक सम्बन्ध रहेको छ भने हिन्दूहरू तथा बौद्धहरू क्रमैसंग एक दोस्रोको धार्मिक नियमलाई परिपालन गर्दछन्। ठमेलका प्रधानहरूको विभिन्न धार्मिक कार्य त्यहींको विक्रमशील विहारको नियमानुसार सञ्चालन हुने हुन्छ। बौद्धहरूले पनि अष्टमीको व्रत आरम्भ गर्दा गोकर्ण गई हिन्दू देवताहरू यथा ब्रह्मा, विष्णु, महेश आदिलाई राखी सर्वप्रथम पूजा गर्दछन्। उक्त प्रकारको धार्मिक सहिष्णुतायुक्त असाम्प्रदायिक परम्परामा वैदिक अद्वैत भावनाको खाका स्पष्ट रूपले खिचिन्छ।

उपर्युक्त विभिन्न आधारहरूबाट प्राचीनकालदेखि नै नेपाल एक धार्मिक सहिष्णुतायुक्त मुलुक भएको कुरा जानिनुको साथै यहाँका सबै धर्मावलम्बीहरू सम्पूर्ण धर्म एउटै परमात्मामा पुग्ने सोपान सम्झने भई सबै

धर्ममा समान रूपले आस्था राख्तै आ-आफ्नो धर्मको उन्नतिको लागि काम गर्न पूर्ण स्वतन्त्रताको उपभोग गर्दछन्। यस कुरोको पत्तो नेपालको इतिहासको अध्ययनमा स्पष्ट दृष्टिगत हुन्छ। यसरी नेपालले प्राचीन-कालदेखि नै धार्मिक सहिष्णुतायुक्त एक देवको सिद्धान्तलाई अंगिकृत गर्दै वैदिक अद्वैत दर्शनमा आधारित धर्मलाई अपनाउँदै आइरहेको छ भन्दा कुनै अत्युक्ति हुँदैन।

ललितपुरस्थित मत्स्येन्द्रनाथ औ मत्स्येन्द्र यात्राको परम्परा

नेपालका सुविख्यात देवताहरूमध्ये मत्स्येन्द्रनाथ पनि एक रहेको छ । यद्यपि यिनी नाथ सम्प्रदायका प्रमुख देवता भए तापनि यिनी सवै धर्मावलम्वीहरूद्वारा समान रूपले पूजित रही एउटै परब्रह्मको रूपमा मानिएका थिए । नेपालका प्रख्यात कर्णाट राजा श्री श्रीनिवास मल्लद्वारा ललितपुर वुंगमतीस्थित मत्स्येन्द्र मन्दिरको प्रवेशद्वारमा प्रतिष्ठापित नेपाल सम्वत् ७९२ को सुवर्णपत्रमा मत्स्येन्द्रनाथलाई विभिन्न धर्मावलम्वीहरूद्वारा विभिन्न नामले पुकारिएर तिनी परब्रह्मस्वरूप भएको कुरा चित्रित गरिएको छ ।

"मत्स्येन्द्रं योगिनां मुख्याः शाक्ताः शक्तिं वदन्ति यम् ।
वौद्धा लोकेश्वरं तस्मै नमो ब्रह्मस्वरूपिणे ॥१॥"

—वुंगमतीको अभिलेख, ने. सं. ७९२ (१६७२ ई.)

मध्यकालीन नेपालमा लिखित मत्स्येन्द्रपद्यशतकमा पनि मत्स्येन्द्र करूणामयलाई सृष्टि, स्थिति औ क्षयको कारणस्वरूप दिनकरको रूपमा मानिई ब्रह्मस्वरूप मानिएको कुरा स्पष्ट परिलक्षित हुन्छ ।

"उदये ब्रह्मणो रूपं मध्याह्ने च महेश्वरः ।
अस्तमाने स्वयं विष्णु त्रिमूर्तिश्च दिवाकरः ॥"

यी आधारहरूवाट मत्स्येन्द्र करूणामयलाई परब्रह्मको रूपमा मानिएको कुरा स्पष्टिन्छ ।

यद्यपि मत्स्येन्द्रनाथ परब्रह्मस्वरूप मानिएर सर्वव्यापी भए तापनि यिनी विशेषतः कामरूपमा आद्य आराध्य देवता भएको कुरा नेपालका वंशावलीहरू तथा तन्त्रालोक ग्रन्थको अध्ययनमा स्पष्टतः जानिन्छ । पर्वतीया वंशावली अनुसार अनावृष्टिको कारण नेपालमा दुर्भिक्ष फैलिएको

हुँदा कामरूपबाट मत्स्येन्द्रलाई ल्याएको कुरा वर्णित छ। ई. सन् १०१५ को अभिनवगुप्तकृत तन्त्रालोकमा 'तन्मे स मच्छन्दविभु:' को रूपमा मत्स्येन्द्र नाथको बारे वर्णन पाइन्छ। तन्त्रालोकको टीकामा मत्स्येन्द्रनाथ कामरूपमा अवस्थित भएको कुरा स्पष्टरूपले उल्लिखित छ।

"भैरव्या भैरवात् प्राप्तं योगं व्याप्य तत: प्रिये ।
तत्सकाशात्तु सिद्धेर मीनाख्येन वरानने ।
कामरूपे महापीठे मच्छेन्द्रेण महात्मना।"

सोह्रौं शताब्दी ई. का भोटीया ग्रन्थ रत्नाकरजोपमकथाबाट उपर्युक्त तथ्यतिरै स्पष्टरूपले इंगित हुन्छ । उक्त ग्रन्थ अनुसार मीननाथ श्रौ मत्स्येन्द्रनाथ दुवै कामरूपका मछुवा थिए श्रौ तिनीहरू आचार्य चर्पटीसित शिक्षादीक्षा ग्रहण गरी सिद्ध भएका थिए। मीननाथ पिता श्रौ मत्स्येन्द्रनाथ छोरा भए । मत्स्येन्द्र आचार्य चर्पटीका शिष्यको रूपमा वर्णित हुनु तथा मत्स्येन्द्रका पिता मीननाथलाई चौरासी सिद्धमध्येको मानिएबाट मत्स्येन्द्रको चौरासी सिद्ध सम्प्रदायसितको सम्वन्ध प्रकटित हुन्छ । चौरासी सिद्धको गणनामा गोरखनाथलाई पनि लिइएको छ। तेह्रौं शताब्दी ई. का ज्ञानेश्वरी ग्रन्थ अनुसार कनफटा अथवा नाथयोगी सम्प्रदायका प्रवर्तक मानिएका गोरखनाथलाई मत्स्येन्द्रनाथका शिष्यका रूपमा लिइन्छ । अनि ई. सन् १२८७ को शार्ङ्गदेवको सिन्त्रा प्रशस्तिमा गोरखनाथलाई शैव पंचायतन देवताहरूमध्ये एक मानिएर तिनको शैवस्वरूप स्पष्टिन्छ।

"गोरक्षकं भैरवमाञ्जनेयं सरस्वतीं सिद्धि विनायकञ्च ।
चकार पञ्चायतनान्तराले वालेन्द्र मौलि स्थिति मानसो य: ।।"

—सिन्त्रा प्रशस्ति, १२८७ ई.

ने. सं. ४५७ को महीरावणवधनाटक ग्रन्थमा वर्णित बुंगेश मत्स्येन्द्रनाथको स्तोत्रमा मत्स्येन्द्रलाई शतमुख वैश्वानर श्रौ प्रेताधिनाथ भनी उल्लेख गरिएको छ जसमा तिनको महादेव शिवसितको तादात्म्य छर्लङ्गिन्छ।

"श्री बुङ्गेशमहं नमे शतमुखं वैश्वानरं पावनं ।
पायेशञ्च नमामि नम्रशिरसा प्रेताधिनाथं नमे ।।

नैर्ऋत्येशमतो वरञ्च पवनं ।
अहं भवस्य सुभदं सर्व्वात्मनास्तौम्यहं ॥"
—महीरावणवधनाटकम्, ने. सं. ४५७

स्वयं मत्स्येन्द्रनाथलाई योगीहरूमध्ये मुख्य भनी बुंगमतीको सुवर्णपत्रमा उल्लिखित हुनु श्रौ योगीराजको रूपमा विख्यात महादेवको रूपमा पनि तिनलाई लिइएको कुरा काठमाण्डूस्थित सेतो मत्स्येन्द्रलाई जमलेश्वर महादेव पनि भनिने परम्परा रहेको तथा सो इलाकालाई पन्ध्रौं शताब्दी ई. सम्म शैव कौल सम्प्रदायसित पनि सम्बन्धित कौलिग्रामको साथैं जमलगण्ठी भनिने कुरा ऐतिहासिक सामग्रीहरूमा वर्णित भएबाट उपर्युक्त तर्कको पुष्टि भएको लाग्दछ।

"राजाधिराजपरमेश्वरपरमभट्टारक श्रीश्रीजयजक्षमल्लदेवस्य विजयराज्ये ।

अथोऽस्तु। संवत् ५९० श्रावणशुक्लप्रतिपद्यां तिथौ मघानक्षत्रे परिघयोगे कर्कटराशि गते सवितरि सिंहराशि गते चन्द्रमसि ॥. . .कसिक कौलिग्राम श्रीजमलगण्ठि वज्राचार्य्य मानिकराजेन शुभमस्तु"
पञ्चरक्षा, ने. सं. ५९०

अर्को, भगवान् मत्स्येन्द्रनाथद्वारा शैव वाममार्गी कौल सम्प्रदायका सुप्रसिद्ध ग्रन्थ महाकौलज्ञानविनिर्णय ल्याएको कुरा नवौं शताब्दी ई. को उपर्युक्त ग्रन्थको पुष्पिकामा वर्णित भएको हुँदा श्री मत्स्येन्द्रनाथ कौल सम्प्रदायका देवता भएको कुरा निश्चित प्रायः लाग्दछ । काठमाण्डूस्थित जमलेश्वर महादेव नामले विख्यात सेतो मत्स्येन्द्रको इलाका कौलिग्राम नाउँले पुकारिएको श्रौ काठमाण्डूकै प्राचीनतम नाम दक्षिणकौलिग्राम भएको कुरा ऐतिहासिक सामग्रीहरूले पुष्टि गरेबाट उक्त कुरोको पुष्टिमा अझ बढि सघाउ पुऱ्याएको छ । किनभने काठमाण्डूको कौलिग्राम, दक्षिणकौलिग्राम नामको प्राप्तिले त्यहाँ प्राचीनकालदेखि नै उपर्युक्त कौल सम्प्रदायका मानिसहरूको अत्यधिक बसोबास भएको श्रौ श्री मत्स्येन्द्रनाथ कौलहरूका देवता भएको कुरामा टेवा पुऱ्याएको छ । ललितपुरस्थित रातो मत्स्येन्द्र-

नाथकहाँ कनफटा योगीहरूको पनि भूमिका हुने कुरा पनि यहाँ उक्त तथ्यकै परिप्रेक्षमा लिन सकिन्छ। यी तर्कहरूको अतिरिक्त विष्णुले माछाको रूप लिई महादेवले पार्वतीलाई प्रदान गरेको अरूहरूको लागि दुर्लभ ब्रह्मज्ञान प्राप्त गरी मत्स्येन्द्रनाथ नामले विख्यात भएको कुरा तेह्रौं शताब्दी ई. को ज्ञानेश्वरकृत ज्ञानेश्वरी अध्याय १८।१७५१–१७६३ मा वर्णित छ, जसबाट पनि उक्त तर्ककै पुष्टि हुन्छ।

कामरूपमा आद्य देवतास्वरूप रहेका भगवान् श्री मत्स्येन्द्रनाथको नेपाल आगमन कहिले भयो भन्ने कुरा विचारणीय छ। नेपालको सर्वप्राचीन गोपालराजवंशावलीमा मत्स्येन्द्रनाथलाई कामरूपबाट ल्याएको भन्ने कुरा केही उल्लेख नगरी खालि राजा नरेन्द्रदेव र आचार्य बन्धुदत्तले मत्स्येन्द्र यात्रा चलाए भन्ने कुरा वर्णित छ। तर, उपर्युक्त ऐतिहासिक सामग्रीहरूले मत्स्येन्द्रनाथ कामरूप देशका आद्य आराध्यदेव भएको कुरा प्रमाणित गरेबाट तिनको नेपाल आगमन कामरूपबाटै भएको कुरा अहिलेसम्म प्राप्त तथ्यहरूबाट प्रमाणित नै लाग्दछ। अनि, ती देवतालाई नेपालमा सम्भवतः प्रख्यात लिच्छवी राजा जयदेव द्वितीयले कामरूपबाट ल्याएका थिए। जयदेव द्वितीयको संवत् १५९ को पशुपतिको अभिलेखमा तिनलाई कामरूप विजय गर्ने भन्ने कुरा वर्णित छ जसबाट उपर्युक्त अनुमानको पुष्टि भएको लाग्दछ।

"अङ्ग-श्रिया परिगतो जित-कामरूपः
काञ्चीगुणाढ्य-वनिताभिरुपास्यमानः ।
कुर्व्वन्सुराष्ट्र-परिपालन-कार्य-चिन्तां
यः सार्व्वभौम-चरितं प्रकटीकरोति ॥ (१६))"

—पशुपतिको अभिलेख, संवत् १५९

यद्यपि पछिका वंशावलीहरूमा आफ्नै छोरा वरदेवको राजत्वकालमा राजा श्री नरेन्द्रदेवले मत्स्येन्द्रनाथलाई कामरूपबाट ल्याएको भन्ने कुरा वर्णन गरिएको पाइए तापनि राजा श्री नरेन्द्रदेवका वरदेव नामका कुनै छोरा राजा भएको कुरा पुरातात्विक सामग्रीहरूले पुष्टि नगरेको भ्रौ राजा

श्री नरेन्द्रदेवका नाती राजा श्री जयदेवले कामरूप जितेको कुरा उपर्युक्त अभिलेखमा उल्लिखित भएबाट उक्त अनुमान गरिएको हो ।

मत्स्येन्द्रनाथको बारे पहिलो उल्लेख तेह्रौं शताब्दी ई. को प्रारम्भिक समयमा नेपाल भ्रमणमा आउने तिब्बती यात्री धर्मस्वामिन्‌को जीवनीमा वर्णित छ । त्यसमा श्री मत्स्येन्द्रलाई आर्यावलोकितेश्वरको रूपमा वर्णन गरिनुको साथै तिनको ईही, गुफा राख्ने र शरीरमा राता रंग भर्ने जस्ता कुराहरू वर्णन गरिएका छन् । गोपालराजवंशावली अनुसार यद्यपि खसिया राजा जयतारी मल्ल तथा रिपु मल्लहरूले मत्स्येन्द्रनाथकहाँ पूजा आजा गरेका थिए । ने. सं. ५२८ मा राजा श्री जयस्थिति मल्लले आफ्ना तीनजना छोराहरूसँगै बुगम यात्रा गरेका थिए । ने. सं. ४५७ को महीरावणवधनाटक ग्रन्थमा मत्स्येन्द्र बुंगेश्वरको रोक्दै चल्दै गरेको यात्राको अवसरमा राजकुमारहरू तथा ब्राह्मणहरूको उपस्थिति भएको कुरा वर्णित भएबाट निर्णित रूपले चौधौं शताब्दी ई. को पूर्वार्द्धमा मत्स्येन्द्र यात्राको परम्परा नेपालमा चलिसकेको देखिन्छ ।

"भगवतः श्री वुङ्गेश्वरस्य प्रतिहतप्रतिसरत्‌यात्रोत्सवप्रसङ्गेनायातानां प्रमुदितद्विजराजपुत्रादीनां समाजः ॥ इहहि ॥"

—महीरावणवधनाटकम्, ने. सं. ४५७ (१३३७ ई.)

यद्यपि लिच्छवी राजा श्री जयदेवको समयदेखि मत्स्येन्द्रको परम्परा नेपालमा चलेको देखिए तापनि सम्भवतः मत्स्येन्द्रको यात्रा नेपाल सम्वत्‌को अनन्तर मात्र भएको लाग्दछ । उत्तरप्राचीनकालीन अभिलेखहरूमा विभिन्न यात्राहरूको उल्लेख पाइएर पनि नेपाल प्रसिद्ध मत्स्येन्द्र यात्राको बारे कुनै उल्लेख नपाइनुलाई यहाँ खास आधारको रूपमा लिइएको छ । चौधौं शताब्दी ई. मा लिखित गोपालराजवंशावलीमा वर्णित राजा श्री नरेन्द्रदेव दशौं शताब्दी ई. को अन्तिम अथवा एघारौं शताब्दी ई. को प्रारम्भिक समयका महाराजाधिराज श्री नरेन्द्रदेव हुनु धेरै सम्भव छ । गोपालराजवंशावलीमा महाराजाधिराज श्री नरेन्द्रदेव र आचार्य श्री बन्धुदत्तले यो यात्रा चलाएको भन्ने कुरा वर्णित छ । प्रारम्भमा यो

यात्रा शरद् ऋतुमा गरिन्थ्यो । तेह्रौं शताब्दी ई. का तिब्वती यात्री धर्मस्वामिन्को जीवनीमा यस कुरातिर इंगित गरिएको छ । ने. सं. ४५७ श्रावण कृष्ण द्वादशी पुष्य नक्षत्रका दिन लिखित महीरावणवधनाटक ग्रन्थमा वर्णित वर्णनबाट पनि मत्स्येन्द्र यात्रा उपर्युक्त समयमै गरिन्थ्यो भन्ने कुरातिर परिलक्षित हुन्छ ।

तर, चौधौं शताब्दी ई. का प्रख्यात राजा श्री जयस्थिति मल्लले शरद ऋतुमा गरिने मत्स्येन्द्र यात्रालाई वसन्त ऋतुमा संचालन गरिने परम्परा चलाएको अनुमान हुन्छ । जयस्थिति मल्लकै समय लिखित गोपालराजवंशावलीमा "सं. ५०७ वैशाख शुदि ४ श्री श्री जयस्थिति राज मल्ल देव ठाकुरस त्रिय पुत्र सहन वुगम यात्रा विज्याङ्गा दिन १४. . ." भनी वर्णन गरिएको पाइएबाट उपर्युक्त अनुमान ठीकै जँच्तछ । यसरी जयस्थिति मल्लको समयदेखि वसन्त ऋतुमा गरिन लागेको मत्स्येन्द्र यात्राको परम्परा अद्यापि सो समय ललितपुरमा गर्दै आइरहेको छ ।

उपर्युक्त विभिन्न वर्णनहरूबाट मत्स्येन्द्र श्रौ मत्स्येन्द्र यात्राको परम्परा नेपालमा प्राचीनकालदेखि नै प्रचलित भएको कुरा विदित हुन्छ । प्रत्येक वर्ष वैशाख शुक्ल प्रतिपदादेखि ललितपुरका नगरको निर्धारित मार्ग भई यो यात्रा संचालन भएर अन्ततः जाह्रोलाखेलमा पुगी भोटोयात्राको समापनसँगै समाप्त हुन्छ । यसपछि मत्स्येन्द्रलाई खटमा राखी वुंगमतीमा लगिन्छ । तर, प्रत्येक बाह्र वर्षमा यो यात्रा वुंगमतीदेखि नै प्रारम्भ हून्छ । वैशाख शुक्ल प्रतिपदादेखि वुंगमतिबाट यो यात्रा प्रारम्भ गरी ललितपुर नगरका निर्धारित मार्गहरू भई अन्ततः वुंगमतीमै मत्स्येन्द्र रथलाई पुऱ्याई यो यात्रा समाप्त हुन्छ । बाह्रवर्षीय मत्स्येन्द्र यात्राको अवसरमा यो यात्राको अन्तिम दिनमा गरिने भोटो प्रदर्शनी दुई पटक गरिन्छ—ललितपुरको जाह्रोलाखेलमा श्रौ वुंगमतीको जाह्रोलाखेलमा । वुंगमतीको जाह्रोलाखेलमा गरिने भोटो प्रदर्शनीको अनन्तर बाह्र वर्षमा सम्पन्न हुने मत्स्येन्द्र यात्राको समाप्ति हुन्छ । अस्तु ।

लुम्बिनी: भगवान् बुद्धको जन्मभूमि

हिन्दू एवं बौद्धहरूका अनेकौं पवित्र तीर्थस्थलहरूमध्ये उल्लेखयोग्य रूपले जम्मा आठ तीर्थहरू ज्यादै पवित्र तथा आनन्ददायी मानिएका छन् । तिनीहरू मुख्यत: निम्न छन्–हिन्दू चारधाम-बद्रिनाथ, रामेश्वर, द्वारका, जगन्नाथ; बौद्ध पावनस्थलहरू–लुम्बिनी, बोधगया, ऋषिपटन, कुशिनारा । उपर्युक्त हिन्दू र बौद्ध पावनस्थलहरूमध्ये हाम्रो यस वर्तमान नेपाल भूमिमा एउटै तीर्थस्थल अवस्थित छ त्यो हो वर्तमान नेपालको पश्चिम तराईस्थित लुम्बिनीग्राम । यो त्यही लुम्बिनी हो जसले वर्तमान नेपालको अन्तर्राष्ट्रिय जगतमा महान् प्रतिष्ठा कायम गराउनुमा ठूलो योगदान गरेको छ । यसैले त्यो स्थल नेपाली मात्रको लागि प्रणम्य छ–आमा नेपाललाई विश्व जनमानसद्वारा वन्दना गराउने हुँदा ।

उपर्युक्त तीर्थस्थलहरूको अध्ययनमा स्पष्ट दृष्टिगत हुन्छ कि कुनै पनि पावनस्थलहरू राष्ट्रको मौलिक एकताका प्रतीकस्वरूप रहेका हुन्छन् । चार कोणमा अवस्थित हिन्दूहरूका माथि वर्णित चारधामले भारतीय उप-महाद्वीपको मौलिक एकतालाई स्पष्टचाएको छ । त्यस्तै बौद्धहरूका प्रस्तुत चार पावनस्थलहरूले मनुष्य मात्रले जन्मेदेखि नै पूरा गर्ने प्रण गरिआएका त्रिऋणमध्ये देवऋण अर्थात् महानात्माहरु, तिनीहरूका शिक्षा तथा तिनीहरूसित सम्बन्धित पावन भूमिको समादर गर्ने अत्यावश्यकतातिर इंगित गरेका छन् । महानात्माहरूसित सम्बन्धित भूमिहरूको समुचित आदर गरिनाले मनुष्यमा सच्चरित्रताको विकास भई एकताको भावना प्रज्ज्वलित हुनुको अतिरिक्त धर्ममा आस्था विकसित हुनेछ । यसमा दुई मत होवैन । भगवान् बुद्ध स्वयम्ले नै आफ्नो जीवनसित सम्बन्धित उपर्युक्त चार स्थलहरूको पवित्रतामाथि जोर दिइनामा पनि त्यही नै आशय रहेको बुझिन्छ । यसैले यदि हामीले आफ्नो राष्ट्रलाई अक्षुण्ण

बनाई राख्नु छ भने पावनस्थलहरूको मनसा, वाचा, कर्मणा आदर गरिनु नितान्त जरूरी छ ।

लुम्विनी वर्तमान नेपालको त्यो स्थल रहेको छ जहाँ करीब करीब २६०० वर्ष अगाडि एक यस्तो ज्योति प्रज्ज्वलित भएको थियो जसले पछि गएर अज्ञानान्धकारको बीच ज्ञानालोकलाई फिजाउँदै वैदिक आदर्श अनुरूप सत्य पथमा अग्रसर हुँदै अष्टांगिक मार्गद्वारा निव्वाण प्राप्त गर्ने मार्गदर्शन गरेका थिए । भगवान् बुद्धको जन्म यस स्थलमा भएको थियो भन्ने कुराको पत्तो ई. सन् १८९६ मा डा. फुहररद्वारा यहाँ पत्ता लगाएको तृतीय शताव्दी ई. पू. का मौर्य सम्राट् प्रियदर्शी अशोकद्वारा प्रतिष्ठापित स्तम्भलेखबाट विदित हुन्छ ।

> "देवानपियेन पियदसिन लाजिन वीसति–वसाभिसितेन
> अतन आगाच महीयिते हिद बुधे जाते सक्य–मुनी ति (।)
> सिला–विगड–भीचा कालापित सिला–थभे च उसपापिते (।)
> हिद भगवं जाते ति लुंमिनि–गामे उवलिके कटे अठ-
> भागिये च (।।)

—लुम्विनी स्तम्भलेख

प्रस्तुत अभिलेखकै प्रतिकृति भारतको उडिसास्थित भुवनेश्वर नजिक पत्ता लागेको कुरा १९३५ वि. एस. मा प्रकाशित भएको प्रवासि पत्रिकामा छापिएको थियो । तर, त्यो अभिलेख नक्कली भएको कुरा भारतका प्रख्यात अभिलेखविद् श्री दि. सी. सरकारले उल्लेख गरेको छ । श्री-सरकारज्यूको तर्कलाई त्यस स्थानमा भगवान् बुद्ध एवं उनीद्वारा प्रचारित बौद्धधर्मसित सम्वन्धित खास उल्लेखयोग्य कुनै कुरो नपाइएको भ्रौ त्यसको विपरीत वर्तमान नेपालको पश्चिम तराईस्थित लुम्बिनी ग्राममा बौद्ध-धर्मसित सम्बन्धित अशोक स्तम्भको अतिरिक्त अनेकौं चैत्य, मन्दिर, इनार तथा पुरातात्विक अन्य कतिपय वस्तुहरू प्राप्त भएबाट पनि पुष्टि गर्दछ । चीनी यात्री युआनच्वाँगले लुम्बिनीस्थित अशोक स्तम्भ बिजुली प्रहारले चर्केको कुरा उल्लेख गरेको तथा सो स्तम्भ अहिले पनि चर्किरहेकै

देखिएबाट बुद्ध शाक्यमुनिको जन्मस्थल उत्कीर्ण गरी प्रियदर्शी सम्राट्द्वारा प्रतिष्ठापित अभिलेख यथार्थ रूपले त्यही नै रहेको कुरा सिद्ध हुन्छ। भगवान् बुद्धको जन्मस्थल उल्लिखित स्तम्भलेख वर्तमान लुम्बिनी ग्राममा पछि मात्र सारेको नभएर शुरूदेखि नै त्यसै स्थानमा रहेको कुरालाई लुम्बिनीको सन्निकटमा रहेको निगाली सागरमा अशोकस्तम्भ प्राप्त हुनुको साथै भारतको वस्ति जिल्लास्थित पिप्रहवामा अभिलेख सहितको पिण्डपात्र राखिएको स्तूप पत्ता लाग्नुको अतिरिक्त विरूढकद्वारा शाक्यहरूको आमहत्या गरिएको स्थान तिलौराकोटदेखि दुई माइल उत्तरस्थित सगरवा रहेबाट पनि अनुमान गर्ने अत्यधिक आधार भेटिन्छ । युआनच्वाँगले अशोक स्तम्भको सन्निकट अरू चारओटा स्तूपहरू भएको कुरा वर्णन गरेकोलाई त्यस स्थलको उत्खनन्ले प्रमाणित गरेवाट पनि उक्त तर्कके पुष्टि हुन्छ। लुम्बिनीको उत्खनन्मा प्राप्त ती चार स्तूपहरूका भग्नावशेषहरू अझै त्यहाँ देख्न सकिन्छ । यसरी वर्तमान नेपालको लुम्बिनी ग्राममै भगवान् बुद्धको जन्म भएको कुरा सुनिश्चित छ ।

छैठौं शताब्दी ई. पू. तिर उत्तरी भारतमा अनेकौं गणराज्यहरू विद्यमान थिए । यस तथ्यलाई बौद्ध ग्रन्थहरूवाट पुष्टि मिलेका छन् । उक्त ग्रन्थहरूमा देखिएका गणराज्यहरूका नाम निम्न छन्:–

१. कपिलवत्थुका शाक्य
२. सुंसुमगिरिका भग्ग
३. अल्लकप्पका बुली
४. केसपुत्तका कालाम
५. रामग्रामका कोलिय
६. पावाका मल्ल
७. कुशीनाराका मल्ल
८. पिप्पलिवनका मोरिय
९. मिथिलाका विदेह
१०. वैशालीका लिच्छवी

उपर्युक्त नामहरूमा शाक्यवंशको पनि उल्लेख देखिएको छ । शाक्य गणराज्यको राजधानी कपिलवस्तु वर्तमान नेपालको पश्चिम तराईस्थित तिलौराकोट (तौलिहवा) नै रहेको कुरा त्यस स्थानमा गरिएका उत्खनन् कार्यका उपलब्धिहरूवाट अधिकांश विद्वानहरूले निष्कर्ष निकालेका छन् । तौलिहवास्थित निगाली सागरमा सप्त मानव बुद्धहरूमध्येका

कोनाकमनि बुद्धको स्तूपलाई परिवर्द्धित गरिएको कुरा सम्राट् अशोकको त्यस स्थानमा प्राप्त खण्डित शिलास्तम्भलेखले दर्शाएको छ ।

"देवानंपियेन पियदसिन लाजिन चोदस–वसा (भिसितेन)
बुधस कोनाकमनस थुवे दुतियं वढिते (।)
(वीसति–व)साभिसितेन च अतन आगाच महीयिते
(सिला–थभे) (च) (उस)पापिते (।।))"

–निगाली सागर स्तम्भलेख

यसको अतिरिक्त श्री ५ को सरकारले त्यस स्थानमा गरेको उत्खनन्मा चारौं, पाँचौं शताब्दी ई. पू. का चैत्य पत्ता लाग्नुको अतिरिक्त अरू कैयौं ई. पू. का पुरातात्विक महत्वका वस्तुहरू प्राप्त भएका थिए । यी सबै उपलब्धिहरूले उक्त तिलौराकोट नै तत्समयका शाक्यहरूको राजधानी रहेको कुरा देखिन आउँछ । डा. एन. आर. बैनर्जीले आफ्नो एक लेखमा भारतको बस्ति जिल्लास्थित पिप्रहवालाई कपिलवस्तुको संज्ञा दिने चेष्टा गरेको छ । भगवान् बुद्धको अस्थिधातु राखिएको प्रिप्रहवा स्तूपको उत्खनन् गरिंदा प्राप्त भएको पिण्डपात्रमा उत्कीर्ण अभिलेखको विवादास्पद व्याख्याको आधारमा डा. बैनर्जीले शाक्य बन्धुहरूद्वारा प्रतिष्ठापित स्तूप तिनीहरूको राजधानीकै सामीप्यमा हुने धेरै संभावना हुँदा पिप्रहवादेखि सोह्र किलोमिटर टाढा अवस्थित तौलिहवा प्राचीन कपिलवस्तु नभएर पिप्रहवाकै अगलबगलमा प्राचीन कपिलवस्तु रहेको कुराको सम्भावना व्यक्त्याएको थियो । डा. बैनर्जीको प्रस्तुत तर्कमा कुनै आधार नै छैन भन्ने त्यो होइन । चीनी यात्री फाहियानले कपिलवस्तु लुम्बिनीको नौ माइल दक्षिण-पश्चिममा भएको कुरा आफ्नो भ्रमण वृतान्तमा उल्लेख गरेका थिए । तर, उक्त स्तूप नै दि. सी. सरकारको अनुसार पाँचौं, छैठौं शताब्दी ई. पू. को नभएर तृतीय शताब्दी ई. पू. को रहेको तथा अर्को चीनी यात्री युआनच्वाङ्गले लुम्बिनीको चौध माइल उत्तर-पश्चिममा कपिलवस्तु बसेको कुरा वर्णन गरेको हुँदा डा. बैनर्जीको तर्क त्यत्ति साह्रो ओजपूर्ण नभएको अनुमान भई अर्को कुनै ठोस आधार नभेटेसम्मन् उत्खनन्बाट

प्राप्त उपलव्धिहरूको आधारमा ई. सन् १८९९ मा पी. सी. मुखर्जीद्वारा सर्वप्रथम प्राचीन कपिलवस्तुको रूपमा मान्यता मिलेको वर्तमान नेपालको तिलौराकोट (तौलिहवा) लाई नै प्राचीन कपिलवस्तु भएको कुरा स्वीकार्न सकिन्छ।

कपिलवस्तुमा इक्ष्वाकु शाक्यहरूको गणराज्य रहेको थियो । दीघ-निकायका अम्बट्ठ सुत्त अनुसार शाक्यहरू राजा इक्ष्वाकुका छोरा छोरी-हरूको आपसी संवासद्वारा सृष्टि भएका थिए । यस्तै नै किसिमसंग दशरथ जातकले राम, सीतालाई दाज्यू र वहिनीको रूपमा मान्यता दिनुको अतिरिक्त रामले आफ्नी वहिनीलाई नै विवाह गरेको कुरा वर्णन गरेको छ । यसरी वौद्ध साहित्यमा दाज्यू र वहिनीको बीच विवाह हुनु कुनै पाप नसम्झिने कुरा प्रकटित हुन्छ । तर, प्राचीन आदर्श अनुरूप दाज्यू र वहिनीको बीच विवाह हुनु एक घृणित कार्य सम्झिने कुराको यथार्थता ऋग्वेदमा वर्णित यम र यमीको कथा प्रसंगवाट जानिन्छ । उक्त कथामा एक कामी वहिनी यमी आफ्दा दाज्यू यमसित पतिको रूपमा आलिङ्गन गर्न खोज्छिन् । तर, तिनका भाई यस्तो अपवित्र समागमलाई स्वीकार गर्दैन । यस कुराको तात्पर्य सम्झनु गाह्रो छैन । दिन र रात यद्यपि सधैं एक दोस्रोको पीछा गर्दछन् तर तिनीहरूको परस्पर समागम कहिल्यै हुन सक्तैन । हाम्रो इतिहासको पुरातात्विक दृष्टिले अध्ययन गरेमा पनि वैदिक आदर्शकै अनुसरण गरिएको पाइन्छ । अनि बौद्ध साहित्यहरूमा वर्णित दाज्यू बहिनीको बीच विवाह सम्बन्ध कायम हुन सकिने भन्ने कुरो सत्य सिद्ध भए जस्तो लाग्दैन । इक्ष्वाकु राजाका सन्तानलाई शाक्य भनिनाको कारण प्रथम शताब्दी ई. का महाकवि अश्वघोषले आफ्नो सौन्दरनन्द काव्यमा इक्ष्वा-कुवंशी राजकुमारहरूले निवास गरेको भूमि शाक वृक्षहरूद्वारा ढाकेको हुँदा तिनीहरूलाई शाक्य भनिएको हो भनी जुन तर्क प्रस्तुत गरेको छ त्यो नै यथार्थरूपले सत्यको सन्निकट पुगेको कुराको अनुमान हुन्छ।

"शाकवृक्षप्रतिच्छन्नं वासं यस्माच्च चक्रिरे ।
तस्मादिक्ष्वाकुवंश्यास्ते भुवि शाक्या इति स्मृताः ॥"

—सौन्दरनन्दकाव्य १।२४

राजा इक्ष्वाकुका निर्वासित राजकुमारहरूले हिमालय समीपस्थ एक सरोवरको किनारस्थित महाशाक वनमा निवास गरेको कुरा दीघनिकायका अम्बट्ठ सुत्तमा वर्णन गरिएबाट पनि महाकवि अश्वघोषको माथि वर्णित तर्कको पुष्टचाइँ हुन्छ।

भगवान् बुद्धको जन्म माथि वर्णित शाक्यवंशका राजा शुद्धोदनकी पटरानी मायादेवीको गर्भबाट करीब-करीब २६०० वर्ष अगाडि वर्तमान नेपालको लुम्बिनी ग्राममा भएको थियो। त्यस समय स्त्रीहरू गर्भ परिपूर्ण भइसकेपछि गर्भ उत्थानको लागि लोग्नेको घरको अतिरिक्त माइती पनि जाने गर्थिन् भन्ने कुरा जातक कथाको अध्ययनमा स्पष्ट थाहा हुन्छ। यस तथ्यलाई कपिलवस्तु र देवदहको बीचस्थित लुम्बिनी वनमा सिद्धार्थ गौतमको जन्म भएको घटनाले पनि पुष्टि गर्दछ। आफ्नो माइतीमा प्रसव-कालका लागि गइरहेकी छँदी लुम्बिनी वाटिकास्थित शालवृक्षको छायाँमुनि पुग्दा मायादेवीलाई प्रसव वेदना ज्यादै बढ्न लागेको हुनाले तिनीले सोही शाल शाखालाई एक हातले मजबूतसंग समाती त्यसै उभि-रहिन्। त्यसै समय सिद्धार्थ गौतमको जन्म भएको हुँदा तिनको जन्म माया-देवीको पार्श्वबाट भएको भन्ने अनुश्रुति प्रचारित भएको हुनु धेरै सम्भव छ। महाकवि अश्वघोषले सिद्धार्थ गौतमको जन्म मायादेवीको पार्श्वबाट भएको भन्ने कुरा उल्लेखेकोमा पनि सोही आशय विद्यमान रहेको विदित हुन्छ।

"ततः प्रसन्नश्च वभूव पुष्यस्तस्याश्च देव्या व्रतसंस्कृतायाः ।
पार्श्वात्सुतो लोकहिताय जज्ञे निर्वेदनं चैव निरामयं च ॥९॥
ऊरोर्यथौर्वस्य पृथोश्च हस्तान्मान्धातुरिन्द्रप्रतिमस्य मूर्ध्नः ।
कक्षीवतश्चैव भुजांसदेशात्तथाविधं तस्य वभूव जन्म ॥१०॥"

—वुद्धचरितम्, प्रथमः सर्गः

लुम्बिनी स्तम्भको समीपस्थ अनुमानित पाँचौं शताब्दी ई. को मन्दिर-

को भग्नावशेष औ सोही समयतिरको एक भग्न मूर्ति पनि १८९९ ई. को उत्खनन्मा प्राप्त भएको थियो। उक्त मूर्तिमा मायादेवीले एक हातले शालभञ्जिका समातिराखेकी देखाइनुको अतिरिक्त सिद्धार्थ गौतम जन्मनासाथ सात पाइला हिंडेको चित्र उत्कीर्ण गरिएको छ। यसरी यस मूर्तिबाट कुनै पनि महान घटनालाई अलौकिक रूप प्रदान गर्ने हाम्रो परम्परानुसार सिद्धार्थ गौतमको जन्म मायादेवीको पार्श्वबाट भएको भन्ने कथनलाई बुझ्न सुगम गराएको छ। हातको खास बलको कारण नै सिद्धार्थको जन्म भएको हुँदा तिनलाई मायादेवीको पार्श्वबाट जन्मेको भन्ने अनुश्रुति चलेको देखिन्छ। फेरि, सोही मूर्तिमा सिद्धार्थ गौतम जन्मनासाथ सात पाइला हिंडेको देखाइएको छ। सिद्धार्थ गौतमले जन्मनासाथ सात पाइला हिंडी चारैतिर हेरेर संसारमा यो मेरो अन्तिम जन्म हो भनी बोलेको कुरा बौद्ध ग्रन्थहरूमा वर्णन गरिएबाट उपर्युक्त मर्तिमा सात पाइला हिंडेको देखाइनाको तात्पर्य स्पष्ट भएको लाग्दछ।

"बोधाय जातोऽस्मि जगद्धितार्थमन्त्या भवोत्पत्तिरियं ममेति।
चतुर्दिशं सिंहगतिर्विलोक्य वाणीं च भव्यार्थकरीमुवाच ॥१५॥"

—बुद्धचरितम्, प्रथमः सर्गः

"अग्गो हमस्मि लोकस्स
जेट्ठो हमस्मि लोकस्स
सेट्ठो हमस्मि लोकस्स
अम मन्तिमा जाति (मन्तिमा)
नत्थि दानि पुनवभवो ।"

त्यस सात पाइला बुद्धत्व प्राप्तिका लागि अत्यावश्यक बोधिज्ञानका सात अंगहरूका प्रतीकस्वरूप छन्। सप्त बोध्यंगानि मज्झिम निकाय ग्रन्थको अनुसार निम्न छन्:—

१. स्मृति—संबोध्यंग २. धर्म—विचय—संबोध्यंग ३. वीर्य-संबोध्यंग
४. प्रीति—संबोध्यंग ५. प्रश्रब्धि —संबोध्यंग ६. समाधि—संबोध्यंग
७. उपेक्षा—संबोध्यंग ।

—मज्झिम—निकाय, नन्दकोवाद—सुत्त

व्रतवन्धको समय केटाहरूलाई सात पाइला हिँडाउने चलन अद्यापि हाम्रो संस्कृतिमा देखिएको छ । उपनयन संस्कारले विद्यारम्भको शुरूआत गरेर मनुष्यलाई चतु आश्रममा पहिलो ब्रह्मचर्याश्रममा प्रवेश गराउँदछ । यो आश्रम मनुष्यको एकमात्र महान् लक्ष–निव्वान अर्थात् मोक्ष प्राप्तिको लागि अत्यावश्यक ज्ञानार्जन गर्ने समय हुँदा उक्त उपनयन संस्कारमा सात पाइला हिँडाउने चलनको यथार्थता स्पष्ट हुन्छ ।

विश्व इतिहासमा सर्वप्रथम सामुद्रिक शास्त्रको उन्नति लुम्विनी ग्राममैं भएको अनुमान हुन्छ । बौद्ध ग्रन्थ ललितविस्तरमा सिद्धार्थ गौतम लुम्विनीमा जन्मेर पाँच महीना भइसकेपछि मात्र कपिलवस्तु राजप्रासाद पुऱ्याइएको कुरो वर्णन गरिएवाट उक्त कुरोको पुष्टचाइँ भएको प्रतीत हुन्छ । लुम्विनीमा सिद्धार्थ गौतम जन्मेको कुरा देवताहरूवाट थाहा पाएर महर्षि असितले त्यस स्थलमा आई राजकुमारको अङ्गप्रत्यङ्गको सूक्ष्म निरीक्षण गरिसकेपछि उक्त बालक विषयहरूदेखि अनासक्त भएर कठोर प्रयत्नद्वारा तत्त्व प्राप्त गरी संसारमा मोहरूप अन्धकारलाई नष्ट गर्ने ज्ञानरूप सूर्य हुनेछ भनी आफ्नो विचार प्रकट गरे ।

"चक्राङ्कपादं स ततो महर्षिर्जालावनद्धाङ्गुलिपाणिपादम् ।
सोर्णभ्रुवं वारणवस्तिकोशं सविस्मयं राजसुतं ददर्श ॥६०॥
विहाय राज्यं विषयेष्वनास्थस्तीव्रैः प्रयत्नैरधिगम्य तत्त्वम् ।
जगत्ययं मोहमतो निहन्तुं ज्वलिष्यति ज्ञानमयो हि सूर्यः॥६९॥"

—बुद्धचरितम्, प्रथमः सर्गः

फेरि, असितका अनुसार सिद्धार्थ गौतम असीतिव्यञ्जनयुत रहेको छ । यस तथ्यको पत्तो अर्थ विनिश्चय ग्रन्थवाट हुन्छ । महर्षि असितका उपरोक्त वर्णन बुद्धचरितम् महाकाव्यमा वर्णन गरिएवाट कमसेकम प्रथम शताव्दी ई. मा सामुद्रिक शास्त्रको विकास लुम्विनीमा भइसकेको कुरोको स्पष्ट जानकारी मिल्दछ ।

लुम्विनी भगवान् बुद्धको समयदेखि नै एक पवित्र तीर्थस्थल मानिएको

कुरा स्वयं भगवान् बुद्धद्वारा आफ्नो जीवनसित सम्वन्धित चार पावन-स्थलहरूको उल्लेख गर्दा आफ्नो जन्मभूमिको पनि वर्णन गरिएबाट थाहा हुन्छ । दीघनिकाय ग्रन्थको अध्ययनमा यस कुराको स्पष्ट जानकारी मिल्दछ ।

"चत्तारिमानि आनन्द ! सद्धस्स कुलपुत्तस्स दस्सनीयानि . . ठानानि . . इध तथागता जातोंति, . . . इध तथागतो अनुत्तरं सम्मासम्वोधिं अभिसम्बुद्धोति, . . . इध तथागतेन अनुत्तरं धम्मचक्कं पवत्तितन्ति, . . . इध तथागतो अनुपादिसेसाय निव्वाणधातुया परिनिव्वुतो' ति . . . ।"

—दीघनिकाय, महापरिनिव्वानसुत्त १६

यो स्थल ज्यादै पावन मानिएको हुँदा नै आफ्नो राज्याभिषेकको वीसौं वर्षमा मौर्य सम्राट् अशोक स्वयं यस ठाउँमा आई यहाँ प्रचलित रहेको धार्मिक करलाई माफी दिनुको अतिरिक्त भूमिकरलाई उत्पादनको षष्ठांशको बदला अष्टांश गरी यहाँका जनतालाई निगाह गरेको कुरा तिनले यहाँ प्रतिष्ठापन गरेको शिलास्तम्भलेखवाट जानिन्छ । त्यस स्तम्भ-लेखका "सिला-विगड-भीचा कालापि त सिला –थभे च उसपापिते (।)" पंक्तिबाट तिनले यस ठाउँमा शिलाको कुनै प्राकार (मन्दिर?) र एक शिलास्तम्भ निर्माण गरेको कुरा विदित हुन्छ । उक्त शिलास्तम्भमा "हिद भगवं जाते ति लुंमिनि–गामे उवलिके कटे अठ भागिये च (।।)" भनी उल्लेख गरिएकोले बुद्ध शाक्यमुनिको जन्म यस स्थलमा भएको थियो भन्ने कुरा स्पष्ट भएको छ । त्यस अभिलेखको महत्व यस निमित्त विशेपरूपले रहेको छ कि त्यसको अभावमा लुम्विनीको नाम सर्वथा लोप हुने थियो । त्यसमा वर्णित शिला निर्मित प्राकार अहिलेसम्म पत्ता लागेको छैन । तर, त्यसको विपरीत अनुमानित पाँचौं शताव्दी ई. को इष्टिका निर्मित मन्दिरको भग्नावशेष, शालभञ्जिका समातेकी मायादेवीको फुटेको मूर्ति तथा मायादेवीले नुहाएको पोखरी १८९९ ई. को उत्खनन्मा पाइएबाट संभवतः कुनै कारणवश सम्राट् अशोकद्वारा निर्मित शिला मन्दिर भग्न भएको हुँदा माथि वर्णित पाँचौं शताव्दी ई. मा सो मन्दिर पुनः निर्माण गरिएको हुनु धेरै सम्भव छ ।

सम्राट् अशोकको वाद् लुम्बिनीको यात्रा गर्ने प्रख्यात व्यक्तिहरूमध्ये फाहियान र युग्रानच्वाङ्गको नाम खास तवरले लिइन्छ। सातौं शताब्दी ई. मा लुम्बिनीको यात्रा गर्ने युग्रानच्वाङ्गले माथि वर्णित अनुमानित पाँचौं शताब्दी ई. को मन्दिरको कुनै उल्लेख आफ्नो भ्रमण वृतान्तमा नगरेबाट सम्भवतः उक्त समयसम्मन् सो मन्दिर भूमिसात् भइसकेको अनुमान हुन्छ। तर, युग्रानच्वाङ्गले आफ्नो यात्रा वृत्तान्तमा अश्वशीर्षयुत अशोक स्तम्भको वर्णन गरेको छ। तिनको समयसम्म मायादेवीले समातेकी शालवृक्ष मरिसकेको थियो। अन्य सबै सामग्रीहरूको अतिरिक्त चारौं शताब्दी ई. मा लुम्बिनीको यात्रा गर्ने चीनिया यात्री फाहियानले भगवान् बुद्ध जुन रूखमुनी जन्मेका थिए त्यसलाई शालवृक्ष भनिए तापनि युग्रान-च्वाङ्गले त्यो रूखलाई अशोकवृक्षको संज्ञा दिइनु विचारणीय रहेको छ। उक्त रूखलाई अशोकवृक्ष भनी युआनच्वाङ्गद्वारा संज्ञा दिइनाका मुख्य रूपले दुई कारण रहेको कुराको अनुमान हुन्छ। प्रथमतः यो दुःखमय संसारमा प्राणी मात्रको दुःख एवं शोकलाई निर्मूल गरी मनुष्यमात्रलाई शोकरहित अष्टाङ्गिक मार्गको माध्यम निब्बान प्राप्त गर्ने जस्ता शोक विनष्ट गर्ने मार्ग प्रदर्शनगर्ने महामानवको जन्म उक्त वृक्षको छाहारीमा भएको हुँदा त्यस वृक्षलाई अशोकवृक्षको संज्ञा दिइनु धेरै सम्भव छ। दोस्रो, तेस्रो शताब्दी ई. पू. सम्मन् जुन शालवृक्षमुनि भगवान् बुद्धको जन्म भएको थियो त्यो रूख नै मरिसकेको हुँदा प्रियदर्शी सम्राट् अशोक स्वयंले त्यस प्राचीन घटनाको स्मृतिलाई यथावत् ताजा राखी छोड्ने मनसाय लिई लुम्बिनी ग्रामको त्यस स्थलमा अर्को शालको रूख रोपेको हुँदा युआनच्वाङ्गले त्यस शालवृक्षलाई अशोकवृक्षको संज्ञा दिएको हुनु सम्भव छ।

भगवान बुद्धको जन्मभूमिलाई युग-युगसम्म मनुष्य मात्रको हृदयमा स्मृति ताजा गराई राख्ने उद्देश्यले प्रियदर्शी सम्राट् अशोकले उठाएको शिलास्तम्भाभिलेखको उल्लेख सातौं शताब्दी ई. मा लुम्बिनीको यात्रा गर्ने युग्रानच्वाङ्गले आफ्नो भ्रमण वृतान्तमा गरे तापनि चारौं शताब्दी ई. मै

लुम्बिनीको तीर्थाटन गर्ने फाहियानले त्यस स्तम्भको कुनै वर्णन नगरिनु विचारणीय छ । सम्भवत: फाहियान ऐतिहासिक महत्वका वस्तुहरूलाई विशेष प्राथमिकता नदिई धार्मिक महत्वका वस्तुका मात्र ख्याल राख्ने विदेशी यात्री हुँदा सो स्तम्भको कुनै वर्णन नगरिएको हुन सक्तछ । सम्राट् अशोकद्वारा उत्कीर्ण गरिएका स्तम्भलेखहरूलाई ई. सन्‌को चौधौं शताब्दी भन्दा पहिले नै पढ्न नसकिने भइसकेको थियो । यस कुरोको पत्तो १३५६ ई. मा दिल्लीका सुल्तान फिरोजशाह तुगलकले अशोक स्तम्भहरुमा उत्कीर्ण लेखहरूको आशय बुझ्नको लागि अनेकौं विद्वान्‌हरू एकत्रित गराउँदा पनि उक्त लेखहरूलाई पढ्न नसकेको तथा बादशाह अकबरको पनि यसमा जिज्ञासा अपूर्ण रहेका वर्णनहरुबाट हुन्छ । यसरी चौधौं शताब्दी ई. सम्मन् प्रियदर्शी सम्राट् अशोककालीन ब्राह्मी लिपि यहाँ दुर्बोध भइसकेको कुरा जानिन्छ ।

उपर्युक्त सबै आधारहरूबाट लुम्बिनीको विशेष अन्तर्राष्ट्रिय महत्व भएको कुरा थाहा हुन्छ । विश्वका बहुसंख्यक मनुष्यको प्रिय धर्मस्वरूप रहेको बौद्धधर्मको यो एक अति पावनस्थल हुँदा बौद्ध जगतको लागि त्यो स्थल त्यत्तिकै पावन मानिन्छ जत्ति क्रिश्चियनहरुको लागि जेरूसलम भ्रौ मुसलमानहरुको लागि मक्का रहेको छ । यसैले त्यस स्थलको पुरातात्विक उत्खनन्, अन्वेषणको अतिरिक्त संरक्षण (उत्खनन्‌बाट उपलब्ध वस्तुहरू समेतको) पनि गरिनु अति आवश्यक छ । यदि त्यस स्थलको राम्रो संरक्षण नगरिएमा त्यस स्थलको कारण यो देशले आर्जेको अन्तर्राष्ट्रिय ख्याति मात्र गुम्न जाने नभएर बानरलाई नरिवल भन्ने उक्ति प्रयोग गरिंदा यो देश सधैंको लागि उदाहरण बन्न जानेछ । यो निश्चय छ । अस्तु ।

नेपाली संस्कृतिको विशेषता

कुनै पनि व्यक्ति, समाज या राष्ट्रको जीवन त्यसको संस्कृतिमा निर्भर गर्दछ। संस्कृतिको राम्रो स्फुरणबिना उन्नति असम्भवप्राय: छ, वास्तविक स्वतन्त्रताको ग्यारेण्टी नहुने छ। साँच्चै भन्ने हो भने संस्कृति जीवनको त्यो ढोढ नशा हो जसमा जिन्दगी अवस्थित रहेको छ। जीवन कार्य छ भने संस्कृति त्यसको कारण छ। अत: त्यसमा कुनै प्रकारको फेरबदल गरी अर्कोको संस्कृति अंगाल्न खोज्नु आफूमा आफैंले बन्चरो प्रहार गर्नु बराबर हुन्छ। "स्वधर्मे निधनं श्रेय: परधर्मो भयावह।" यसैले न हो वास्तविक विश्वविजेताहरू साम्राज्य विजय हेरी साँस्कृतिक विजयलाई बढ्ता महत्व दिन्छन्। सोह्रौं, सत्रौं तथा अठारौं शताब्दी ई. को नेपालमा क्रिश्चियन पादरीहरूको प्रवेश बृटिश साम्राज्यको अभिवृद्धिको लागि मार्ग प्रशस्त गर्ने हेतुले नै भएको थियो। आजको विश्वमा वाह्यरूपले हेर्दा बृटिश साम्राज्य अस्तव्यस्त भइसकेको लागे तापनि गूढतामा त्यसले राम्रो प्रस्फुटन पाएको छ। त्यो हो तिनीहरूको भाषा, साहित्य, संस्कृति तथा विचारधाराको विश्वमा व्यापक प्रभाव। अत: कुनै पनि व्यक्ति या राष्ट्रको राम्रो उन्नतिको लागि संस्कृतिको यथार्थ ज्ञान हुनु अत्यावश्यक छ।

नेपाली संस्कृतिका अनेकौं विशेषताहरूमा सिद्धान्त र व्यवहारको तालमेल नै यसको प्रमुख विशेषता रहेको छ। सिद्धान्त पुरुष छ भने व्यवहार प्रकृति छ। पुरुष र प्रकृतिको संयोगमै यो पृथ्वी अनि सिर्जिएको छ। खालि पुरुष अकर्मथ हुने हुन्छ, विचारशील नै रहेर। त्यस्तै प्रत्यूतमा हुन्छ। अत: ती दुवैको संसर्ग विश्व कल्याणकोलागि, सृष्टि, स्थिति र क्षयको लागि नभई नहुने शर्त छ। हिन्दू परम्परामा अवस्थित नेपाली संस्कृतिले हामीलाई यही नै सत्यको बोध गराएको छ। प्रत्येक हिन्दू देवताका शक्तिस्वरूप एक एक देवीको कल्पना यसकोलागि उदाहरणको रूपमा लिन सकिन्छ। स्वयं

सृष्टिकर्ता ब्रह्माले यस पृथ्वीमा मनुष्य सृष्टिकोलागि आफू एक्लैले मात्र नसक्ने भएको हुँदा कुनै एक स्त्रीलाई लिई सिर्जेका थिए। यसरी हिन्दू दर्शनको स्पष्ट प्रभाव नेपाली संस्कृतिमा परेको विदित हुन्छ।

समय हेरी काम गर्नुमैं सफलता निहित भएको कुरा हाम्रो धर्मको मुलभूत व्यावहारिक सिद्धान्त रहेको छ। साँच्चै भन्ने हो भने सिद्धान्तको सफलता व्यवहारको पालनामा निहित छ। सिद्धान्त सिद्धान्त तवै बन्छ जब त्यसले व्यवहारलाई अंगाल्छ। यसैले मनुले परिस्थिति अनुसार काम-गर्नेलाई नै धर्मवेत्ताको संज्ञा दिएको छ।

"आर्षं धर्मोपदेशं च वेदशास्त्राविरोधिना।
यस्तर्केणानुसंधत्ते सधर्मं वेद नेतरः" ॥११॥१०६

उक्त तथ्यलाई नेपालका चाड पर्व, परम्परा आदिहरूको राम्रो अध्ययन गरेमा थाहा हुने हुन्छ। दुर्गाको अठार हात भएको कुरोलाई हिन्दू धार्मिक परम्परा तथा ग्रन्थहरूले स्वीकारेका छन्। एक व्यक्तिको अठार हात हुने कुरा जोसुकैलाई पनि हास्यास्पद लाग्ने हुन्छ। यसैलाई विचारी त्यसलाई व्यावहारिक रूप प्रदान गर्ने क्रममा नेपालवासीहरूले नवदुर्गाको कल्पना गरेका थिए जसले अस्वाभाविकतालाई स्वाभाविकतामा परिणत गरेको स्वतः सिद्ध हुन्छ। कारण नवदुर्गाको कल्पनामा प्रत्येक दुर्गाका खालि दुई दुई वटा मात्र हात हुने हुँदा यहाँनेर स्वाभाविकता देखिनु प्रकृति छ।

फेरि, खालि शास्त्रकै भर नपरी युक्तिपूर्ण विचारले कर्तव्यको पालन गरिनु आवश्यक छ, होइन भने धर्मको नाममा धर्महानि हुने कुरा शास्त्रमै उल्लेख गरिएको छ।

"केवलं शास्त्रमाश्रित्य न कर्तव्यो विनिर्णयः।
युक्तिहीनविचारे तु धर्महानिः प्रजायते ॥"

निरुक्तकारले पनि शास्त्रको अपेक्षा तर्ककै प्रधानतालाई स्वीकार गरेका छन्। उपर्युक्त वचनहरूको आधारमा यो कुरा निश्चितरूपले जानिन्छ कि सिद्धान्तको सफलता व्यवहारको पालनामा निहित छ।

नेपालका सामाजिक रीतिरिवाज तथा परम्पराहरूको अध्ययनमा पनि उक्त कुराको स्पष्ट झझल्को भेटिन्छ। एकादशी मान्दा द्वादशी पनि छुने दिन पारी मान्ने परम्परामा व्यावहारिक सिद्धान्तको राम्रो परिपालन भएको लाग्दछ। खालि एकादशीकै दिन पारी एकादशी मान्ने गरेमा परिवारका सबै सदस्यहरू एकादशीको नियमलाई राम्ररी पालना गर्न सक्तैनन्। जसले गर्दा उक्त एकादशीको कुनै खास महत्व हुँदैन। साँचो मानेमा त्यो पूर्णताको प्राप्तिमा कहिल्यै आउन सक्तैन। यस्तो अवस्थामा तिनीहरू पापको भागी नबनून् श्रौ विस्तार विस्तार नै सही तिनीहरूले पूर्णता प्राप्त गर्न सकून् भन्ना खातिर नै द्वादशी छुने दिन पारी एकादशी मान्ने चलन चलेको देखिन्छ। फेरि, एक्लो बृहस्पति झुठ्ठा भन्ने हाम्रो मान्यता छ। एकमैं सबकुछ अवस्थित भएको स्वीकारेर पनि त्यो एक व्यवहारमा अव्यवहारिक सिद्ध हुन्छ। अद्वैतवाद हाम्रो दर्शनको निचोड रहेको छ, तर, हाम्रो चारैतिर अनेकौं देवी देवताहरूका मूर्ति पूजित छन्। यसबाट यो सिद्ध हुन्छ कि एक सिद्धान्त छ भने संगम व्यावहारिक सिद्धान्त छ। चरम सत्यलाई स्वीकार्दा व्यावहारिक सत्यलाई परित्याग गर्न नसकिने छ। यहीन कारण छ अद्वैतवादी शङ्करले तक सत्यका दुई स्वरूपलाई स्वीकारेका थिए-पारमार्थिक श्रौ व्यावहारिक।

नेपाली संस्कृति सिद्धान्तवादी हुनुको साथै व्यवहारवादी भएको तथ्य निम्न उदाहरणद्वारा पनि थाहा हुन्छ। माथि उल्लेख गरिएसरि विश्वको सृष्टि, स्थिति श्रौ क्षयको कारण मुख्यतः पुरुष र प्रकृतिको संगम रहेको छ। अतः तिनीहरूलाई एक दोश्रोबाट छुट्याई राख्ने प्रयास गरिएमा त्यसको परिणाम दुष्कर हुने हुन्छ। संसारको कुन दुई चीज सबभन्दा आकर्षकीय छ भन्दा स्त्री र पुरुषको नाम सबैभन्दा अगाडि आउँछ। यस्तो अवस्थामा सामाजिक स्थिरता श्रौ विश्व कल्याणकोलागि उक्त दुई तत्वलाई एक दोश्रोको सन्निकट राखी छोड्नु एक अत्यावश्यक शर्त छ। यसैलाई विचारी नेपाली संस्कृतिले एक व्यावहारिक बाटो अपनाएको छ—इही गर्ने, बेलसित केटीको विवाह गर्ने। धर्मको नशा लागेको समाजलाई

एकातिर सन्तोष दिन सकिने औ अर्कोतिर समाजमा विधवी वनी कुनै स्त्रीले आफ्नो जीवन त्यसै खेरफाल्नु नपर्ने–मानव विचारको यो एक महान् उपज रहेको छ। प्रसंगवश यहाँनेर वैदिक आदर्शको पनि उल्लेख गर्न सकिन्छ। ऋग्वेदमा विभिन्न देवी देवताहरूसितको विवाहको अनन्तर मनुष्यका छोरासित स्त्रीहरूको विवाह हुने कुरा वर्णित भएकोलाई नेपाली-हरूले अपनाएको इही गर्ने अर्थात् वेलसित केटीको विवाह गर्ने परम्पराको प्रेरणाश्रोतको रूपमा लिन सकिन्छ।

"पहिले सोम तिमीलाई ग्रहण गर्दछ, त्यसपछि गन्धर्व तिमीलाई ग्रहण गर्दछ, अग्नि तिम्रो तेश्रो स्वामी हो औ मनुष्यका पुत्र तिमीलाई चौथो वार ग्रहण गर्दछ। (४०)

सोमले यी कन्या गन्धर्वलाई दिए, गन्धर्वले अग्निलाई औ अग्निले तिनलाई धन र सन्ततीको साथ मलाई दिएको छ। (४१)"

—ऋग्वेद १०,८५

फेरि, मनुष्यका त्रिऋणमध्ये सन्तानोत्पत्तिद्वारा पितृऋण चुकाउनु नै विवाहको प्रमुख उद्देश्य रहेको छ। यसैले सन्तानको अभावमा स्त्रीहरूलाई विभिन्न परिस्थितिहरूमा पुर्नविवाहको आज्ञा स्मृति ग्रन्थहरूले दिएका छन्।

"नष्टे मृते प्रव्रजिते क्लीवे च पतितेपतौ।
पंचस्तु आपत्सु नारीणां पतिरन्यो विधीयते॥"

—नारद १२।९७, पराशर ४।३०

उत्तरप्राचीनकालीन संवत् ५७ को मालिगाउँको अभिलेखमा लोग्ने मरेमा, हराएमा, संन्यासी भएमा, पतीत भएमा भनी उल्लेख गरी यदि स्त्रीहरू दोस्रो विवाह गरेर पनि निःसन्तान भएमा तिनीहरूमाथि कानून लाउने कुरा उल्लेख गरिएबाट तत्समय धर्मशास्त्रीय नियमको पालना गरिने कुरा जानिनुको साथै स्त्री र पुरुषको बीच विवाह एक पावन एवं अटूट सम्बन्धको रूपमा मानिएर पनि उपर्युक्त उद्देश्य पूर्तिको लागि स्त्री-हरूले पुर्नविवाह गर्न सक्ने कुरा धर्मशास्त्र तथा अभिलेखमा वर्णित भएबाट

त्यस समय सिद्धान्तको अपेक्षा व्यवहारलाई बढ्ता मान्यता प्रदान गरिएको कुरा स्पष्टतः परिलक्षित हुन्छ ।

अर्को, धर्म नै भए तापनि यदि त्यो समाजको लागि अनिष्टकारी छ भने सर्वथा त्याज्य भएको कुरा मनुस्मृति ४।१७६ मा स्पष्टरूपले वर्णन गरिएको छ । मनुको अनुसार सर्वश्रेष्ठ धर्म त्यो हो जसले आत्म संरक्षण, आत्म संवर्द्धन तथा लोक संरक्षण र लोक संवर्द्धनमा टेवा पुऱ्याउँछ । मर्यादा-पालक श्रीरामले आफ्ना पिताको वचनको पालनको लागि राजैश्वर्यलाई समेत तिलाञ्जली दिई वनबास गएको श्रौ राजा भएर पनि लोकको भनाइ-लाई बचाउन आफ्नी प्राणप्यारी सीतालाई समेत त्याग गरेको उपाख्या-नलाई यहाँ उदाहृरणार्थ लिइन्छ । आचार्य पराशरले पनि दीनता अर्थात् परा-धीनताको समय आत्मसंरक्षणको लागि कुनै पनि तरीका अपनाउन सकिने कुरा उल्लेखेको छ ।

"येन केन च धर्मेण मृदुना दारुणेन वा
उद्धरेद् दीनमात्मानं समर्थो धर्ममाचरेत् ॥"

—पराशर ॥७॥४२

आदर्श पुरुष श्रीरामले दीनताको कारण बानरराज सुग्रीवसित मीत लगाउनुको साथै युद्धनीतिको विपरीत लुकेर बानरराज वालिको बध गर्नु परेको उपाख्यानलाई यहाँ यसै प्रसंगमा लिन सकिन्छ । सत्यवादि धर्मराज युधिष्ठिरले महाभारत युद्धमा आफ्नो विजयको लागि सत्यको स्पष्ट उद्घोष गर्नुको बदला अस्पष्टरूपले त्यसलाई प्रकाश पारेकोलाई पनि यहाँ उक्त परिप्रेक्षमै लिइन्छ ।

हाम्रो धर्मले जन्मना जातिलाई स्वीकार्नुको साथै कर्मणा जातिलाई पनि मानेका छन् । माझिनीका छोरा व्यास, चाण्डाल पुत्र पराशर तथा वेश्याको गर्भबाट जन्मेका वशिष्ठ आदि पनि महान् ऋषिहरूको रूपमा लिइएका छन् ।

"जातो व्यासस्तु कैवर्त्यां स्वपाक्यां तु पराशरः ।
वेश्याया गर्भं संभूतो वशिष्ठस्तु महामुनिः ॥"

स्वयं ऋग्वेद ९।११२ मा एउटै परिवारका व्यक्तिहरुले विभिन्न पेशा ग्रहण गरेका कुरा वर्णित छ जसले उपर्युक्त तथ्यकै पुष्टि गर्दछ। पाँचौं शताव्दी ई. को मन्दसोर शिलाभिलेखमा एउटै पेशाका व्यक्तिहरू धनुर्धारी, कथा-वाचक, धर्ममा परमनिष्ठ, ज्योतिषी, लडाका तथा क्षमाशील साधु भएको कुरा वर्णित छ जसमा पनि उक्त कुरोकै यथार्थतातिर इंगित गरिएको पाइन्छ। मध्यकालीन नेपालका महाराजाधिराज श्रीजयस्थिति मल्लले पेशानुसार जातिको परिपाटी चलाई नेपाली समाजलाई वद्ध गरेकोलाई यहाँ यसै सन्दर्भमा लिन सकिन्छ। शव्दार्थ चिन्तामणिले जन्मना श्रौ कर्मणा जातिको परम्परा विद्यमान भएको कुरा उल्लेख गरेको छ।

"तपः श्रुतं च योनिश्च त्रयं ब्राह्मण्यकारण ।
तपः श्रुताभ्यां यो हीनो जातिब्राह्मण एव सः ॥"

—शव्दार्थ चिंतामणि

तर, जन्मना जात र कर्मणा जातको मुलमा स्वच्छताको भावना सन्निहित भएको देखिन्छ । दक्षस्मृतिमा स्वच्छताको महिमा यसरी व्यक्त्याइएको छ।

"शौचे यत्नः सदा कार्यः शौच मूलः द्विज स्मृतः।"

—दक्ष ५।२

धम्मपदको अध्ययनमा पनि यसै कुरोको झझल्को भेटिन्छ ।

"न जटाहि न गोत्तेहि न जच्चा होति ब्राह्मणो ।
यह्मि सच्चञ्च धम्मो च सो सुची सो च ब्राह्मणो ॥११॥

—धम्मपद ब्राह्मणवग्गो

यद्यपि स्वच्छताको महिमालाई खास महत्व दिइएर पनि आपत्कालमा शौचाचारलाई त्याग्न सकिने आदेश पनि हाम्रो धर्मशास्त्रले हामीलाई दिएको छ।

"आपत्काले तु सम्प्राप्ते शौचाचारं न चिन्तयेत्।"

—पराशर ७।४३

आपत्कालको साथै सामान्य जनजीवनमा पनि यदि स्वच्छता पालनमै

बढ्ता जोड दिइएमा ठूलो हानी हुने हुँदा व्यावहारिकता र राष्ट्र संवर्द्धनलाई दृष्टिगत गरी शौचाचारलाई त्याग्न सकिने कुरा पनि वर्णित छ। पराशरको अनुसार थोरै अन्न अशुचि भएमा फ्याँक्न सकिन्छ, तर अन्नको राशि अशुचि भयो भन्दैमा फ्याँक्न सकिंदैन ।

"स्वल्पमन्नं त्यजेद्, भूरि शुद्धिर्द्रोणाढके भवेत् ।"

—पराशर ६।७

कुकुर, बिरालो, कीट पतंग, भ्यागुतो, गाई तथा चराहरू आदिले जुठो पारेकोमा त्यसलाई जुठो मान्नु नपर्ने कुरा पनि व्यक्त्याइएको छ।

"मार्जार मक्षिका कीट पतंग क्रमि दर्दुराः,
मेध्यामेध्यं स्पृशन्तो ये नोच्छिष्टा मनुरब्रवीत् ।"

—पराशर ३३

"वत्सः प्रस्रवणे मेध्यः शकुनिः फलपातने ।"

—वशिष्ठ २८।८

फेरि, हाम्रा प्राचीन मनीषिहरू ठूला अर्थशास्त्री पनि भएको अनुमान हुन्छ। तिनीहरूले मितव्ययिताको सिद्धान्तलाई अंगिकृत गरी सम्पत्तिको निरर्थक ह्रास नहोस् भन्नेतिर ध्यान दिएका थिए। साधा जीवन औ उच्च विचार तिनीहरूको ठूलो शिक्षा थियो। अर्को, ऊनलाई धेरै धोएमा औ सुन चाँदीलाई बढ्ता माझ्ने गरेमा ऊनबाट पाइने गर्मीको ह्रास हुन जाने तथा सुन चाँदी पनि धेरै नाश हुने हुन्छ। यसै तथ्यलाई हृदयङ्गम गरी स्मृतिकारहरूले ऊनी चीज र सुन चाँदी हावाले नै शुद्ध हुने कुरा बताएका छन्।

"ऊर्णा वातेन शुध्यति"

— अत्रि

"शौचम् सुवर्ण नारीणां वायु सूर्येन्दु रश्मिभिः ।"

—आपस्तम्ब ८।३

हाम्रो समाजमा व्यापकरूपले प्रचलित छुवाछुतको भावनामा पनि उपर्युक्त स्वच्छताको विचारले नै प्राथमिकता पाएको देखिन्छ। अस्वच्छ

कुरोहरूसित संसर्ग गरिंदा ब्राह्मण पनि अस्पृश्य मानिने कुरा समुद्रपार गएर आउँदा पतिया लिनु पर्ने परम्परामा स्पष्ट परिलक्षित हुन्छ। नेपालका कतिपय मन्दिरहरूमा नीच जातिका मानिसहरू पूजारीको रूपमा रहेको श्रौ भोज गर्दा तिनीहरूलाई सबैभन्दा माथि राखी खानुपर्ने परम्परा विद्यमान रहेबाट अस्पृश्यता भन्ने कुरो धार्मिक भावनामा आधारित नभएको यथार्थता स्पष्टिन्छ। अर्को, स्मृतिकारहरूले हूलमूलमा छुवाछुतलाई कुनै मान्यता दिनु नपर्ने कुरा वर्णन गरेबाट हाम्रा प्राचीन मनीषिहरू सिद्धान्तलाई भन्दा व्यवहारलाई बढ्ता मान्यता दिन्थे भन्ने कुराको पत्तो हुन्छ ।

"देवयात्रा विवाहेषु यज्ञ प्रकरणेषु च
उत्सवेषु च सर्वेषु स्पृष्टा स्पृष्टं न विद्यते ।"

अत्रि २४७

यस्तै किसिमसंग व्यवहारलाई बढ्ता मान्यता दिएको कुरा मरण शौचमा दस दिनसम्म बार्नु पर्ने भए तापनि राजकर्मचारी तथा जनसेवकहरूले दस दिनसम्म मरण शौच बार्नु नपर्ने कुरा धर्मशास्त्रहरूमा वर्णित भएबाट जानिन्छ ।

"शिल्पिनः कारुकाः वैद्याः दासी दासाश्च नापिताः
राजानः श्रोत्रियाश्चैव सद्यः शौचाः प्रकीर्तिताः ॥"

—पराशर ३०

"राज्ञस्तु सूतकं नास्ति यस्य चेच्छन्ति ब्राह्मणाः ॥"

—अत्रि, पराशर ३३१

"नाशौच भाजः कथिताः राजाज्ञाकारिणश्च ये ॥"

—शंख १५।२२

अर्को, हाम्रो संस्कृतिमा स्त्रीलाई क्षेत्रभूत श्रौ पुरुषलाई बीजभूत भनिन्छ। मनु ९।३३ मा यस कुरोको स्पष्ट चित्रण पाइन्छ।

"क्षेत्रभूता स्मृता नारी बीजभूतः स्मृतः पुमान्
क्षेत्र बीज समायोगात् संभवः सर्वदेहिनाम् ॥"

—मनु ९।३३

धर्मशास्त्रहरूमा स्त्रीलाई क्षेत्रभूत औ पुरुषलाई वीजभूत भनिएवाटै प्राचीनकालमा नियोग प्रथालाई समाजमा मान्यता मिलेको देखिन्छ । धृतराष्ट्र, पाण्डु, विदुर तथा पञ्च पाण्डवहरूको जन्म यसै नियोग पद्धतिबाट भएको थियो । क्षेत्रभूत हुँदा स्त्रीहरू समाज संवर्धनको अङ्ग भएकोले तिनीहरू कहिल्यै पनि अपवित्र नहुने कुरातिर पनि धर्मशास्त्रहरूमा सङ्केत पाइन्छ । अत्रिस्मृति १९१–१९४ श्लोकहरूमा स्त्रीहरूको वहिष्कार कहिल्यै नहुने कुरा वर्णित छ । सो ग्रन्थ अनुसार वलपूर्वकको घर्षणले स्त्रीहरू गर्भिणी नै होऊन् तापनि तिनीहरूको अशुद्धि त्यसवेलासम्म मात्र मानिन्छ जुनवेलासम्म तिनको गर्भ दूर हुँदैन । गर्भमुक्तिपछिको रजस्रावको अनन्तर कुनै प्रायश्चित्तविना नै तिनीहरू आफसेँआफ विशुद्ध हुन्छन् । सत्यवती, कुन्ती, ताराहरूको उपाख्यानले पनि यस तथ्यको वैधानिकतातिर स्पष्ट इङ्गित गरेको छ । कुन्ती, तारा आदि पञ्च कन्याहरूको स्मरण मात्रले पनि महापाप नाश हुने कुरा वर्णित भएवाट उपर्युक्त कुरोको पुष्टि हुन्छ ।

"अहल्या द्रौपदी तारा कुन्ती मन्दोदरी तथा ।
पञ्चकन्याम् स्मरेन्नित्यं महापातक नाशनम् ॥"

मध्यकालीन नेपालमा मुस्लिम तथा अन्य विभिन्न जातका मानिसहरूको आक्रमण भएको हुँदा यहाँका स्त्रीसमाजमाथि खास तवरले अत्याचार भएको अनुमान हुन्छ । जसको कारण तत्कालीन नेपालका महाराजाधिराज श्रीजयस्थिति मल्लले उपर्युक्त शास्त्रीय वचनहरूकै आधारमा तिनीहरू तथा यहाँका मानिसहरूलाई पुनः हिन्दूधर्ममै ल्याउनुको अतिरिक्त अनेकौं सामाजिक नियमहरूद्वारा यहाँको समाजलाई बद्ध गरेको देखिन्छ । जयस्थिति मल्लको उपर्युक्त कार्यलाई समाज संवर्धनको दिशामा महत्वपूर्ण पहलको रूपमा अवश्य लिन सकिन्छ ।

उपर्युक्त सवै आधारहरूबाट यही नै सिद्ध हुन्छ कि नेपाली संस्कृतिको एक प्रमुख विशेषता सिद्धान्त र व्यवहारको तालमेल रहेको छ । उक्त दुईको संगममै यथार्थतया यो विश्वको अस्तित्व अवस्थित छ । संगममै

जीवन छ-श्रौ त्यसैमा अनि मरण छ। यस व्यावहारिक मान्यतालाई नेपाली संस्कृतिले कहिल्यै छोडेन जसको कारण यो देश सानो रहेर पनि जीवित रहन सकेको_छ, यो देशले अमरत्व प्राप्त गरेको छ।

बोट, वृक्षको महिमा

रूख, विरूवाहरूसित मनुष्य जीवनको घनिष्टतम सम्वन्ध रहेको छ। मनुष्य जीवनको पग-पगमा त्यसको सुख, दुःखमा यसले महत्वपूर्ण भूमिका खेलिराखेको हुन्छ। यहीन कारण छ बोट, वृक्षहरूप्रति आदर मनुष्यले सृष्टिको प्रारम्भिक समयदेखि नै गर्दै आइरहेको छ। सैन्धव सभ्यतामा प्राप्त मुहरहरूमा अंकित चित्रहरूबाट त्यस सभ्यतामा बोट, वृक्ष पूजा पनि समाजमा प्रचलित थियो भन्ने कुराको पत्तो हुन्छ। वृक्षको महिमा पछि गएर यत्ति बढ्न लागेको थियो कि वृक्षलाई नै ब्रह्मको रूपमा लिइन लाग्यो। कठोपनिषद् २।३।१ मा अश्वत्थ (पीपल) वृक्षलाई ब्रह्मको रूपमा वर्णन गरिएको छ। वैदिक दर्शन अनुसार ब्रह्म नै सृष्टि, स्थिति औ क्षयको कारण छ। ब्रह्मबाटै सम्पूर्ण कुराको सृष्टि भएर अन्तमा गई त्यसमै तिनीहरुको अवसान हुने हुन्छ। बृहदारण्यकोपनिषद् २।१।२० मा यस कुराको स्पष्ट अवलोकन हुन्छ। यस प्रकारको वैदिक विचारको प्रभाव पछिसम्म पनि कायमै रह्यो। मालव संवत् ४६१ अर्थात् ई. सन् ४०४ को मन्दसोर शिलालेखमा बासुदेवरूपी महावृक्षबाटै सम्पूर्ण देव, देवाङ्गनाहरू प्रादुर्भाव भएको कुरा वर्णन गरिएको छ। फेरि, तुलसीको बोटलाई विष्णुकी प्रियाको रूपमा वर्णन गरिन्छ। सनतकुमार संहिता अनुसार कार्तिक महीनामा सम्पूर्ण तीर्थ सहित सबै देवता तुलसीमा निवास गर्दछन्।

"तुलस्यां सर्व तीर्थानि तुलस्यां सर्वदेवता।
कार्तिके मासि तिष्ठन्ति नात्र कार्या विचारणा।"

यी विभिन्न आधारहरूबाट रूख, विरूवाहरूले हाम्रो सामाजिक, धार्मिक जगतमा महत्वपूर्ण स्थान ओगटेको कुराको चाल पाइन्छ।

सभ्यताको प्रारम्भिक समयदेखि नै रूख, विरुवाहरूको खास महत्व

स्थापित भइसकेको हुँदा कल्पवृक्षको उपाख्यान चलेको कुराको अनुमान हुन्छ। कल्पवृक्ष त्यो हो जो शुद्ध हृदयले जो कोहीले जे चिताए पनि पुऱ्याउँदछ। चिन्तामणि लोकेश्वरको कल्पनालाई यहाँ यसै प्रसंगमा लिन सकिन्छ। नेपाल सम्वत् ५३९ को चिन्तामणि लोकेश्वरको एक शिलामूर्ति स्वयम्भूमा पाइएको छ जसको स्थापना व्यापारीहरूका नायक (वणिजां सार्त्थवाहेन) एकजना धनी व्यापारीले गरेका थिए। यसको अतिरिक्त वृक्षलाई मनुष्यको जीवन तथा तिनमा निहित ज्ञानको कारणको रूपमा पनि लिइएको छ। ईसाईं धर्मग्रन्थ बाइवलमा दुईवटा रूखको वर्णन पाइन्छ। ती रूखहरूका नाम हुन्–(१) जीवन वृक्ष (२) ज्ञान वृक्ष। ती दुई रूखहरूको उपलब्धिले एकातिर मनुष्य जीवनको रूखसित घनिष्टतम् सम्वन्ध भएको कुरातिर इंगित गरेको छ भने अर्कोतिर वृक्षको तलमैं मनुष्यले ज्ञानको सार तत्वलाई ग्रहण गर्न सक्ने यथार्थतालाई स्पष्टचाएको छ। मनुष्य सभ्यताको प्रारम्भिक समयमा मनुष्यले रूखको छाहारीमै आफ्नो जीवनलाई व्यतित गर्नुको साथै वोट, विरूवा, कन्दमूल फलफूल खाएरै जीवन निर्वाह गरेका थिए। भगवान् बुद्धको जन्म एवं निर्वाण दुवै शालवृक्षकै मुनि भएको थियो। आजभन्दा करीव २६०० वर्ष अगाडि लुम्विनी ग्रामस्थित शालवृक्षमुनि भगवान् बुद्धको जन्म भएको थियो भने कुशीनारामा दुई शालवृक्षहरूको वीच भगवान्‌ले निर्वाण प्राप्त गरेका थिए। यसको अतिरिक्त गयामा तिनले बोधीज्ञान अश्वत्थवृक्षको मुनि सर्वप्रथम हासिल गरेका थिए। अश्वत्थवृक्षको मुनि तिनले बोधिज्ञान हासिल गरेको हुँदा नै त्यस वृक्षको नाम बोधीवृक्ष हुन गएको हो। जसको कारण वौद्धधर्ममा पनि त्यस वृक्षको महत्वपूर्ण स्थान रहन गएको छ। त्यस्तै पर्वतजा पार्वतीले महादेवको तुष्टिको लागि आँपको रूखमुनि तपस्या गरेकी थिइन्। सोही रूखमुनि महादेवले अनि पार्वतीलाई दर्शन दिएका थिए।

फेरि, मनुष्यका जातिहरूको नामाकरण वृक्षहरूको नामबाट पनि भएको कुरा चाल पाइन्छ। भगवान् बुद्धको जातिको नाम शाक्य भनिनाको

कारण इक्ष्वाकु राजकुमारहरूले आफ्नी वहिनीहरूसित विवाह गरेको हुनाले भएको हो भन्ने कुरा दीघनिकायको अम्बत्थसुत्त तथा सुमंगलविलासिनी ग्रन्थहरूमा वर्णित छन् । तर, महाकवि अश्वघोपले सौन्दरनन्द काव्यमा शाक्य शव्दको सहज व्युत्पत्ति वताएको छ कि जुन स्थानमा ती इक्ष्वाकुवंशी राजकुमारहरूले निवास गरेका थिए त्यो शाकवृक्षहरूले ढाकेका थिए । जसको कारण ती इक्ष्वाकुवंशी भूमण्डलमा शावयको नामले प्रसिद्ध भए ।

"शाकवृक्षप्रतिच्छन्नं वासं यस्माच्च चक्रिरे ।
तस्मादिक्ष्वाकुवंश्यास्ते भुवि शाक्या इति स्मृताः ॥"

—सौन्दरनन्द १।२४

दीघनिकायको अम्बट्ठसुत्तमा वर्णित वर्णनबाट पनि यस कुराको सम्पुष्टि हुन्छ कि राजा इक्ष्वाकुका निर्वासित राजकुमारहरू हिमालय समीपस्थ एक सरोवरको किनारमा महाशाक वनमा वास गर्दथे, जसले पनि महाकवि अश्वघोषको उपर्युक्त तर्कको पुष्टि गर्दछ । यसरी मनुष्य जातिको नामसित पनि वृक्षादिको घनिष्टतम सम्वन्ध भएको कुराको पत्तो हुन्छ ।

उपर्युक्त विभिन्न आधारहरूबाट मनुष्यको जनजीवनमा वृक्षादिको अधिकतम महत्व स्थापित भएको कुरा निर्णित हुन्छ । यहीन कारण छ यसको समुचित आदर गरिनु पर्ने कुरामा मानिसहरूको विशेष ध्यान स्थापित भएको हो । सम्राट् अशोकको समय गयास्थित बोधिवृक्षको एक शाखा आरोपणको लागि सम्राट्का पुत्र एवं पुत्री यथा महेन्द्र तथा संघ-मित्राले श्रीलंकामा लगेका थिए । श्रीलंकाको अनुश्रुति अनुसार सो वृक्ष अद्यापि श्रीलंकामा विद्यमान नै छ । यसरी सम्राट् अशोकको समय घटित प्रस्तुत वृक्षारोपण कार्यले वृक्षारोपणको इतिहासमा महत्वपूर्ण स्थान ओगटेको छ । किनभने त्यसभन्दा पहिले ज्ञात ऐतिहासिक आधारमा वृक्षपूजा देखिए तापनि वृक्षारोपण गर्ने कार्य भएको देखिदैन । यद्यपि पौराणिक आख्यानमा आफ्नी पत्नी राधिकाको आग्रहमा श्रीकृष्णले स्वर्गबाट पारिजात वृक्ष ल्याई पृथ्वीमा आरोपण गरेको कुराको वर्णन पाइन्छ । यो आधारबाट उपर्युक्त घटना वृक्षारोपण गर्ने कार्यको इतिहासमा

श्रीगणेश हो भनी सजिलैसंग ठम्याउन सकिन्छ ।

नेपालको पुरातात्विक इतिहासमा सर्वप्रथम उत्तरप्राचीनकालमा नेपालको वनजंगलको सुरक्षा गर्नेतिर सरकारले खास ध्यान दिन लागेको कुराको पत्तो हुन्छ । शिवदेव प्रथमकालीन चांगुको अभिलेखमा वन जथाभावी मास्न नपाऊन् भन्ना खातीर राजाज्ञा जारी गरिएको छ जसले रूख, विरूवाहरूको संरक्षण साथै वन-जंगलको सुरक्षामा तत्समयको सरकार खास दत्तचित्त रहन्थे भन्ने कुराको जानकारी प्रदान गर्दछ । मध्यकालीन नेपालका राजाहरू पनि वन-जंगलको सुरक्षामा खास ध्यान दिन्थे । काठमाडौंका कर्णाट राजा जयप्रकाश मल्लको स्वयम्भूस्थित ताम्रपत्र तथा नेपाल सम्वत् ८८०को ललितपुरका कर्णाट राजा विश्वजित मल्लको चोभार-स्थित अभिलेखमा स्वयम्भू, इचंगु, पशुपति र चांगुको वन संरक्षणमा राजा जयप्रकाश मल्ल र चोभारको वन संरक्षणमा राजा विश्वजित मल्लले नियमहरू जारी गरी राजाज्ञा जारी गरेको कुराको वर्णन गरिएका छन् । वन संरक्षणमा राजाहरूको उक्त प्रकारको क्रियाकलापले नेपालमा वन संरक्षण गर्नेतिर प्राचीनकालदेखि नै ध्यान दिंदै आइरहेको छ भन्ने कुराको चाल पाइन्छ । यी कुराहरूलाई हृदयंगम गरी वर्तमान सरकारले पनि बोट, वृक्षादिको महत्वलाई बुझेर वन संरक्षण गर्ने कार्यमा प्राथमिकता दिई दृढतर पाइला चालेको खण्डमा नेपालको धन हरियो वन भन्ने उखानको चरितार्थता स्वतः हुनेछ भन्ने लाग्दछ । अस्तु ।

नेपाली संस्कृतिमा पंचायत

प्राचीनकालदेखि नै पञ्चायत हाम्रो संस्कृतिको अभिन्न अङ्ग हुँदै आइरहेको छ । कुनै पनि कुरो यथा धार्मिक, राजनीतिक, साँस्कृतिक आदिवारे निर्णय लिंदा पञ्च भलाद्मीको राय सल्लाह अनुसार मात्र गरिने परम्परा हाम्रो पहिले देखिको छ । नेपालको आफ्नै धर्मस्वरूप रहेको बौद्धधर्मको अध्ययनमा पनि यस तथ्यतिर स्पष्ट संकेत पाइन्छ । बौद्धधर्ममा कुनै पनि व्यक्तिलाई भिक्षुमा दीक्षित गराउनकोलागि पांच जना भिक्षुहरूको गणपूरक संख्याको आवश्यकता हुन्छ । जसबाट पनि उक्त कुरोकै पुष्टि हुन्छ । पञ्च भलाद्मीले भनेको सदर भन्ने त हाम्रो उखानै छ । यसैले हाम्रो दैनन्दिन जीवनको तौर तरीका नै पञ्चायती परम्परामा हुर्केको हुँदा यो परम्परालाई नेपाली संस्कृतिको एक महत्वपूर्ण अङ्गको रूपमा लिइएको छ ।

नेपालका प्राचीनतम् जातिहरूमध्ये खिृष्टाब्दभन्दा पूर्व नेपालमा राज्य गर्ने किरातीहरू पनि एक रहेका छन् । पूर्वप्राचीनकालमा किराती-हरूको राज्य शासनको स्वरूप ठीक ठीक थाहा पाउन नसकिए तापनि तिनीहरूको लगत्तैपछि नेपालमा शासनगर्ने लिच्छवीहरूले पांचाली व्यवस्थालाई अंगिकृत गरेको देखिएको श्रौ ऐतिहासिक सामग्रीहरुवाट उत्तरप्राचीनकालको जनजीवनका विभिन्न पक्ष तथा प्रशासनमा समेत किराती शासनको प्रभाव दृष्टिगत भएको हुँदा लिच्छवीहरूले किराती राज्य शासनमा प्रचलित उपर्युक्त पांचाली अर्थात् पञ्चायती परम्परालाई नै आफ्नो राज्य शासनको आधारशिलाको रूपमा लिएको कुराको स्पष्ट-रूपले अनुमान हुन्छ । किराती जन समाजमा प्रचलित विभिन्न शब्दहरू तथा जनश्रुतिहरूले पनि किरातीहरू पञ्चायती परम्परामा हुर्केका थिए भन्ने कुराको झझल्को भेट्टिन्छ ।

पूर्वप्राचीनकालको अनन्तर उत्तरप्राचीनकालमा लिच्छवीहरूले पांचाली व्यवस्थालाई अंगिकृत गरी नेपाली संस्कृतिको एक महत्वपूर्ण अंगस्वरूप रहेको पञ्चायती परम्परालाई आपनो राज्य शासनको मुख्य आधारको रूपमा लिएका थिए। त्यससमय पञ्चायत स्थानीय इकाइमा मात्र सीमित नरही राष्ट्रियस्तरमा विकास भएको थियो। यद्यपि त्यस समय शासनको इकाइ ग्राम थियो जुन साना साना राज्यहरूको सदृश आपनो इलाकाको शासन आफैं गर्दथे। देशमा स्थानीय स्वायत्त शासन व्यवस्था प्रचलित थियो। कतिपय ग्रामहरू मिलाई एक समूहको निर्माण गरिन्थ्यो जसलाई तल भनिन्थ्यो औ तलहरूको समूह द्रंग, अनि द्रंगहरूको समूह राष्ट्र (?) पुकारिन्थ्यो। ग्रामहरूको शासनको लागि ग्राम परिषद् (पांचाली)-हरू स्थापना गरिए जस्तै तल, द्रंग औ राष्ट्रको लागि पनि परिषद्हरू तत्समय प्रतिष्ठापन गरिन्थ्यो भन्ने कुराको अनुमान हुन्छ। ग्राम पांचालीको माथि तल पांचाली रहेको औ ग्राम पांचाली अन्तर्गत कुनै महत्वपूर्ण कार्य सम्पादन गर्नु पर्दा तल पांचालीले गर्ने परम्परा भएको कुराको संकेत सरकारी अधिकरणहरूको प्रवेश निषेधपूर्वक ग्रामीण जनताहरूलाई निगाह गर्दै तिनीहरूको सम्मुख आइपरेका विचारणीय समस्याहरूको समाधान आइन्दा तलस्वामीले गर्ने भन्ने राजाज्ञा भएको पाइएबाट जानिन्छ। सम्भवतः तल पांचालीका सदस्यहरू तल अन्तर्गतका विभिन्न ग्रामहरूका प्रतिनिधिहरू थिए। तिमीहरूको आफ्नै तलस्वामीद्वारा भनी राजाज्ञा भएको पाइएबाट यसबारे अनुमान गर्ने यथेष्ट ठाउँ रहन गएको छ। यसरी ग्राम पांचालीको माथि तल पांचाली रहेको संकेतले उत्तरप्राचीन-कालीन नेपालमा पञ्चायतका विभिन्न तहहरू विद्यमान भएको जानिएर तत्समय राष्ट्रियस्तरमा व्याप्त पञ्चायत विद्यमान भएको कुराको अनुमान हुन्छ। जसले राष्ट्रिय महत्वका विषयहरूमा छलफल गरी सोको निर्णय राजाको सम्मुख पेश गरिने कुराको संकेत प्राप्त हुन्छ।

उत्तरप्राचीनकालपछि मध्यकालमा पनि प्राचीन संस्कृतिकै अजस्रधारा प्रवाहित रहेको थियो। त्यसैको अनुरूप पञ्चायती परम्परालाई तिनीहरूले

पनि अंगिकृत गरेका थिए । त्यस समयका ऐतिहासिक सामग्रीहरुको अध्ययनमा तत्समय स्थानीय कार्यहरुको सम्पादन गर्दा त्यहाँका पञ्च समूहहरू मिलेर निर्माण आदि कार्यहरू गर्दथे भन्ने कुराको पत्तो हुन्छ । यसको अतिरिक्त राष्ट्रिय महत्वका विषयहरुमा कुनै निर्णय लिनु पर्दा त्यस समय पञ्चसमूहलाई भेला गराई तिनीहरुको निर्णयलाई राजाले कार्यान्वियन गर्दथे । काठमाण्डूका राजा श्री श्री जयप्रकाश मल्लको भक्तपुर पलायनपछि तिनलाई आश्रय दिने कार्यमा भक्तपुरका कर्णाट राजा श्री रणजित मल्लले पञ्चहरूको राय अनुसार मात्र आश्रय दिएको कुरा वर्णित भएबाट उपर्युक्त कुरोको पुष्टि हुन्छ । पञ्च समूहको नामबाट राखिएको नेपाल प्रसिद्ध एक प्रकारको बाजाको नाम पञ्चबाजा भएको अौ सो बाजा बजाई बिहे भएकोलाई मात्र मान्यता दिइने परम्परा नेपाली समाजमा प्रचलित रहेबाट पनि उपर्युक्त कुरोकै झझल्को भेट्टिन्छ ।

मध्यकालपछि वर्तमानकालमा आई पञ्चायती परम्पराले अझ बढि जरो गाडेको थियो । वि. सं. २००५ सालमा श्री ३ पद्मले दिएको पञ्चायती विधान यस सम्बन्धमा उल्लेख्य छ । उक्त पञ्चायती विधानले साँचै भन्ने हो भने वर्तमानकालमा राष्ट्रियस्तरमा पञ्चायती व्यवस्थाको सूत्रपात गरेको थियो । तर, त्यसबेला त्यो व्यवस्था धेरै समयसम्म टिकाउ रहन सकेन । २००७ सालको अभूतपूर्व क्रान्तिपछि नेपालमा संसदीय प्रजातन्त्रको स्थापना भयो । त्यसको अनन्तर २०१७ साल पौष १ गते घटित ऐतिहासिक घटना पछि नेपालको आफ्नै संस्कृतिको अंगस्वरूप रहेको पञ्चायत व्यवस्थालाई राष्ट्रियस्तरमा लागू गरी देशलाई विकास पथमा अग्रसर गराउने अभियान चालिएको थियो । यो व्यवस्था हाम्रो सांस्कृतिक परम्परामा आधारित हुँदा यसको पावनतामा शङ्का गर्ने कुनै स्थान छैन । तर, कुनै पनि परम्परा जत्तिसुकै पावन भए तापनि त्यसमा परिस्थितिजन्य जन आस्था कत्तिसम्मन् छ त्यसको राम्रो नापो लिइसकेपछि मात्र सो अनुरुप त्यसलाई मूर्त्तरूप दिने गर्नु पर्दछ । यसै तथ्यलाई हृदयंगम गरिबक्सी श्री ५ महाराजाधिराज सरकारबाट आजको परिस्थितिमा नेपाललाई पञ्चायत

व्यवस्था नै ठीक छ वा वहुदलीय व्यवस्था भन्ने बारे जनताको राय वुझी वक्सन २०३६ जेष्ठ १० गते राष्ट्रिय जनमत संग्रह घोषणा गरिवक्स्यो । मौसूफको सदिच्छा वमोजिम ०३७ साल वैशाख २० गते सम्पन्न जनमत संग्रहको घोषित परिणाम अनुसार जनताले निर्दलीय पञ्चायत व्यवस्थालाई वहुमतद्वारा जिताएका छन् । नेपालमा पहिलोपल्ट सम्पन्न जनमत संग्रहको परिणाम निर्दलीय पञ्चायत व्यवस्थाकै पक्षमा भए पनि जेष्ठ १ गते मौसूफवाट हुकुम भए वमोजिम अल्पमतको कदर गरिने कुरामा आश्वस्त हुन सकिन्छ । यसै वमोजिम हालको मौजुदा संविधानमा उपयुक्त संशोधन गर्न संविधान संशोधन सुझाव आयोग पनि गठन भइसकेको छ । मौसूफको जनआकांक्षा अनुकूल शासन चलाउने सदिच्छालाई साकार तुल्याउन संशोधित संविधानले भावी वाटो प्रशस्त गर्ने विश्वास गर्न सकिन्छ ।

नेपालको संस्कृतिमा राजसत्ता

नेपाली संस्कृतिमा वैदिक एवं पौराणिक संस्कृतिको अमीट छाप रहेको छ । प्राचीनकालका मनीषिहरूद्वारा प्रदत्त सिद्धान्त एवं विधान नै हाम्रो संस्कृतिको आधारशिला रहेको छ । जसको कारण यद्यपि यहाँ प्राचीनकालदेखि नै राजसत्ता अवस्थित रहेर पनि ने नामका मुनिद्वारा पालित मुलुकको रूपमा नेपाल नाम यस देशले पाएको छ जस्तो काश्मिरलाई ऋषि कश्यपद्वारा पालित मुलुकको रूपमा वर्णन गरिएको पाइन्छ ।

नेपाली इतिहासको उषाकालदेखि नै नेपालमा राजतन्त्रात्मक व्यवस्था उद्भूत भएको थियो । अनुश्रुति अनुसार नेपालको पहिलो राजा धर्माकार नामक क्षत्रीय थिए । तर, ज्ञात ऐतिहासिक साक्ष्यले नेपालमा शासन गर्ने पहिलो वंश गोपालवंश भएको दर्शाएको छ । गोपालराज, कर्कपेत्रिक, राइट आदि सबै वंशावलीहरूले गोपालवंशले जम्मा आठ पुस्तासम्म नेपालमा राज्यशासन चलाएको कुरा उल्लेखेका छन् । यो गोपालवंशको नामको प्राप्तिले नेपालको इतिहासमा सर्वप्रथम वैदिक वैष्णवधर्मको प्रभाव दृष्टिगोचर हुन्छ । किनभने ऋग्वेदमा विष्णु गोपा नामले विख्यात छ । फेरि, ऋग्वेदमा राजा गोपा जनस्य नामले पुकारिन्छ जसको अर्थ हुन्छ दुनियाँका रक्षक । अर्को, भगवान श्रीकृष्णले नागह्लद भइराखेको समय यहाँको पहाडलाई आफ्नो सुदर्शन चक्रले काटेर यो भूमिलाई मनुष्य वस्तीको लागि योग्य गराएको कुरा वर्णित भएबाट पनि उपर्युक्त अनुमानको पुष्टि भएकै लाग्दछ । यसरी सृष्टिको प्रारम्भिक समयदेखि नै नेपालमा राजसत्ताको प्रादुर्भाव भएको देखिई यहाँको संस्कृतिमा राजालाई देवतातुल्य मान्थे भन्ने कुराको पत्तो हुन्छ । राजालाई मनुष्य रूपमा विष्णुको अवतार भन्ने मान्यता अहिलेसम्म पनि चलेको पाइएबाट उक्त कुरोको समर्थन हुन्छ ।

गोपालवंशपछि आभीर तथा त्यसको अनन्तर किरातवंशले नेपालमा शासन चलाएका थिए । किरातीहरू ज्यादै वीर जाति हुनुको साथै शैव धर्मानुयायी थिए । शैव मार्गीहरू शिवलाई गणका मालिकको रूपमा विचारी तिनलाई गणेशको रूपमा पनि पूजा गर्दथे । पछि गएर गणनायक अर्थात् गणपतिको रूपमा भगवान् शिवका पुत्र गजमुख गणेशलाई मानिन लाग्यो । यसै तथ्यको परिप्रेक्ष्यमा शैवधर्मद्वारा अनुप्राणित शैव संस्कृतिमा हुर्केका यी किरातीहरूले पनि वंशानुगत राजतन्त्रको परम्परा बसाली अनेकौं शताब्दीसम्म नेपालमा राज्य शासन चलाएका थिए ।

पुरातात्विक नेपालको प्रारम्भ भएदेखि अर्थात् चारौं, पाँचौं शताब्दी ई. मै नेपालमा राजतन्त्र कायम रही राजाको दैविक सिद्धान्तको प्रचलन पाइन्छ । वैदिक एवं पौराणिक संस्कृतिको छाहारीमा हुर्केको यो नेपालमा राजसत्ता दैविक सिद्धान्तमा अवलम्बित हुनु स्वाभाविक छ । राज्याभिषेकको समय राजाले बाघको छालामा तीन पाइला राख्ने विधान छ जो दैत्यराज बलिद्वारा त्रिलोकको उद्धार गर्नको लागि विष्णुले तीन पाइला चाली त्रिभुवनको महान् उपकार गरेको कुराको प्रतीकस्वरूप छ । तत्समय राजाहरूको राज्याभिषेक हुँदा उपर्युक्त प्रकारले बाघको छालामा तीन पाइला राख्ने परम्परा चलेको थियो जुन परम्परा अद्यापि राज्याभिषेक गर्दा नेपालमा प्रचलित नै छ । यसरी पुरातात्विक आधारमा राजा विष्णुको रूपमा मानिने परम्पराको प्राचीनता सहजै अनुमान गर्न सकिन्छ ।

उपर्युक्त समय राजाहरूको प्रशस्तिस्वरूप भट्टारक शब्दको प्रयोग पाइन्छ । भट्टारक शब्दको अपभ्रंशस्वरूप रहेको भटार नामले शिव, ब्रह्मा आदि देवतालाई बुझाउने हुँदा तत्समय राजालाई देववत् मानिने कुरा निश्चितप्रायः लाग्दछ । राजाहरूका प्रशस्तिस्वरूप परमदैवत, परमेश्वर आदि शब्दहरूको प्रयोग देखिएकोले पनि उक्त कुरोको पुष्टि हुन्छ । राजालाई पृथ्वीमा ईश्वरको अवतरणको रूपमा लिइन्छ । "लोकधाम्नो देवस्य ।" यसको अतिरिक्त राजालाई इन्द्र, वरूण, कुवेर, यम आदि देवताहरूसित तुलना गर्नुको साथै पाँचौं लोकपालको रूपमा मानिन्छ । यी आधारहरूबाट

पनि उपर्युक्त कुरोकै समर्थन हुन्छ ।

हाम्रो प्राचीन पौराणिक संस्कृतिको परम्परानुसार राजाहरू दुनियाँका पिता समान मानिन्छन् । मनु ७।८० तथा याज्ञवल्क्य १।३३४ मा वर्णित वर्णन यहाँ उदाहरणस्वरूप लिइन्छ । यस आदर्शको परिपालन सम्राट् अशोकले पनि गरेका थिए । लिच्छवी राजा श्रीमानदेव श्रुति, धर्मशास्त्र-हरूमा निर्धारित विधान अनुसार जनकल्याणमा सदा जागरूक रही दुनियाँलाई पिताले समान माया गर्दथे । महाराजाधिराज श्रीअंशुवर्मा पनि दुनियाँको हितमा सदा दत्तचित्त रही दुनियाँको कल्याणलाई नै सर्वोपरि विचार्ने महान् मानवी हृदययुक्त राजा भएको चाल पाइन्छ । यतरी राजाहरूले दुनियाँलाई आफ्ना छोरा छोरी समान मानेको हुँदा दुनियाँहरू पनि राजा एवं राजसत्ता प्रति ज्यादै वफादार थिए । कस्तै समयमा पनि राजसत्तालाई अक्षुण्ण राख्ने कार्यमा तिनीहरू कहिल्यै पछि परेनन् । सोह्रौं शताव्दी ई. का नेपालका कर्णाट राजा सदाशिव मल्ल-कालीन घटनावली श्रौ शिवसिंह मल्लको राज्यारोहणबारेको इतिहास पल्टाई हेरेमा तत्कालीन नेपाली जनताको राजसत्ता प्रतिको अगाध आस्थाको झझल्को भेट्टिन्छ ।

उत्तरप्राचीनकालीन नेपालमा राजालाई देवतासरी मानिन्थ्यो । राजाहरू पनि प्राचीन सांस्कृतिक विशसतलाई अंगिकृत गर्दै दुनियाँलाई श्रुति एवं धर्मशास्त्रहरूमा वर्णित विधान अनुसार शासन गर्दथे । ऋग्वेद १०–१३४–७ ऋचामा सम्राट् मान्धाताले श्रुतिको विधानलाई पालना गर्ने कुरा वोलेको तथ्य वर्णित छ। "मन्त्रश्रुत्यं चरामसि।" राजा मानदेव श्रुति एवं धर्मशास्त्रहरूमा वर्णित विधान अनुसार शासन गर्दथे भन्ने कुरा वर्णित हुनु श्रौ महाराजाधिराज श्रीअंशुवर्मा रात दिन अनेक शास्त्रवारे छलफल गरिरहने हुँदा खराब दृष्टिकोण नभइसकेकोले न्यायिक वन्दोवस्त गर्नुमै ठूलो उत्सव सम्झने भन्ने कुरा उल्लेख भएकोले पनि तत्समय राजाहरू पूज्य महानतम मनीषिहरूद्वारा निर्मित विधान अनुसार नै शासन गरी लोककल्याणकारी कार्यमै सदा जागरूक रहन्थे भन्ने कुराको स्पष्ट संकेत

मिल्दछ । सुजनको रक्षा गरी दुर्जनको दमन गर्नेलाई नै देवता मानिने हुँदा लोकलाई कल्याण प्रदान गर्ने राजाहरू पनि देवताको रूपमा मानिएको हुनु धेरै सम्भव छ ।

उत्तरप्राचीनकालपछि मध्यकाल र वर्तमानकालमा पनि राजमुकुट-लाई राष्ट्रको एकताको प्रतीकको रूपमा लिइएर नेपाली संस्कृतिको परम्परामा राजालाई देववत् मानिँदै आएको पाइन्छ । पचली भैरवको वाह्र वर्षे जात्राको अवसरमा पचली भैरव श्री राजाको वीच खड्ग साटासाट गर्ने परम्परामा उक्त कुरोको स्पष्ट झझल्को भेट्टिन्छ । यसको अतिरिक्त नेपालका प्रायशः सांस्कृतिक यात्रा पर्वहरूको अवसरमा सो यात्रा राज-प्रासादमा पनि लगिनु पर्ने परम्परामा उपर्युक्त कुरोको पुष्टिलाई सघाउ पुऱ्याएको छ ।

यस समयका राजाहरू जनताको सुख–दुःखमा सदा चिन्तित रहन्थे । काठमाण्डूका कर्णाट राजा महेन्द्र मल्ल आफ्नो राजप्रासादको झ्यालबाट विहान, वेलुका दुनियाँको घर-घरमा चुल्हो बलेको छ, छैन भनी आफैं हेर्दथे । दुनियाँको सुख दुःखका समुचित विचार गरी तिनीहरूको भलाइको लागि जयस्थिति मल्लले चौधौं शताब्दी ई. मा देशको सर्वाङ्गीण विकासको लागि सुधारकार्यहरू गरी देशलाई समृद्धशाली गराए अनुरूप महेन्द्र मल्लले पनि अनेकौं सुधारकार्यहरूद्वारा दुनियाँको भलाई गरेका थिए । गोरखामा राजा रामशाहले पनि दुनियाँको भलाइको लागि अनेकौं सुधारकार्यहरू गरे । श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहद्वारा उपदिष्ट उपदेशहरूको संकलन भएको दिव्योपदेशको अध्ययनमा यस कुरोको स्पष्ट झझल्को भेट्टिन्छ ।

"राजा राम साहले वाध्याको थिति पनि हेरि सके राजा जयस्थिति मल्लले वाध्याको थिति पनि हेरिसके राजा महिन्द्र मल्लले वाध्याको थिति पनि हेरिसके. इस्वरले दियो भन्या म पनि यस्ता बन्देजको वाह्र हजारको थीती वांधि जाला भन्या अवीलाषा थीयो." दिव्योपदेशको उपर्युक्त उल्लेख-बाट श्री ५ बडामहाराजाधिराज सरकारको लोकहितैषी प्रकृतिको स्पष्ट

जानकारी मिल्दछ । श्री ५ पृथ्वीनारायण शाह दुनियाँलाई राजाका ढुकुटी समान मान्दथे । प्रजाको हित तथा देशको उन्नतिको लागि यिनले स्वदेशी उद्योगको विकासमा बढावा दिई एकीकृत हिन्दू राज्यको निर्माण गर्ने आफ्नो चिर आकांक्षालाई राजनैतिक दृष्टिले मात्र सफलिभूत नपारी आर्थिक दृष्टिले पनि समृद्धशाली गराउने कार्यमा नेतृत्व प्रदान गरे ।

उपर्युक्त सबै आधारहरूबाट नेपालको संस्कृतिमा राजसत्ताको महत्व-पूर्ण स्थान एवं भूमिका भएको कुरा चाल पाइन्छ । यहाँको संस्कृतिमा राजसत्ताको उल्लेखनीय स्थान रहेसरी साँस्कृतिक विकासमा यहाँका राजाहरूले पनि ठूलो भूमिका खेलेका छन् । हिजो आज यहाँ देखिएका जत्ति पनि साँस्कृतिक नाचगानहरू छन् तिनीहरूको उद्भव मध्यकालमै भएको थियो । जसको विकासमा वर्तमानकालका नेपालका राजाहरूले पनि महत्त्वपूर्ण भूमिका अदा गरे । बडामहाराजाधिराज श्री ५ पृथ्वीनारायण-ले नेपालमा विदेशी नाचगानहरूको प्रवेशबाट नेपालको आफ्नै स्वदेशी नाचगानहरूको विकासमा अवरोध पुग्न सक्ने सम्भावित खतरालाई बुझेर पनि दुनियाँलाई स्वदेशी नाचगानहरू नै हेर्ने सल्लाह दिएको देखिन्छ । श्री ५ पृथ्वीको यस उपदेशलाई पछिका राजाहरूले पनि हृदयंगम गर्दै आएका छन् । यहीन कारण छ आजसम्म पनि नेपालको साँस्कृतिक परम्परामा राजा एवं राजसत्ताको महत्वपूर्ण स्थान रहन गएको छ ।

श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको अनन्तर शाहवंशी राजाहरूमा राष्ट्रपिता श्री ५ त्रिभुवन, श्री ५ महेन्द्र तथा वर्तमान महाराजा-धिराज श्री ५ वीरेन्द्रका नाम उल्लेख्य छन् । बाल्यकालदेखि नै श्री ५ त्रिभुवन जनताको हितलाई नै सर्वोपरि विचारी जनता एवं देशको भलाइको लागि सदा दत्तचित्त होइबक्सन्थ्यो । "म केही दिनको निमित्त नेपालबाट टाढा भए तापनि मेरो यो मातृभूमि तथा मेरा प्यारा प्रजाहरूको सम्झना मेरो दिलमा रहि नै रहनेछ । म हर समय, हर बखत, हर अवस्थामा यो कामना गरिरहने छु–मेरो प्यारो देश तथा प्रजा फलून्–फुलून् ।" देशको लागि अभिशाप भइराखेको सती एवं दास प्रथाको उन्मूलन श्री ५ त्रिभुवनकै

राजत्वकालमा भएको थियो। जसको कारण दुनियाँले एक ठूलो अभिशापबाट मुक्त भई स्वतन्त्र रूपले विचरण गर्ने सौभाग्य पाएको थियो । उपर्युक्त तथ्यहरूको परिप्रेक्षमा श्री ५ त्रिभुवनको नेतृत्वमा नेपाली जनताले गरेको २००७ सालको असाधारण क्रान्तिलाई लिन सकिन्छ । जनताले रुचाएको व्यवस्थालाई नै सर्वोपरि विचारी जनप्रिय व्यक्तित्वहरुबाटै देशको शासन सञ्चालन गराउने सदिच्छा मौसूफ सरकारको थियो । फलस्वरूप उक्त क्रान्तिले नेपालमा प्रजातन्त्रको सूत्रपात गर्‍यो–प्रजाको लागि प्रजाकै शासन।

श्री ५ त्रिभुवनको स्वर्गारोहणपछि मौसूफका सुयोग्य पुत्र श्री ५ महेन्द्रको उदय भयो । मौसूफ सरकारले पनि देश एवं जनताको भलाइ गर्ने दिशामा ठूलो योगदान पुर्‍याइबक्सियो । नेपालका सम्पूर्ण देशवासीहरू चाहे तिनीहरू कुनै पनि भापा-भापी तथा जातिका किन नहोउन्, लाई एक समान मानेर मौसूफ सरकारबाट श्री ५ सुरेन्द्रको समयदेखि लागू हुँदै आएको मुलुकी ऐनमा संशोधन साथ नयाँ मुलुकी ऐन देशमा लागू गरिबक्स्यो। भाषा, संस्कृति एवं साहित्यको अभिवृद्धिको लागि मौसूफबाट मुलुकमा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको संस्थापन गरिबक्सेर संस्कृतिको उत्थानमा महत्वपूर्ण योगदान दिइबक्स्यो । नेपाली संस्कृतिको उत्थान गर्ने परिप्रेक्षमा मौसूफको उद्गारलाई यसरी लिन सकिन्छ ।

अर्को, मौसूफ सरकारबाट नेपाल एवं नेपाली जनताको भलाइको लागि संसदीय प्रजातन्त्रको बदला पञ्चायत व्यवस्थालाई लागू गरी देशलाई विकास पथमा अग्रसर गराउने अभियान चालिबक्सेको थियो। जुन व्यवस्था अहिले पनि नेपालमा कायमै छ।

श्री ५ महेन्द्रको स्वर्गारोहणपछि वर्तमान श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देव सरकारबाट राज्यासनमा अवस्थित भएको लगत्तै नेपाली जनताको सुख–दु:खको सम्पूर्ण जिम्मेवारी आफूमै ग्रहण गरिबक्सी नेपाली जनतालाई विकासको नारा बक्सेर लोकहितको कार्यमा सतत जागरूक भई लागिबक्सनुको साथै शान्तिविना विकास असम्भव-प्राय: भएको कुरा महसूस गरी देशलाई शान्तिक्षेत्र घोपणा गरिबक्स्यो ।

नेपाली संस्कृतिको उत्थानमा संलग्न रहने विद्वानहरूको कदर गर्ने प्रक्रियामा मौसूफ सरकारबाट पुरस्कारहरूको रकम बढाई दिइबक्सेर यस क्षेत्रमा संलग्न भएकाहरूको गौरव बढाइबक्सेको छ । समय-समयमा आयोजना गरिएका कला एवं संस्कृतिसम्बन्धी कार्यक्रमहरूमा मौसूफबाट स्वयं अभिरुचिका साथ भाग लिइबक्सेर यस क्षेत्रका विशेषज्ञहरूलाई ठूलो हौसला बढाइबक्सेको छ ।

यसको अतिरिक्त कुनै पनि व्यवस्था जतिसुकै पावन भए तापनि त्यसमा परिस्थितिजन्य जनआस्था कतिसम्म छ त्यसको राम्रो नापो लिइसकेपछि मात्र सो अनुरूप त्यसलाई मूर्तरूप दिनु पर्ने यथार्थतालाई हृदयंगम गरिबक्सी श्री ५ बाट आजको परिस्थितिमा नेपाललाई पञ्चायती व्यवस्था नै ठीक छ वा बहुदलीय व्यवस्था भन्नेबारे जनताको राय चाहिबक्सेको छ । किनभने राष्ट्रलाई दिशाबोध गराउने जिम्मा जनताकै काँधमा अडेको छ भन्ने हाम्रो साँस्कृतिक मान्यतामा श्री ५ विश्वस्त होइबक्सिन्छ । यसैले आज हामी सम्पूर्ण नेपालीहरू श्री ५ महाराजाधिराज सरकारको सदिच्छा बमोजिम सरकारको आह्वानलाई साकार पार्ने कार्यमा कटिबद्ध हुनुपरेको छ । जसबाट मात्र देशमा सुनौला बिहानीको प्रादुर्भाव भई दुनियाँले सानन्दको अनुभव गर्नेछन् ।

श्री ५ वीरेन्द्रको सुशासनकालमा अन्तर्राष्ट्रिय जगतमा पनि नेपालको ख्याति बढ्दै गइरहेको छ । छिमेकी मुलुकहरूसँगको सम्बन्ध घनिष्टतम् भएको छ भने विश्वका अन्य मुलुकहरूसंगको मैत्री सम्बन्धमा पनि वृद्धि हुँदै गइरहेको छ । श्री ५ बाट मौसूफको शुभराज्याभिषेकको उपलक्ष्यमा नेपाललाई "शान्ति क्षेत्र" घोषित गरियोस् भनी राखिबक्सेको प्रस्तावमा बढ्दो रूपमा मित्रराष्ट्रहरूको समर्थन प्राप्त हुँदै गइरहेको छ । अन्तर्राष्ट्रिय सभा सम्मेलनहरूमा मौसूफबाट बक्सेका सम्बोधनमा हामी नेपालको असंलग्न परराष्ट्र नीतिको परिचय मात्र होइन, नेपाल र तेस्रो विश्वका धेरैजसो मुलुकहरूको वास्तविक चाहना र मर्म बोलिरहेको पाउँछौं । नेपालको परराष्ट्रनीतिमा शान्ति, सुरक्षा र देशको चौतर्फी विकासप्रति

रहेको हाम्रो चाहना स्पष्ट रूपमा झल्कन्छ । शान्तिक्षेत्रको प्रस्तावले शान्तिपूर्ण वातावरणमा विकास गर्ने हाम्रो चाहनालाई अझ प्रष्ट पारेको छ।

छोटकरीमा भन्ने हो भने श्री ५ वीरेन्द्रको राज्यारोहण पछि नेपालमा चौतर्फी विकासको युग शुरू भएको छ । आर्थिक, सामाजिक, राजनैतिक क्षेत्रहरूमा समय सुहाउँदा सुधारहरू भएका छन् । अशिक्षा र पछौटेपनको मुकाविला गर्दै देशका दुर्गम भेगका बासिन्दाहरू पनि विकासको वाटोमा अघि वढ्न थालेका छन् । राजकीय सुख सुविधाको परवाह नराखिवक्सी जाडो गर्मी, घामपानी केही नभनी आफ्ना प्यारा प्रजाको पीर मर्का वुझी तिनलाई हटाउन जनताको दैलो दैलोमा सवारी होइवक्सने यस्ता प्रतापी प्रजाप्रेमी राजाको नेतृत्वमा हामी सवै एकजूट भई नेपाल र नेपालीका चौतर्फी विकास गर्ने काममा तन, मन, धनले लागौं, राजालाई सहयोग पुऱ्याऔं, आजको समयको माग पनि यही हो ।

उपसंहार

हाम्रो नेपालको संस्कृतिको अध्ययन गर्दा प्राचीनकालदेखि नै नेपाली जनजीवनको सर्वाङ्गीण क्षेत्रमा वैदिक-पौराणिक संस्कृतिद्वारा अनुप्राणित संस्कृतिको अमिट छाप पर्दै आएको कुरा स्वीकार्य लाग्दछ। हाम्रो वैयक्तिक एवं राष्ट्रिय चरित्रमा पाइएका संयम, त्याग तथा अप्रमाद प्रतिको अनुराग श्री देश एवं दुनियाँको भलाइलाई नै सर्वोपरि सम्झी निष्काम भावले कर्तव्यपथमा लम्कने प्रवृत्तिमा भगवान् श्रीराम तथा भगवान् श्रीकृष्णका उदात्त चरित्रहरूको प्रभाव स्पष्टरूपले दृष्टिगत हुन्छ । रामराज्यको सपनालाई तिनीहरू हृदयको अन्तस्करणदेखि नै साकार बनाउन चाहन्थे । पौराणिक संस्कृतिप्रतिको तिनीहरूको यस अनुरागमा पौराणिक संस्कृतिको नेपाली जनमानसमा परेको छाप स्पष्ट हुन्छ ।

नेपाली संस्कृतिको सर्वप्रथम विशेषता त्यसको लचिलोपन नै छ । वाह्य रूपले हेर्दा हाम्रो धर्म एवं संस्कृतिका नियमहरू ज्यादै कठोर लागे तापनि तिनीहरू व्यावहारिकतामा आधारित हुँदा परिस्थिति अनुसार तिनमा प्रशस्त लचिलोपन पाइएका छन् । अन्य अवसरमा कुनै कुरो नाघेमा त्यो अपवित्र मानिने भए तापनि भोजको समय त्यो नियम लागू नहुने श्री रछानलाई सागर समान मानेर त्यसमा खसेको कुरो लिएमा चोखो नै मानिने हाम्रो परम्परामा उपर्युक्त कुरोको पुष्टि नै भएको लाग्दछ। रछानलाई नेपाल भाषामा सा: गा: भनिने श्री सा: गा: शव्दको व्युत्पत्ति सागर शव्दबाटै भएको हुँदा पनि उक्त तथ्यलाई बुझ्न सुगम भएको छ ।

नेपाली संस्कृतिको एक प्रमुख अंगको रूपमा नेपालका विभिन्न चाडपर्वहरूलाई पनि लिइएका छन् । ती चाडपर्वहरूमा सम्पूर्ण नेपालीहरू खुल्ला हृदयले मेलोमतो गरी भाग लिने हुँदा नेपालको साँस्कृतिक एकताको साथै राजनैतिक एकतामा त्यसले महत्वपूर्ण योगदान पुऱ्याएको छ।

यूनानको ओलम्पी पर्वतमा हुने विभिन्न खेलकूदहरूमा यूनानका सम्पूर्ण नागरिकहरू ठूलो उत्साहले भाग लिने हुँदा यूनानको साँस्कृतिक एकता मजबूत भए जस्तै नेपालको साँस्कृतिक एकतामा उपर्युक्त चाडपर्वहरूले महत्वपूर्ण भूमिका ओगटेका थिए। भक्तपुरको विस्केट जात्राको चाडमा काठमाण्डू, ललितपुरका नागरिकहरूको ओइरो लाग्दथ्यो भने काठमाण्डूमा हुने इन्द्रजात्रा चाडमा ललितपुर तथा भक्तपुरका नागरिकहरूको घुइँचो रहन्थ्यो। त्यस्तै ललितपुरका मत्स्येन्द्र जात्रा, भोटो जात्रामा भक्तपुर र काठमाण्डूका नागरिकहरूले खुला दिलले भाग लिन्थे। भोटो जात्रालाई तीन त्रिभुवनकै जात्राको पनि संज्ञा दिइन्छ। यसरी नेपालका विभिन्न चाडपर्वहरूको साँस्कृतिक, राजनैतिक, ऐतिहासिक महत्व रहेको कुरा सुस्पष्ट हुन्छ।

नेपाल प्राचीनकालदेखि नै धर्मपरायण मुलुक भएकोले यहाँ अनेकौं मन्दिर, विहारहरूको निर्माण हुनुको साथै ती देवी देवताहरूसित सम्बन्धित विभिन्न चाडपर्वहरूको पनि विकास भएको थियो। मन्दिर, विहारहरूको यहाँ संग संगै विकास भएकोले अन्य क्षेत्रहरूको अतिरिक्त धार्मिक क्षेत्रमा पनि सहिष्णुताको मनोवैज्ञानिक प्रभाव यहाँका मानिसहरूमा परेको थियो। यहाँका बौद्धमार्गीहरू हिन्दू देवी देवताहरूको विभिन्न नामले पनि पूजा उपासना गर्दछन् भने हिन्दूहरू पनि बौद्ध देवी देवताहरूको पूजा आराधनामा तल्लीन रहन्छन्। हिन्दूहरू बुद्धलाई भगवान् विष्णुका दशावतार मध्येका नवौं अवतारको रूपमा मान्छन् भने बौद्धहरू हिन्दू वैष्णवहरूका परमदेव चाँगुनारायणलाई हरिहरिवाहन लोकेश्वरको रूपमा आराधना गर्दछन्। बौद्धहरू भगवान् पशुपतिनाथ र बुद्धलाई अभिन्न मानेर एउटै स्वीकार्छन्। संग हिआङ्ग कामह्यूनिकन नामक बौद्ध ग्रन्थमा शिव र बुद्धलाई एउटै मानेको छ। मुखो अष्टमीको दिन भगवान् पशुपतिनाथलाई बुद्धको मुकुट पहिराउने चलन पाइएकोलाई यहाँ उदाहरणको रूपमा लिइन्छ। कतिपय बौद्ध चैत्यहरूमा पनि शिवलिङ्गहरूमा पाइने योनीरूप जलद्रोणीको प्रयोग गरिएको छ जसबाट बौद्धहरूमा हिन्दू शैवधर्मको प्रभाव स्पष्ट दृष्टिगत हुन्छ।

विभिन्न धर्मावलम्वीहरू बीच कुनै प्रकारको झैझगडा नहोस् भन्नाखातिर नेपालमा प्राचीनकालदेखि नै चिन्तनशील व्यक्तिहरूले सोच्न लागेका थिए । तिनीहरू सबै धर्म एउटै परमात्मामा पुग्ने सोपान सम्झन्थे । यही नै वैदिक-पौराणिक दर्शनको प्रभावस्वरूप यहाँ विष्णु, शिव, बुद्ध आदिलाई एउटै परमात्मा सम्झने प्रवृत्तिको कारण धार्मिक सहिष्णुताको समुचित वातावरण सिर्जिएको थियो । बुढानीलकण्ठलाई हरिशङ्करको एउटै स्वरूप मानिएकोलाई यहाँ यसै तथ्यको परिप्रेक्ष्यमा लिन सकिन्छ ।

नेपालका महान् विभूतिहरूमध्ये भगवान् बुद्ध र सीता पनि लिइएका छन् । सीता र भगवान् बुद्ध दुवैले नेपाल एवं भारताकाशमा हाम्रो संस्कृतिको सम्वर्द्धनमा महत्वपूर्ण योगदान गरेका छन् । सीताको चरित्र आदर्श कन्या, आदर्श पत्नी, तथा आदर्श माताको रूपमा अत्यन्त मर्यादित, हृदयस्पर्शी, पवित्र एवं वन्दनीय रहेको छ । यसैले तिनी नेपाली एवं भारतीय नारीहरूका लागि आदर्श स्वरूपिणी छिन् । भगवान् बुद्ध शान्ति सन्देशद्वारा शोकमय अशान्त विश्वलाई अशोकको साम्राज्यमा परिणत गर्न चाहन्थे । जसको कारण उनी महामानव भई नेपालकै हैन, विश्ववन्द्य हुन पुगेको छ ।

उपर्युक्त सबै आधारहरूबाट वैदिक–पौराणिक संस्कृतिमा आधारित हाम्रो संस्कृति यथार्थतालाई अंगाल्ने व्यवहारमूलक भएको कुरा चाल पाइन्छ । "बाँच र बाँच्न देउ" हाम्रो धर्म एवं संस्कृतिको आधारशिला रहेको छ । यसै शिक्षाको कारण हाम्रो संस्कृति महावृक्ष समान् भई झाङ्गिएर यसको छाहारीमुनि मानिसहरूले आ-आफ्नो स्वतन्त्र चिन्तन मननद्वारा ज्ञानका नयाँ नयाँ ढोका उघारी अज्ञानान्धकारको बीच ज्ञानालोकलाई फिंजाएका थिए । अशान्तिको मूलकारण यथार्थतः "तिमी र म" को भावनामै अवस्थित हुँदा "तिमी र म" को ठाउँमा "हामी" भन्ने नारा यसले विश्वलाई दिएको छ । यसैले हाम्रो यस संस्कृतिलाई हामीले जगेर्ना गर्न सक्नु परेको छ, हाम्रो साथै मनुष्य मात्रको कल्याणको लागि ।

"यूयं वयं वयं यूयमित्यासिमतिरावयोः
किं जातमधुना येन यूयं यूयं वयं वयम् ॥"

[illegible]

मुद्रकः– साझा प्रकाशनको छापाखाना पुलचोक ललितपुर